साउन – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क ८ | २०७६, साउन १६-३२ | पूर्णाङ्क ६५०



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरुबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १२ |
| इजलास नं. १ | ३ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | १६ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ६ |
| इजलास नं. ९ | १० |
| जम्मा | ७१ |

| | |
|---|---|
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | ५ |
| इजलास नं. १२ | ४ |
| इजलास नं. १३ | ३ |
| इजलास नं. १५ | ३ |
| इजलास नं. १६ | २ |
| इजलास नं. १७ | ५ |
| एकल इजलास | १ |
| जम्मा | २७ |

कूल जम्मा ७१ + २७ = ९८

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **<u>www.nkp.gov.np</u>** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **<u>शब्दबाट फैसला खोज्नुहोस्</u>** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **<u>वृहत् खोज</u>** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **<u>नेकाप प्रत्येक वर्ष</u>** र **<u>हाम्रो बारेमा</u>** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, साउन – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

**सूचना**

सर्वोच्च अदलतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६ पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - १२** |
| १. | उत्प्रेषण | भिखनी देवी भुसकुलिया वि. रामप्यारी देवीसमेत | १ |
| २. | जबरजस्ती करणी | दामोदर खतिवडा वि. नेपाल सरकार | २ |
| ३. | जबरजस्ती करणी | सुनिल लामिछाने वि. नेपाल सरकार | ३ |
| ४. | परमादेश | महेश थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ४ |
| ५. | परमादेश | डा. भिम आचार्य वि. कल्पना सुनुवारसमेत | ५ |
| ६. | प्रतिबन्धित पाटेबाघको सिकार गरी छाला र हड्डी (आखेटोप हार) आफू साथ राखी चोरी निकासी गरेको | नेपाल सरकार वि. पेम्बा छेवाङ लामासमेत | ६ |
| ७. | उत्प्रेषण | चतुर्भुज पाण्डेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ८ |
| ८. | निषेधाज्ञा | ललिता यादव वि. वीर अस्पताल, महाबौद्धसमेत | ९ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेश वि.क.सुनार | ९ |
| १०. | उत्प्रेषण / परमादेश | रामकुमार साह वि. रामकली देवीसमेत | ९ |
| ११. | कर्तव्य ज्यान | सागर राई वि. नेपाल सरकार | ११ |
| **इजलास नं. १** | | | **१२ - १४** |
| १२. | जग्गा खिचोला मेटाई पर्खाल गुहाली हटाई चलन | उर्मिला काफ्ले वि. मच्छुकुमारी भट्टराई | १२ |
| १३. | बन्दी प्रत्यक्षीकरण | धनमाया भट्टराई (दंगाल) वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १२ |
| १४. | बन्दी प्रत्यक्षीकरण | निशा खड्का वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १३ |
| **इजलास नं. २** | | | **१४ - १७** |
| १५. | सरकारी छाप दस्तखत किर्ते | तुफेल पठान वि. नेपाल सरकार | १४ |
| १६. | निषेधाज्ञा / परमादेश | अर्जुनकुमार कार्की वि. विजयकुमार घिमिरे | १५ |

| | | | |
|---|---|---|---|
| १७. | निषेधाज्ञा | जनकलाल पुरवार वि. राजेन्द्र पुरवारसमेत | १६ |
| १८. | निषेधाज्ञा | ज्ञानबहादुर महर्जन वि. बद्री तामाङ | १६ |
| **इजलास नं. ३** | | | **१७ - २१** |
| १९. | हक कायम मिलापत्र बदर | नेजामुदिन मंसुरीसमेत वि. सलाउदिन मियासमेत | १७ |
| २०. | नक्सा रोक्का | सत्यमाया त्यात वि. कृष्णराम प्रसाद लागे | १८ |
| २१. | लागु औषध ब्राउन सुगर | कसिम मियाँ हवारी वि. नेपाल सरकार | १८ |
| २२. | कर्तव्य ज्यान | ओमप्रसाद श्रेष्ठ वि. नेपाल सरकार | १९ |
| २३. | उत्प्रेषण | शुभनारायण पाठक वि. पूर्वाञ्चल विश्वविद्यालयका कुलपति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २० |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिलबहादुर वि.क. | २० |
| **इजलास नं. ४** | | | **२१ - २९** |
| २५. | उत्प्रेषण | मोहनराज भट्ट वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत | २१ |
| २६. | परमादेश | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, भद्रकाली प्लाजासमेत वि. सूर्यप्रसाद अर्यालसमेत | २२ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जीवन प्रजासमेत | २३ |
| २८. | जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ | रामबहादुर श्रेष्ठ वि. गोवर्धन भुषा श्रेष्ठ | २३ |
| २९. | अपुताली हक कायम नामसारी | खेहरू यादव वि. दुलारी देवीसमेत | २४ |
| ३०. | अंश दर्ता मिलापत्र बदर | शिवनारायण यादव वि. विशेश्वर यादवसमेत | २५ |
| ३१. | उत्प्रेषण / परमादेश | ज्ञानेन्द्रराज ढकाल वि. राहुल साह | २६ |
| ३२. | उत्प्रेषण / परमादेश | शैलेश खनाल वि. ऋण असुली न्यायाधिकरण, कमलपोखरिसमेत | २७ |
| ३३. | निषेधाज्ञा | योगेन्द्रप्रसाद मण्डल वि. देवकुमारी खड्गी | २७ |
| ३४. | निषेधाज्ञा | माधवप्रसाद देवकोटा वि. पुष्पा रानी चौधरी | २८ |
| **इजलास नं. ५** | | | **२९ - ३३** |
| ३५. | निषेधाज्ञा | रूपा खड्का वि. गणेश डाँडासमेत | २९ |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अनु बुढामगरसमेत | २९ |
| ३७. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सुफल हेमरम सतार | ३० |
| ३८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामदेव राय | ३२ |

| | | | |
|---|---|---|---|
| ३९. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. चाडी पाडेया | ३२ |
| **इजलास नं. ६** | | | **३३ - ३६** |
| ४०. | उत्प्रेषण | सानुमाया ताम्राकार वि. मधुकर न्याछ्योसमेत | ३३ |
| ४१. | छुट जग्गा दर्ता नामसारी | विकास श्रेष्ठ वि. किशोरमान श्रेष्ठ | ३४ |
| ४२. | जबरजस्ती करणी | नेपाल सरकार वि. सरोज चौधरीसमेत | ३५ |
| ४३. | कर्तव्य ज्यान | राजु दमाई परियार वि. नेपाल सरकार | ३६ |
| **इजलास नं. ७** | | | **३६ - ४०** |
| ४४. | सामूहिक जबरजस्ती करणी | विष्णुकुमार खापुङसमेत वि. नेपाल सरकार | ३६ |
| ४५. | उत्प्रेषण | राधेश्याम कार्की वि. शिवबहादुर बस्नेतसमेत | ३७ |
| ४६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नविनकुमार राई | ३९ |
| **इजलास नं. ८** | | | **४१ - ४५** |
| ४७. | लागु ओषध खैरो हेरोइन | नेपाल सरकार वि. मनोज देउला | ४१ |
| ४८. | अदालतको अवहेलना | अमितवीर पाण्डे वि. युवा तथा खेलकुद मन्त्रालय, काठमाडौंसमेत | ४२ |
| ४९. | लागु औषध गाँजा | आनन्दमोहन भटराई वि. राजु वाइबा | ४२ |
| ५०. | वैदेशिक रोजगार कसुर | आनन्दमोहन भटराई वि. राजु वाइबा | ४३ |
| ५१. | बन्दी प्रत्यक्षीकरण | टेकबहादुर के.सी. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ४४ |
| ५२. | हक कायम निर्णय दर्ता बदर | श्रीमती शोभा कहानी वि. गौरी कहार | ४४ |
| **इजलास नं. ९** | | | **४५ - ४८** |
| ५३. | लखत बदर | रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मा | ४५ |
| ५४. | हातहतियार खरखजाना | नेपाल सिरकार वि. मोहम्मद सनम शेख मियाँ | ४६ |
| ५५. | वन पैदावार हानि नोक्सानी तथा चोरी निकासी | नेपाल सरकार वि. हेमबहादुर राईसमेत | ४७ |
| ५६. | लागु औषध (डाइजेपाम समेत) | नेपाल सिरकार वि. गोपी गुरूङसमेत | ४८ |
| **इजलास नं. १०** | | | **४८ - ५०** |
| ५७. | कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. बसन्त नेपाली | ४८ |
| ५८. | उत्प्रेषण / परमादेश | नरेशराज अर्याल वि. एन. आई. डि. सी. डेभलपमेन्ट बैंक लि. समेत | ४९ |
| **इजलास नं. ११** | | | **५० - ५४** |
| ५९. | सर्जमिन सिफारिस बदरसमेत | मायादेवी बाहुनसमेत वि. हेमराज अहिर | ५० |

| | | | |
|---|---|---|---|
| ६०. | उत्प्रेषण | मनिषकुमार साह वि. गृह मन्त्रालय, सिंहदरबार | ५१ |
| ६१. | उत्प्रेषण | शोभित सिंह गुप्ता वि. गृह मन्त्रालय, सिंहदरबार | ५२ |
| ६२. | उत्प्रेषण | सपना कार्कीसमेत वि. जिल्ला प्रशासन कार्यालय, मकवानपुरसमेत | ५३ |
| ६३. | बन्दी प्रत्यक्षीकरण | पासाङ लक्की शेर्पा वि. रूकमाया राई (जाहेरवाली) समेत | ५३ |
| **इजलास नं. १२** | | | **५४ - ५७** |
| ६४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जसकुमार राई | ५४ |
| ६५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. यामबहादुर विश्वकर्मा | ५५ |
| ६६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. टेकबहादुर दर्जी परियार | ५६ |
| **इजलास नं. १३** | | | **५८ - ६१** |
| ६७. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. रामशरण घले | ५८ |
| ६८. | कर्तव्य ज्यान | तुलसीदेवी सुनारसमेत वि. नेपाल सरकार | ५९ |

| | | | |
|---|---|---|---|
| ६९. | बन्दी प्रत्यक्षीकरण | छविलाल श्रेष्ठ वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ६१ |
| **इजलास नं. १५** | | | **६२ - ६३** |
| ७०. | साधारण चोरी | रामबहादुर कार्की वि. नेपाल सरकार | ६२ |
| ७१. | हातहतियार खरखजाना | दिपक ठाकुर वि. नेपाल सरकार | ६२ |
| ७२. | लागु औषध (ब्राउन सुगर) | सिजाली मगर वि. नेपाल सरकार | ६३ |
| **इजलास नं. १६** | | | **६३ - ६७** |
| ७३. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. नागेश्वर मण्डल | ६३ |
| ७४. | परमादेश, प्रतिषेध, उत्प्रेषण | बालजी पाण्डेयसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | ६४ |
| **इजलास नं. १७** | | | **६७ - ६८** |
| ७५. | कम्पनीको सम्पत्ति हानि नोक्सानी गरी खाई मासेको | नजमुलहोदा अन्सारी वि. कमरूलहोदा अन्सारिसमेत | ६७ |
| **एकल इजलास** | | | **६८** |
| ७६. | उत्प्रेषण / परमादेश | दीपक सिंह वि. दिनेश सिंहसमेत | ६८ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-WO-०५७५, उत्प्रेषण, *भिखनी देवी भुसकुलिया वि. रामप्यारी देवीसमेत*

वादी निवेदिका भिखनी देवी भुसकुलिया र प्रतिवादी विपक्षी विल्टु यादव भई धनुषा जिल्ला अदालतमा चलेको दु.फौ.नं.०३६३ को लुटपिट मुद्दामा वादीले प्रतिवादीबाट रू.२३८८०।- भरी पाउने ठहरी मिति २०६८।८।१ मा फैसला भएको पाइयो । उक्त बिगो भरी भराउका लागि निवेदिकाले प्रतिवादीको श्रीमती विपक्षी रामप्यारी देवीका नाउँ दर्ताको कि.नं.३९१ को क्षेत्रफल ०-१-११ मध्ये उत्तरतर्फबाट ०-१-० जग्गा २०७०।१।१० मा लिलाम सकार गरी मिति २०७०।३।१४ को दा.खा. चलानी पुँजीअनुसार कि.नं.१५४६ कायम भई निवेदिकाको नाउँमा कायम भएको देखियो । सो जग्गा निवेदिकाले मिति २०७०।४।१४ मा जगदिश कौडियालाई राजीनामाको लिखत गरी बिक्री गरिसकेको पाइने ।

निवेदिकाले लुटपिट मुद्दाबाट भरी पाउने ठहरेको बिगो रू.२३,८८०।- प्रतिवादी विल्टु यादवले पुनरावेदन अदालत जनकपुरको आदेशानुसार धनुषा जिल्ला अदालतमा दाखिला गरिसकेको भन्ने देखिन आउँछ । अदालतको फैसलाले कायम भएको बिगो लिन पाउने व्यक्तिको अधिकार बिगो प्राप्त गर्ने हदसम्मको हो । प्रतिवादीले नगदै दाखिला गरेको अवस्थामा नगद होइन लिलाम भएको अचल सम्पत्ति जग्गा जमिन नै पाउँ भनी दाबी गर्ने अधिकार वादी धनीलाई हुँदैन । प्रतिवादीले बिगो नगदै नबुझाएमा मात्र कानूनबमोजिम जेथा लिलाम गरी लिन पाउने हो । बिगोसम्बन्धी कारबाहीमा ऋणीको जेथाको दाबी गर्ने वादीको अधिकार दोस्रो हो । कारबाहीका क्रममा ऋणीले नगदै दाखिला गरेको अवस्थामा जेथा लिलाम गरी लिने अधिकार वादी धनीमा सिर्जना नै हुन नसक्ने ।

लिलाम सम्बन्धमा कानूनबमोजिम उजुरी सुन्न पाउने साधिकार निकाय पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।३।२४ मा धनुषा जिल्ला अदालतको मिति २०७०।३।७ को आदेश बदर भएको अवस्था छ । धनुषा जिल्ला अदालतबाट मिति २०७०।१।१० मा भएको लिलामउपर तहतह निवेदन परी उजुरी सुन्ने निकाय पुनरावेदन अदालतबाट कानूनअनुरूप निकासा नहुँदै निवेदिकाले आफ्नो नाउँमा कायम भएको कि.नं.१५४६ को जग्गा राजीनामा गरी हक हस्तान्तरण गरेको कार्य आफैँमा अनुचित र सन्देहात्मक रहेको देखिँदा त्यस्तो काम कारबाहीलाई उचित मान्न नमिल्ने ।

तसर्थ, पुनरावेदन अदालत जनकपुरको मिति २०७२।३।२४ को आदेशानुसार भरी भराउ हुने बिगो लुटपिट मुद्दाको प्रतिवादीबाट धनुषा जिल्ला अदालतमा जम्मा भएको अवस्थामा विपक्षी रामप्यारी देवीले बकसपत्रको लिखतबाट प्राप्त गरेको कि.नं.३९१ को जग्गा नै डाँक लिलाममा चढाई लिलामबाट कायम कि.नं.१५४६ को ०-१-० जग्गा निवेदिकाले अन्यत्र राजीनामा गरी हक हस्तान्तरण गरेको भन्ने आधारमा मुलुकी ऐन, अ.बं.१७ नं. अनुरूप पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।३।२४ मा भएको आदेशको वैधतामा प्रश्न उठाउन नमिल्ने हुँदा निवेदिकाको मागअनुरूपको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७२-WO-०८२२, उत्प्रेषण / परमादेश, *जगदीश कौडिया वि. रामप्यारी*

*देवीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-१२१६, जबरजस्ती करणी, *दामोदर खतिवडा वि. नेपाल सरकार*

उतैतिर बिहेवारी गरौंला भन्ने आश्वासन दिई मिति २०७०।१२।२३ गते ककनी गेष्ट हाउस पुर्‍याई कोठा नं.३ मा राखी रातको २२ बजेको समयमा जबरजस्ती करणी गरेको हो । भोलिपल्ट निजले मलाई काठमाडौं पुर्‍याई अलपत्र छोडेको भन्ने पीडित स्वयम्ले दिएको जाहेरी बेहोरा अदालतमा बकपत्र गर्दासमेत निजले स्थापित गरिदिएको पाइन्छ । अभियोग दाबीबाटै पीडितको उमेर १६ वर्षभन्दा बढी रहेको देखिएको छ। पीडितको स्वास्थ्य परीक्षण गर्दा कन्याजाली च्यातिएको, योनिमा कुनै प्रकारको चोटपटक निलडामहरू नरहेको, Vaginal swab जाँच गर्दा पुरूषको वीर्य नभेटिएको भन्ने उल्लेख भएको देखिन्छ । पीडितको भनाइ पुष्टि हुने गरी लोकबहादुर रिजालसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष कागज गरी अदालतमा बकपत्र गरेको पाइने।

पुनरावेदन अदालतले प्रतिवादीले alibi को जिकिर पुष्टि गर्न नसकेको आधारलाई प्रमाणको रोहमा लिएको पाइयो । उमेर पुगेका युवायुवतीबिच आपसी सहमतिमा यौन सम्पर्क हुनुलाई अन्यथा मान्न उचित हुँदैन। हामीले अपनाएको न्याय प्रणाली र हाम्रो संवैधानिक एवम् कानूनी व्यवस्थाले कसुरको पुष्टि गर्ने आधार प्रतिवादीको बयानभन्दा भौतिक एवम् अन्य तथ्ययुक्त प्रमाणलाई बढी महत्त्व प्रदान गरेको छ। यस अर्थमा प्रस्तुत मुद्दामा पीडिताको मन्जुरीबेगर प्रतिवादीले निजलाई जबरजस्ती करणी गरेको हो होइन भन्ने सन्दर्भमा विश्लेषण गरी सोका आधारमा निचोडमा पुग्न श्रेष्ठकर हुन आउने।

पीडितले विवाह गर्न आश्वासन दिई प्रलोभनमा पारी गेस्ट हाउसमा लगी जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको पाइन्छ । आफ्नो उक्त भनाइ निजका परिवारका अन्य व्यक्ति र साथीभाइबाट तथ्ययुक्त रूपमा समर्थित हुन सकेको छैन। उमेर पुगेकी एकजना महिलाले स्वेच्छाले केटा साथी रोज्ने, विवाह हुनुभन्दा अगाडि घुमघाम गर्ने विषय वर्तमान समयमा अनौठो र असामान्य भन्ने देखिँदैन । पीडित अघिल्लो दिन प्रतिवादीसँग मोटरसाइकलमा बसी लामो दुरी तय गरी ककनी पुगेकी छन्। गेष्ट हाउसको कोठा बुक गरी एउटै कोठामा बसेका विपरीत लिङ्गी महिला पुरूषबिच सहमतिले यौन सम्पर्क हुन सक्दैन भन्न मिल्दैन । जाहेरीमा जबरजस्ती भने पनि वारदातको रातमा पीडितले आफ्नो अस्मिता लुटियो भनी चिच्याउने कराउने गरेको स्थिति छैन । यस्तो अवस्थामा गेस्ट हाउसमा गई बास बसी सामान्य अवस्थामा अर्को दिन खाना खाई प्रतिवादीसँग काठमाडौं फर्केको अवस्था हुँदा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने देखिन नआउने।

उमेर पुगेकी महिला एवम् पुरूष मिली सँगै अघिल्लो दिन लामो यात्रा पार गरी गेस्ट हाउस जाने, सामान्य रूपमा रात बिताउने र भोलिपल्ट खाना खाई सँगै फर्केको वारदात स्थापित भएको छ। तत्कालै केही नगरी ५ दिनपछि ऐ. १२।२७ गते अनुचित प्रभावमा परी गएकी हुँ भनी पीडितले लिएको जिकिरलाई बिना ठोस प्रमाण यथार्थ हो भनी पुष्टि हुन सक्दैन। पीडित उमेर पुगेकी छन्, यौन भनेको के हो उनलाई थाहा छ, यौन सम्पर्कबाट हुन सक्ने प्रकृति र परिणाम पनि उनलाई थाहा छ, दिनभर सँगै घुमी गेस्ट हाउसमा केटा साथीसँग रात व्यतित गरी भोलिपल्ट सँगै फर्केको अवस्थालाई अनुचित प्रभावको संज्ञा दिनु फौजदारी न्यायको मर्म र करणीसम्बन्धी विधिशास्त्रीय मान्यता एवम् संविधान र कानूनप्रतिकूल हुने हुँदा प्रस्तुत वारदातलाई अनुचित प्रलोभनमा पारी भएको भन्नसमेत नमिल्ने।

कानूनले नै Unlawful Act भनी परिभाषित नगरेको अवस्थामा उमेर पुगेका महिला र पुरूषबिच आपसी सहमतिमा स्थापित गरिएको सम्बन्धलाई कानूनविपरीतको कार्य मानी सजाय गर्न कानूनले नै बन्देज लगाउने भनी सिद्धान्त प्रतिपादित भएको पाइन्छ । प्रस्तुत मुद्दामा पीडित भनिएकी महिलाको उमेर, वारदातको प्रकृति र स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका तथ्य प्रमाणहरूमा सामञ्जस्यता रहेको देखिँदा उक्त नजिर सिद्धान्तसमेत अनुसार पुनरावेदन अदालत पाटनबाट भएको फैसला न्यायोचित रहेको नपाइने।

तसर्थ, कुनै पनि उमेर पुगेका पीडिता भनिएको महिला र प्रतिवादीका बिचमा सँगसँगै कोशौं टाढा मोटरसाइकलमा घुम्ने, राति दुवैका मन्जुरीले एउटै कोठामा बस्ने, करणी सहमतिबाटै गर्ने पछि विवाह गर्छु भनी छाडी गएकाले अनुचित प्रभावमा पारी करणी गरेको भन्ने पीडिताको भनाइ करणी हुनुपूर्व विवाहको सहमति थियो र विवाहकै लागि करणी भएको भन्ने विषय सम्बद्ध प्रमाणको अभावमा शङ्काको घेरामा रहेको, करणीपछि अनुचित प्रभाव र प्रलोभन मान्नका लागि पीडिता र पीडक बिचमा संवाद भएको प्रमाण नरहेको, विवाह गर्ने गराउने भन्ने अभिभावक वा अन्य प्रमाणबाट स्थापित हुन नआएको अवस्थामा धोका, अनुचित, प्रभाव र लोभमा पारेको भन्ने घटनाक्रमसमेतका कार्यकारणबाट प्रमाणित हुन नसकी पुनरावेदक प्रतिवादी दामोदर खतिवडालाई अभियोग दाबीबमोजिम सजाय गर्ने आधार देखिएन । पीडिता स्वयम्‌को असावधानीको परिणामबाट सिर्जित घटनाक्रमले फौजदारी मुद्दामा प्रतिवादीलाई सजाय गर्न आधार बन्न नसक्ने।

अतः विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी दामोदर खतिवडालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ नं. को देहाय ४ नं. अनुसार ५ वर्ष कैद र निजबाट ऐ. १० नं. बमोजिम रू.२५,०००।– पीडिता परिवर्तित नाम ३५ लाई क्षतिपूर्ति भराई दिने गरी सुरू नुवाकोट जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।८ को फैसला नमिलेको हुँदा उल्टी भई पुनरावेदक प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-१३१३, जबरजस्ती करणी, *सुनिल लामिछाने वि. नेपाल सरकार*

वारदात स्थान घनाबस्ती रहेको काठमाडौं महानगरपालिका वडा नं.७ स्थित घरको दोस्रो तलाको कोठा हो । घटना दिउँसो ४:३० बजेको भनिएको छ। पीडित स्नातक तह दोस्रो वर्षमा पढ्ने शिक्षित पूर्ण बयस्क छिन् । प्रतिवादी र उनी एउटै कक्षामा पढ्ने साथीसँगी रहेका छन् । परीक्षाको तयारीको लागि दुवै साथसँग बसी अध्ययन गर्ने गरेको भन्ने देखिन्छ । वारदात भनिएको समयमा पीडितले प्रतिकार स्वरूप रूने, चिच्याउने, हार गुहार माग्ने गरेको अवस्था छैन । विवाह गर्छु भनी प्रलोभनमा पारेको भनिए पनि उक्त तथ्य वस्तुगत रूपमा पीडितका अभिभावक एवम् अन्य कलेजका साथीसँगीको भनाइबाट प्रमाणित हुन सकेको पाइँदैन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणीको वारदात स्थापित हुने कुनै तथ्य पीडितको योनि एवम् अन्य शरीरका अङ्ग भागमा रहेको नदेखिने।

कानूनले नै Unlawful Act भनी परिभाषित नगरेको अवस्थामा उमेर पुगेका महिला र पुरूषबिच आपसी सहमतिमा स्थापित गरिएको सम्बन्धलाई कानूनविपरीतको कार्य मानी सजाय गर्न कानूनले नै बन्देज लगाउने भनी सिद्धान्त प्रतिपादित भएको

पाइन्छ । मुद्दामा पीडित भनिएकी महिलाको उमेर, वारदातको प्रकृति र स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका तथ्य प्रमाणहरूमा सामञ्जस्यता रहेको देखिँदा उक्त नजिर सिद्धान्तसमेत अनुसार पुनरावेदन अदालत पाटनबाट प्रतिवादीलाई कसुरदार ठहऱ्याई भएको फैसला न्यायोचित रहेको नपाइने ।

जबरजस्ती करणी हुन जबरजस्तीमा परेकी महिलाको अवस्था, निजको स्वास्थ्य परीक्षण हुँदा देखिएका घाउ खतचिह्न, वारदातको प्रकृति आदिबाट जबरजस्तीको लक्ष्यहरू प्रस्ट देखिनुपर्छ । घनाबस्तीको घरको कोठामा दिउँसोको समयमा प्रतिवादी आउँदा केही नभन्नु, करणी भएको भनिएको समयमा प्रतिवादीबाट यौन सम्पर्क गर्ने मनसायले शरीरका संवेदनशील अंश स्पर्श गर्दा कुनै प्रतिकार नगर्नु जस्ता मिसिलबाट देखिएका वारदातका प्रकृतिले पीडिताले स्वइच्छाबाटै प्रतिवादीसँग करणी लिनुदिनु गरेको भन्ने देखिन आई यस्तोलाई जबरजस्ती करणीको वारदात मान्न नसकिने ।

करणी सहमतिबाटै गर्ने पछि विवाह गर्न अस्वीकार गरेकाले अनुचित प्रभावमा पारी करणी गरेको भन्ने पीडिताले करणी गर्नुपूर्व विवाहको सहमति थियो भन्ने तथ्य अन्य साथीसँगी अभिभावकसमेतलाई जानकारी गराएको भन्ने प्रमाणबाट देखिए मात्र अनुचित प्रलोभन पुष्टि हुन सक्छ । पीडिताको मौखिक कथनबाहेक अन्य कुनै पनि मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले पीडितलाई धोका, अनुचित प्रभाव र लोभ वा अन्य त्यस्तै कार्यकारण देखाई करणी गरेको आधार कारण नरहेको र बयस्क पीडिताको स्वअसावधानीको परिणामबाट सिर्जित घटनाक्रम जबरजस्ती करणी जस्तो फौजदारी मुद्दामा प्रतिवादीलाई सजाय गर्न आधार बन्न नसकिने ।

तसर्थ, प्रतिवादी र पीडिता दुवै परिपक्क केटा र केटी साथीका बिचमा जबरजस्ती करणी भएको स्थापित हुन नआएको, अनुचित प्रलोभनमा पारेको परेको नदेखिएको, स्वास्थ्य परीक्षण प्रतिवेदनमा पनि जबरजस्ती करणीका लक्षण नरहेको हुँदा पुनरावेदक प्रतिवादी सुनिल लामिछानेलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. को देहाय ५ नं. बमोजिम ५ वर्ष कैद सजाय गरी प्रतिवादीबाट पीडिताले ऐ. महलको १० नं. बमोजिम रू.१५,०००।– क्षतिपूर्ति पाउने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।२।३२ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग दाबीबाट पुनरावेदक प्रतिवादी सुनिल लामिछानेले सफाइ पाउने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-WO-०२२४, परमादेश, *महेश थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरूको पितृत्व निजहरूको आमालाई थाहा भए पनि २०५१ सालदेखि बेपत्ता भएको देखियो । तर निवेदकहरूको आमा नरकुमारी न्यौपाने नेपाली नागरिक भन्ने कुरा झापा जिल्लाको तत्कालीन लखनपुर गा.प.८ नं. वडामा २०२६।५।२३ मा जन्म भई निजको नाममा मिति २०४४।१२।२५ मा जिल्ला कार्यालय, झापाबाट जारी भएको ना.प्र. नं. २३११२३८५७ बाट प्रमाणित भएको देखिन्छ । यसबाट निवेदकहरूको आमा वंशजको आधारमा नेपाली नागरिक भएकोमा विवाद नदेखिने ।

निवेदक महेश थापा मिति २०४८।४।७ गते र निवेदक सुभद्रा थापा मिति २०४९।११।१५ गते बाबु भिम थापा भई आमा नरकुमारी न्यौपानेको कोखबाट झापा लखनपुर गा.वि.स. वडा नं.८ मा जन्मेको भन्ने कुरा मिति २०६९।१२।१२ को गाउँ विकास समितिको

सिफारिस र सर्जमिनबाट समेत प्रमाणित भएको देखिन्छ। बाबुको ठेगाना पहिचान प्रमाणित नभएको भन्ने एक मात्र कारण दर्साई नेपालको नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी हालसम्म निवेदकहरूले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेको कारण प्रस्तुत रिट निवेदन पर्न आएको देखिने।

निवेदकहरूको जन्म नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिक नर कुमारीको कोखबाट नेपाल राज्यमा भएको भन्ने देखिए तापनि निवेदकहरूको पिता भिम थापा २०५१ सालमा नागरिकता नलिएकै अवस्थामा बेपत्ता भएको भन्ने कुरा सरजमिन मुचुल्का एवम् रिट निवेदनबाट देखियो। नेपालको नागरिक बन्न संविधान र कानूनले तोकेको योग्यता पुगेको व्यक्तिलाई बाबुको पहिचान खुल्ने कागज पत्ता नलागेको एक मात्र कारणले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने हकबाट वञ्चित गर्न मिल्छ, मिल्दैन भन्ने प्रश्न यसमा उत्पन्न भएको देखिने।

विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरको लिखित जवाफ हेर्दा मौखिक सोधनी गर्दा पिताको बारेमा कुनै जानकारी दिन नसकेको, बेपत्ता भएको आधार दिन नसकेको भन्ने उल्लेख भएको देखिन्छ। तर निवेदकहरूको आमा वंशजको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त नेपाली नागरिक भएको विषयमा अन्यथा भन्न सकेको नपाइने।

नागरिकता प्रमाणपत्र प्राप्त गर्न बाबु वा आमामध्ये कुनै एक नेपाली नागरिक व्यक्तिबाट नेपालमा जन्मेको जुनसुकै व्यक्ति नेपालको नागरिकता प्राप्त गर्न योग्य हुन्छ। बाबु नागरिकताविहीन अवस्थामा बेपत्ता भएकै कारणले आमा जन्मसिद्ध वंशजको नेपाली नागरिक प्रमाणित भएको भए निजका सन्ततिहरूलाई नागरिकताको प्रमाणपत्र दिनुपर्छ। नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ भन्ने संवैधानिक व्यवस्था छ। यस व्यवस्थाबाट बाबु बेपत्ता भएकै कारणले आमा नेपाली नागरिक प्रमाणित भएको अवस्थामा निजका सन्ततिहरू नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुनुपर्ने नदेखिने।

निवेदकहरूको आमा नरकुमारी न्यौपाने वंशजको आधारमा नेपालको नागरिक रहेकी, निवेदकहरूको नेपाली नागरिकता प्राप्त गर्ने वर्ष पूरा भएको, झापा जिल्ला लखनपुर गा.वि.स. को कार्यालयबाट निवेदकहरूको जन्मदर्ता प्रमाणित भएको र ललितपुर जिल्ला डुकुछाप गा.वि.स. वडा नं.८ बस्ने रामशरण खत्रीसमेतका ७ जनाले नागरिकता प्रमाणपत्र नभएको तत्कालीन समयमा नवलपरासी दिव्यपुरी ८ बस्ने हाल बेपत्ता भएका निवेदकहरूको बाबु भिम थापा भनी गरिदिएको मुचुल्काको आधार हुँदाहुँदै संविधान कानूनले अनिवार्य नगरेको बाबुको पहिचान खुलाउन नसकेको भन्ने एक मात्र कारणका आधारमा निवेदकहरूलाई नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन नसकिएको भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालयको भनाइ उचित देखिन नआउने।

तसर्थ, विवेचित संवैधानिक तथा कानूनी व्यवस्था, निवेदिका सविना दमाइको मुद्दामा प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदकहरूकी आमा नरकुमारी न्यौपाने नेपाली नागरिक भएको भन्ने कुरासमेत उल्लिखित तथ्यहरूबाट प्रमाणित भएको र निवेदकहरू महेश थापा र शुभद्रा थापा नेपाली नागरिक नरकुमारी न्यौपानेबाट नेपालमा जन्मेको देखिएकोले निवेदकहरूलाई आमाको नामबाट कानूनबमोजिम नेपालको नागरिकता प्रदान गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरको नाममा परमादेशको आदेश जारी हुने।

इति संवत् २०७४ साल पुस १७ गते रोज २ शुभम्।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CI-०८९१, परमादेश, *डा. भिम*

*आचार्य वि. कल्पना सुनुवारसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ख. मा उक्त चौथो संशोधन प्रारम्भ हुनुअघि स्तरवृद्धि वा तह मिलान भएका कर्मचारी स्थायी दरबन्दी नहुने पुल दरबन्दीमा पदस्थापन हुने र जुनसुकै तरिकाबाट सेवामा नरहेमा त्यस्तो पद स्वतः खारेज हुने व्यवस्था रहेको पाइने । पुल दरबन्दी भनेको तत्कालको विशेष परिस्थितिलाई सम्बोधन गर्न अस्थायी रूपमा सिर्जना भएको दरबन्दी हो । यस्ता पुल दरबन्दीमा रहेका कर्मचारी जहाँ कार्यरत रहन्छन् सो कार्यालयमा निज रहेसम्म निजले धारण गरेको पद स्वतः सिर्जना हुन्छ । यस स्थितिमा स्तर वृद्धि भएका कर्मचारीले स्तरवृद्धि भएको माथिल्लो स्थायी पदको पदनाम पाएपनि सो पदमै स्वतः पदस्थापन हुन सक्ने देखिन नआउने ।

स्तरवृद्धि हुने र स्तरवृद्धि भएको तहको पदको पदनाम पाउने र सो पदअनुसारको स्थायी पदमा पदस्थापन गर्नु भिन्नभिन्न कुरा हुन् । पद प्राप्त गर्दा उसको योग्यतासँग जोडिनु पर्छ । कुनै कर्मचारी कानूनबमोजिम कार्य उत्प्रेरणा स्वरूप स्तरवृद्धिका माध्यमबाट माथिल्लो तहमा गए पनि सो तह / पदअनुसारको योग्यता त्यस्तो कर्मचारीमा छ, छैन छुट्याउनु पर्ने ।

वस्तुतः लामो समयसम्म एउटै पदमा कार्यसम्पादन गरिरहँदा कर्मचारीमा उत्पन्न हुन सक्ने निराशा (monotonous) बाट निजलाई मुक्त गराई कार्य सम्पादनमा उत्प्रेरणा जगाउने मुख्य उद्देश्य राखी कानूनबमोजिम स्तरवृद्धि भएका कर्मचारीले आर्थिक (monetary incentive) को सुविधाप्राप्त गर्न सक्ने भए पनि त्यसरी स्तरवृद्धि भएका कर्मचारी निश्चित विधि र प्रक्रियाद्वारा पूर्ति भई पदस्थापन हुने पदमा स्वतः पदस्थापन हुन सक्दैन । यस अर्थमा विपक्षी निवेदिकाहरूलाई सिनिअर अ.न.मि. को पदमा पदस्थापन गर्नु भनी पुनरावेदन अदालत पाटनबाट भएको परमादेशको आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारण एवम् पूर्व निर्णयसमेतबाट निवेदिकाहरू अनमि सहायक पाँचौ तहमा स्तरवृद्धि भएका कर्मचारीहरूलाई नेपाल स्वास्थ्य सेवा ऐनको दफा ८(१) को कानूनी व्यवस्थालाई अनदेखा गरी सिनिअर अनमि पदको पदनाम दिई पदस्थापन गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।१०।७ मा जारी भएको परमादेशको आदेश कानूनी त्रुटिपूर्ण देखिएकोले सोहदसम्म केही उल्टी भई सिनिअर अ.न.मि. को पदमा पदस्थापन हुन नपाउने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०३३५ र ०७१-CR-०३३६, प्रतिबन्धित पाटेबाघको सिकार गरी छाला र हड्डी (आखेटोपहार) आफू साथ राखी चोरी निकासी गरेको, *नेपाल सरकार वि. पेम्बा छेवाङ लामासमेत र मिङ्ग्युर दोर्जे लामा वि. नेपाल सरकार*

प्रतिवादी मिङ्ग्युर दोर्जे लामाले बरामद भएको पाटेबाघको छालासहितका दशीका सामानहरू आफैँले बाघको सिकार गरी वा अन्य कुनै तरिकाले मारी लिएर हिँडेको अवस्था छैन । तिब्बती नागरिक तेन्जिङ खम्बाबाट लिई लगी दिने काम मात्र गरेको हुँदा चर्को सजाय गरेको मिलेको छैन भनी पुनरावेदनपत्रमा जिकिर लिएको पाइन्छ । प्रत्यर्थी प्रतिवादीहरू शेरबहादुर बरामले बोकेको झोलाबाट बाघको छाला थान १ र प्याकिङ गरेको हड्डी ३० के.जी. तथा निरबहादुर बरामले बोकेका झोलाबाट ८ फिट ४ इन्च लम्बाई भएको पाटेबाघको छाला तथा प्याकिङ गरेको हड्डी २३ के.जी. समेतका पाटेबाघका छाला थान २ र हड्डी ५३ के.जी. तथा मिङ्ग्युर दोर्जे लामाको र पेम्बा छेवाङ लामाको साथबाट नगद रू.१,८०,९४०।–

समेत बरामद भएको भन्ने २०६९।९।२८ को बरामदी मुचुल्काबाट देखिने।

विधायिकाले न्यायकर्तालाई वारदातको प्रकृति, कसुरदारको अवस्थासमेतका सन्दर्भमा न्यायिक मूल्याङ्कन एवम् विचार गरी कैद वा जरिवाना वा दुवै सजाय गर्न सक्ने गरी स्वविवेकीय अधिकार प्रदान गरेको भने देखिन आउँछ। यद्यपि विधायिकाले दण्ड निर्धारण गर्न प्रदान गरेको स्वविवेकीय अधिकारको प्रयोग आत्मगत वा स्वेच्छाचारी रूपबाट नगरी समन्याय, शुद्ध अन्तःस्करण प्राकृतिक न्यायका आधारमा कसुरको मात्रा वा कसुरको प्रकृति, वारदातको घटनाक्रम र कानूनले तोकेको परिधिसमेतलाई तुलनात्मक अध्ययन गरी उचित सन्तुलन मिलाएर निर्धारण गर्नुपर्ने हुन्छ। पुनरावेदन र बहस गर्दासमेत विद्वान् वरिष्ठ अधिवक्तासमेतले यही अपेक्षा राखेको पाइन्छ। प्रस्तुत वारदातमा पुनरावेदकले आफैँ प्रतिबन्धित पाटे बाघ सिकार गरेको वा अन्य तवरले मारेको अवस्था छैन। आफैँले खरिद गरी बिक्री गर्न हिँडेको वा साथमा राखेको पनि देखिँदैन। केही रकम लिई भरियाको रूपमा काम गरिदिएको अवस्था देखिने।

पुनरावेदक प्रतिवादी मिङग्युर दोर्जे लामा बरामद आखेटोपहार आफूले अरूबाट नासोका रूपमा ग्रहण गरी अह्राएबमोजिमको ठाउँमा पुऱ्याउने क्रममा पक्राउ परेको हुँदा निजलाई कैद वर्ष ७ र रू.७५,०००।– जरिवाना गर्ने गरी सुरू मनास्लु संरक्षणक्षेत्र आयोजना सम्पर्क अधिकारीको कार्यालय, गोरखाबाट भएको फैसला मनासिब ठहऱ्याएको पुनरावेदन अदालतको फैसला नमिलेको हुँदा सजाय र जरिवानाको हदसम्म केही उल्टी भई ५ वर्ष कैद र रू.५०,०००।– सजाय गर्न न्यायोचित हुने देखिन आउने।

अन्य प्रतिवादीहरू पेम्बा छेवाङ लामा, निरबहादुर बराम र शेरबहादुर बरामलाई मतियारको अभियोग लागे पनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसम्बन्धी ऐन, २०२९ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मतियारलाई मुख्य अभियुक्तसरह कैद जरिवाना गर्नुपर्नेमा जरिवाना मात्रा गरेको पुनरावेदन अदालतको फैसला मिलेको छैन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा पेम्बा छेवाङ लामा सुरूदेखि नै प्रतिवादी मिङग्युर दोर्जे लामाका साथमा काठमाडौंमा रहेको देखिएको छैन। निज मिङग्युर दोर्जे लामासँग बिच बाटोमा भेट भई एकै ठाउँका भएकोले सँगै हिँडेको देखिन्छ। साथीको हैसियतले लामो दुरी हिँड्नु पर्ने भएकाले खाना सामग्री बोकिदिएको भन्नेसम्म देखिन्छ। तथापि आखेटोपहार बोकी लगिदिने अन्य प्रतिवादीहरू निरबहादुर बराम र शेरबहादुर बरामको साथसाथै रही, एकैसाथ पक्राउ परेको भन्ने देखिएको छ। निजले मिङग्युर दोर्जेसँग कुनै क्रिया प्रतिक्रिया नगरी सँगै बस्ने हिँड्ने गरेको अवस्था हुँदा सहयोग गरेको आशङ्का देखिएको छ। भरियाको रूपमा रहेका निरबहादुर एवम् शेरबहादुरले के कस्तो भारी हो भनी मिङग्युर दोर्जेसँग सोधखोज नगरी रकमको लोभमा प्रतिबन्धित बाघको छाला रहेको झोला बोकी गैरकानूनी काम गर्ने गराउने मिङग्युर दोर्जे लामालाई सो कार्य गर्न गराउन अनजानवशमै भए पनि अप्रत्यक्षतः निजको सहयोगी भूमिकामा रहेको देखिने।

अतः विवेचित आधारमा पुनरावेदक प्रतिवादी मिङग्युर दोर्जे लामाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसम्बन्धी ऐन, २०२९ को दफा ५ र दफा १० बमोजिम कसुर गरेको ठहऱ्याई सोही ऐनको दफा २६(१) बमोजिम निजलाई कैद ७ (सात) वर्ष तथा जरिवाना रू.७५,०००।– (पचहत्तर हजार) हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७०।१०।२७ को फैसला सजायको हकमा नमिलेको हुँदा सो हदसम्म केही उल्टी भई निजलाई कैद वर्ष ५ र जरिवाना रू.५०,०००।– हुने र प्रत्यर्थी प्रतिवादीहरू निरबहादुर बराम, शेरबहादुर बराम तथा

पेम्बा छेवाङ लामालाई जनही रू.५०,०००।– (पचास हजार) जरिवाना गर्ने र बरामद भएको पाटेबाघका छाला थान २, हड्डी केजी ५३, नगद रू.१,८०,९४०।– समेत ऐनको दफा २८ बमोजिम जफत हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-WO-०५२०, उत्प्रेषण, *चतुर्भुज पाण्डेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२(१) मा नेपाल सरकारले नेपालभित्रको कम्तीमा बीस हजार जनसंख्या भएको र बिजुली, सडक खानेपानी र सञ्चार व्यवस्था भएको कुनै क्षेत्रलाई चार किल्ला खोली नगरक्षेत्र तोक्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखियो। उक्त कानूनी व्यवस्थाले नगरपालिका गठन गर्ने अधिकार नेपाल सरकार मन्त्रिपरिषद्को रहेकोमा विवाद छैन। नेपाल सरकारले उक्त नगरपालिकासमेत गठनको निर्णय गर्नुभन्दा अगाडि मिति २०७१।१।२५ मा प्रा. केशवानन्द गिरीको संयोजकत्वमा नगरक्षेत्र निर्धारण समिति गठन गरी अध्ययन गराई सो समितिको सुझाव र नेपाल सरकार मातहतको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवम् स्थानीय जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तुको राय, सुझाव, परामर्श एवम् सिफारिसअनुसार वाणगंगा नगरपालिका बनाउने निर्णय गरेको पाइने।

नेपाल सरकारले सर्वसाधारण जनताको सुख सुविधा र हितलाई दृष्टिगत गरी बढीभन्दा बढी जनताको सर्वसुलभता एवम् निजहरूको आर्थिक, सामाजिक र प्रशासनिक सेवाको पहुँचलाई समेत विचार गरी नगरपालिका गठनको निर्णय गर्ने गर्दछ। नगरपालिका गठन गर्ने अधिकार नेपाल सरकारको संवैधानिक, कानूनी र कार्यपालिकीय अधिकार हो। नगरपालिका गठनको निर्णय जनअपेक्षाविपरीत गरिएमा जनताले आफ्नो सार्वभौम अधिकारको प्रयोग गरी यथा समयमा निर्णयकर्तालाई दण्डित गर्न सक्दछन्। तर, विशुद्ध यस्ता कार्यपालिकीय निर्णयहरूमा सिमित व्यक्तिको स्वीकृति र समर्थन नभएको भन्ने मात्र आधारमा न्यायपालिकाबाट त्यस्ता विवादलाई मुद्दाको रूपमा ग्रहण गरी निकासा दिन उचित नहुने।

संविधान र कानूनअनुसार सञ्चालन हुने लोकतान्त्रिक शासन प्रणाली हाम्रो देशले अपनाएको छ। लोकतान्त्रिक व्यवस्थाको जग भनेकै जनताको इच्छा चाहनाअनुसारका कार्य गर्नु हो। लोकतन्त्रमा सरकारले गरेका निर्णयमा अधिकांश जनताको समर्थन भएमा शतप्रतिशत जनताको समर्थन नभएको हुँदा उक्त निर्णय अनुचित हो भन्न वाञ्छनीय हुँदैन। नगरपालिका गठन गरी कार्य सञ्चालन गर्दा साबिकमा छरिएको आर्थिक, प्रशासनिक र सामाजिक सेवालाई एकत्रित गरी एकीकृत नगर विकास योजना, भू-उपयोग योजना, नगर यातायात, एकीकृत कृषि योजनासमेत ल्याउने उद्देश्य रहेको हुन्छ। एकीकृत कार्यको फलस्वरूप सहरी विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन गई जनताको जीवनस्तर सुदृढ हुने अपेक्षा गरिने।

निवेदकहरूले बढीभन्दा बढी जनताको हितमा नरहेको भनी दाबी गरेपनि निवेदन संलग्न कागजातहरू अध्ययन गर्दा २०६८ सालको जनगणनाअनुसार ७५ हजारभन्दा बढी जनसंख्या रहेको नगरपालिकाभित्र निवेदकसमेतका करिब एक दुई सय व्यक्तिको मात्र असन्तुष्टि रहेको भन्ने विरोधस्वरूप उपस्थिति जनाउने व्यक्तिको हस्ताक्षरबाट देखिन आउँछ। उक्त वस्तुगत तथ्यबाट वाणगंगा नगरपालिकाको गठनबाट त्यस

क्षेत्रका अधिकतम जनतालाई असर परेको रहेछ भन्ने निवेदन दाबी पुष्टि हुन सक्ने देखिँदैन। तथापि स्थानीय निकायको रूपमा गठन हुने नगरपालिका जनताले अनुमोदन गरेका जनप्रतिनिधिले कार्य सञ्चालन गर्ने हुँदा निवेदकहरूमा पर्न गएको असुविधालाई दृष्टिगत गरी योजना अगाडि बढाई सेवा प्रवाह गर्नेछन् भन्ने अपेक्षा रही नै रहने।

विपक्षी वाणगंगा नगरपालिकाले जनताको सर्वोपरि हितलाई ध्यानमा राखी काम गरिरहेको र आगामी दिनमा पनि गर्ने भनी लिखित जवाफमा प्रतिबद्धता व्यक्त गरेको हुँदा अध्ययन समिति गठन गरी विस्तृत अध्ययन विश्लेषण गराई नेपाल सरकारले भौगोलिक सुगमता, त्यस क्षेत्रको जनसंख्याको स्थिति, जनताको कला संस्कृति तथा आर्थिक, सामाजिक, प्रशासनिक सेवा प्रवाहसमेतलाई दृष्टिगत गरी संविधान र कानूनबमोजिम वाणगंगा नगरपालिका गठन गरेको निर्णय वस्तुगत आधार र प्रमाणविना निवेदन दाबीकै भरमा मात्र बदर गर्नु संविधान र कानूनअनुकूल नहुने हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम्।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०७४१, निषेधाज्ञा, *ललिता यादव वि. वीर अस्पताल, महाबौद्धसमेत*

पुनरावेदिकाको पति सत्येन्द्र यादव विपक्षी वीर अस्पतालमा आकस्मिक एक्स रे शाखामा कार्यरत सानो तहका कर्मचारी रहेको भन्ने देखिन्छ। कर्मचारीको हैसियतले निजले सोही अस्पतालको आवास गृह प्राप्त गरी पुनरावेदिका पति र छोराछोरीसहित बसोबास गरेको पाइन्छ । वादी नेपाल सरकार प्रतिवादी सत्येन्द्रप्रसाद यादवसमेत भएको ०६९ सालको सा.फौं.नं. २२७५ को ठगी मुद्दामा निज कर्मचारी काठमाडौं जिल्ला अदालतको मिति २०६९।१२।१ को आदेशले पुर्पक्षका लागि थुनामा रहेको कारण सो अवधिदेखि निज विपक्षी वीर अस्पतालमा अनुपस्थित रहेको भन्ने देखिन्छ । आवास प्राप्त गर्ने कर्मचारी नै सेवामा हाजिर नरहेको कारण आवास खाली गरिदिनु भनी विपक्षी वीर अस्पतालले मिति २०७१।९।१८ मा पत्र लेखी सूचित गरेको पाइने।

ठगी मुद्दा फैसला नभएसम्म आवास गृह छोड्न भनी विपक्षी अस्पतालले निकालेको सुचना गैरकानूनी हुँदा निजका आश्रित हामी पत्नी र छोराछोरीलाई आवासबाट नहटाउनु भन्ने आदेशको माग गरेको अवस्था छ। अस्पताल बिरामीको उपचार गर्ने संस्था हो । बिरामीको २४ सै घण्टा आवागमन हुने र २४ सै घण्टा सेवा प्रदान गर्ने प्रकृतिका कारण आवश्यक कर्मचारीका लागि अस्पताल परिसरमै आवास उपलब्ध हुने हो। अत्यावश्यक सेवा प्रदान गर्नका लागि आवास प्राप्त गरेका कर्मचारी लामो समय अस्पतालमा अनुपस्थित हुने स्थितिमा निजको ठाउँमा अर्को कर्मचारी खटाई काम गराउनु पर्छ । जसले संस्थाको लागि खटिएर सेवा गर्छ । उसैले आवास सुविधा पाउने सन्दर्भमा विगत ३ वर्षभन्दा लामो अवधिदेखि अस्पतालमा अनुपस्थित भएका कर्मचारीका परिवार पुनरावेदिकाले आवास गृह छोडदिन भन्नु न्यायसङ्गत हुँदैन। सुविधा काम र आवश्यकताका लागि हो। सेवा प्रदान गर्न नसक्ने अवस्थामा पनि आवास सुविधा पाई रहनु पर्दछ भन्न नमिल्ने।

पति सत्येन्द्रले पाएको आवास सुविधा कानूनी अधिकार नभई सेवा गरेबापतको सहुलियत र सुविधा भएको हुँदा सेवामा अनुपस्थित हुने समयदेखि उक्त सुविधाबाट स्वतः वञ्चित हुने नै हुन्छ। यस स्थितिमा अत्यावश्यक सेवा प्रदान गर्ने कर्मचारी कार्यरत हुन नसकेको लामो अवधिपछि पनि कर्मचारीको परिवारको हैसियतले प्राप्त आवास सुविधाबाट वञ्चित नगर्नु भनी आदेश जारी गर्न कानूनतः नमिल्ने हुँदा निवेदन

खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।२।२० मा भएको आदेश कानूनसम्मत हुँदा निवेदिकाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम्।

९

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-१४१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरेश वि.क.सुनार*

मृतकको लास जाँच प्रकृति मुचुल्का हेर्दा ददारिएको घाउ चोट रहेको भन्ने देखिन आएबाट प्रत्यर्थी सुरेश वि.क.ले मार्ने नै नियतले कुटपिट गरेको भन्ने देखिन आउँदैन । प्रतिवादी आफैँले अस्पताल लगी उपचार गराउँदा गराउँदै खुशी वि.क.को मृत्यु भएको देखिन आउँछ । उपर्युक्त तथ्यहरूबाट मृतक खुशी वि.क.लाई यी पुनरावेदक प्रतिवादीले मार्ने नै नियतले कुटपिट नगरेको भए तापनि निजकै झापडबाट बेहोस भएको र उपचारकै क्रममा निजको मृत्यु भएकोमा विवाद देखिन नआउने।

मिसिलको तथ्यबाट वारदातमा हातहतियार प्रयोग भएको नदेखिएको, निर्ममतापूर्वक कुटपिट गरेको स्थिति पनि नरहेको, केवल मृतकले ओछ्यानमा दिसा पिसाब गरेको कारण किन नभनेको भनी एक झापड हिर्काएको अवस्था छ। यस्तो वारदात प्रकृतिलाई मार्ने नै नियतले हिर्काएको मानी पुनरावेदन जिकिरबमोजिम प्रतिवादीलाई सजाय गर्न न्यायोचित हुने नदेखिने।

प्रस्तुत वारदातमा बिहानीको समयमा ओछ्यानमा सँगै सुतिरहेको अवस्थामा नाबालक छोरीले दिसा पिसाब गरी फोहर गरिदिएको कारण एक झापड हानेको र सोही कारणबाट निजको मृत्यु हुन गएको देखिन्छ। छोरीलाई मार्नु पर्ने इवी लाग वा मनसाय रहेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिन आउँदैन। असल मनसायका साथ एक झापड हानेको कारण मृतक बेहोस भएको र सोही कारणबाट उपचारकै क्रममा मृत्यु भएको देखिँदा प्रस्तुत वारदात भवितव्यवश भएको देखिन आउने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रत्यर्थी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू चितवन जिल्ला अदालतको मिति २०७२।१०।२५ को फैसला केही उल्टी गरी निज प्रत्यर्थी प्रतिवादी सुरेश वि.क. सुनारलाई ऐ. ज्यानसम्बन्धी महलको ६ नं. को देहाय ४ नं. बमोजिम २ वर्ष कैद हुने ठहऱ्याई उच्च अदालत पाटन हेटौंडा इजलासबाट मिति २०७३।९।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

१०

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०७३८, उत्प्रेषण / परमादेश, *रामकुमार साह वि. रामकली देवीसमेत*

प्रमाणमा आएको लुटपिट मुद्दाको सक्क्लै मिसिल संलग्न विवादित भनिएको म्याद अवलोकन गर्दा जिल्ला सर्लाही, धनगढा गा.वि.स. वडा नं.२ स्थित निवेकदहरू रामकुमार साह र अरूणकुमार साहको घरदैलोमा निजहरूको नामको म्याद मिति २०७०।१२।२० मा तामेल भएको देखिन्छ । उक्त तामेलीमा सर्लाही जिल्ला धनगढा गा.वि.स. वडा नं.२ बस्ने रामलाल राम र ऐ.ऐ.बस्ने रामप्रकाश रामलाई साक्षी राखी एकप्रति म्याद गा.वि.स. को कार्यालय, घनगढामा बुझाएको देखिन आउँछ । उक्त म्यादमा गा.वि.स.का सचिवको दस्तखत भई अड्डाको छापसमेत लागेको देखिई बेरीतको भन्ने देखिन आउँदैन। निवेदकहरूले आफ्नो नाम थर वतन फरक पारी म्याद टाँस गरेको, साक्षी नराखेको एवम् सम्बन्धित गाउँ विकास समितिमा

नबुझाएको समेत भनी दाबी गर्न नसकी गोश्वारा रूपमा अ.बं.११० नं. बमोजिमको रीत नपुर्‍याई तामेल गरेको भनी निवेदनमा जिकिर लिएको देखिने।

वस्तुतः रिटको उपचार समन्यायिक उपचार हो । तल्लो अदालतबाट भएको कारबाहीमा गम्भीर कानूनी एवम् कार्यविधिगत त्रुटि नदेखिएसम्म सामान्य क्षेत्राधिकारअन्तर्गत रही प्रमाण बुझी भएको कारबाहीलाई अनुचित रहेछ भनी अनुमान गर्नु हुँदैन । मुद्दामा टाँस भएको म्यादलाई बेवास्ता गरी बस्ने व्यक्तिलाई कुनै वस्तुगत आधार प्रमाणबिना रिट क्षेत्रबाट उपचार प्रदान गर्दा अदालतको स्रोत साधन र जनशक्तिमा थप भार पर्ने र तल्लो अदालतबाट कानूनबमोजिम भएको फैसलाबाट न्याय प्राप्त गर्ने पक्षमा प्रतिकूल असर पर्ने हुँदा निवेदकको दाबी नै अस्पष्ट र भ्रामक रहेको अवस्थामा मागअनुरूपको आदेश जारी गर्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणबाट सर्लाही जिल्ला अदालतबाट लुटपिट मुद्दामा निवेदकहरूका नाउँमा मिति २०७०।१२।२० मा तामेल भएका म्याद मुलुकी ऐन, अ.बं.११० नं. को कानूनबमोजिम रीतपूर्वक तामेल भएको देखिएको हुँदा निवेदकहरूको निवेदन मागअनुरूपको आदेश जारी हुन सक्दैन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

११

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-१०१४, कर्तव्य ज्यान, *सागर राई वि. नेपाल सरकार*

प्रतिवादी र मृतकबिच विवाद भनाभन भएको कारणबाट सुरेन्द्र राइको घरमा सुतिरहेको गंगाराम राईलाई मादक पदार्थले उत्तेजित प्रतिवादीले उठाई लगी खोल्सामा पुर्‍याई काठको बीमले प्रहार गरेको र सोही चोट प्रहारको कारणबाट गंगाराम राईको मृत्यु भएको भन्ने अभियोग दाबीलाई प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा बयान गर्दा स्वीकार गरेको र बरामद दशी र मौकामा घटना विवरण कागज गरी अदालतमा बकपत्र गर्ने सुरेन्द्र राइसमेतको बेहोरा एवम् शव परीक्षण प्रतिवेदनसमेतबाट आरोपित कसुर पुष्टि भएको देखिँदा प्रतिवादीको प्रहारबाट मृतकको मृत्यु भएको प्रमाणित हुन आउने।

पुनरावेदक प्रतिवादीले मृतकसँग मेरो कुनै रिसइवी नरहेको, मलाई मृतकसमेतले अश्लिल गाली गरेकोले रक्सी खाएर मातेको अवस्थामा काठको बटमले प्रहार गरेको हो, सत्य तथ्य बयान गरी मैले अदालतलाई सहयोग गरेको कारणले मलाई सजायमा छुट हुनुपर्नेमा हदैसम्मको सजाय गरेको मिलेन न्यायको रोहमा कम सजाय गरिपाउँ भनी पुनरावेदनमा लिएको जिकिरतर्फ विचार गर्दा प्रतिवादी कसुरमा साबित रही बयान गरेको तथ्यलाई पुनरावेदन अदालतले प्रमाणमा लिए पनि निजले सुरू अदालतमा बयान गर्दा मादक पदार्थ सेवन गरेको अवस्थामा होस गुमाई अन्जानवश भनाभन हुँदा बाटोमा भेटिएको काठको बिमले प्रहार गर्दा मृतकको मृत्यु हुन गएको भनी लिएको जिकिरतर्फ समुचित ध्यान पुर्‍याउन सकेको नदेखिने।

मादक पदार्थको नशा रहिरहेको अवस्थामा प्रतिवादी र मृतकबिच बाटोमा भनाभन हुँदै गर्दा बाटोमै रहेको काठको बटमले प्रहार गर्दा मृतकको मृत्यु हुन पुगेको स्थिति छ । मृतकसमेतले नशा सेवन गरी प्रतिवादीलाई गाली गलौज गरेको, मृतकसँग प्रतिवादीको पूर्वरिसइवी नरहेको, प्रतिवादी अल्लारे उमेरको रहेको र निजले साँचो बेहोरा व्यक्त गरी न्याय प्रदान गर्न अदालतलाई सहयोग गरेको एवम् घटनाप्रति पश्चाताप गरी कानूनले हुन सक्ने कम सजाय गरिपाउँ भनी पुनरावेदनमा याचना गरेको आधार र कारणसमेतबाट प्रतिवादी सागर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय

३ नं. बमोजिम जन्मकैद सजाय गर्दा चर्को पर्न जाने चित्तले देखिएको हुँदा निजलाई ऐ. ऐनको अदालती बन्दोबस्तको १८८ नं. बमोजिम कैद वर्ष १५ हुने ।

तसर्थ, विवेचित आधार र प्रमाणबाट प्रतिवादी सागर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ नं. को देहाय ३ नं. को कसुरमा ऐ. १३ नं. को देहाय ३ नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुरू इलाम जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७३।५।१३ मा भएको फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०६४४, जग्गा खिचोला मेटाई पर्खाल गुहाली हटाई चलन, *उर्मिला काफ्ले वि. मच्छुकुमारी भट्टराई*

वादीको नाम दर्ताको कि.नं.९४३ को जग्गाको जम्मा क्षेत्रफल ०-१-० रहेको मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाणपुर्जाबाट देखिन आएको छ । सुरू मोरङ जिल्ला अदालतको आदेशानुसार भई आएको मिति २०६२।५।३० को विवादित जग्गाको नक्सा मुचुल्काअनुसार न.नं.११ को पक्की पर्खाल आफूले लगाएको भनी वादीका पति जीवनप्रसाद काफ्लेले नक्सा मुचुल्कामा सहिछाप गरेको देखिन्छ भने उक्त पर्खालभन्दा बाहिरको न.नं.१०, १२ र १३ को जग्गामा झगडा जनिएको देखिन्छ । नक्सा मुचुल्काको न. नं. १४ मा ०-१-१-० घरजग्गा विवादरहित रूपमा वादीको हकभोग रहेको देखिँदा वादीको जग्गाधनी पुर्जाअनुसारको जग्गा पुगिरहेको देखिन्छ । यसरी स्थलगत नापनक्साअनुसार वादीको जग्गा न.नं. १४ बाट पुगिरहेको देखिएको एवम् झगडा जनिएको जग्गासमेत जोड्दा वादीको जग्गाधनी पुर्जामा कायम क्षेत्रफलभन्दा बढी हुने स्पष्ट देखिन्छ । आफ्नो जग्गा यति हो भनी किटान गरी उक्त आधारबाट कम्पाउण्डवाल लगाएको एवम् उक्त पर्खाल आफ्नो हो भन्ने तथ्य स्वीकार गरी स्थलगत नाप नक्सामा सहिछाप गरेको देखिँदा आफैँले लगाएको कम्पाउण्डवालभन्दा बाहिरपट्टि पर्ने जग्गासमेत आफ्नो हो भनी दाबी गर्नलाई वादीलाई विबन्धनको सिद्धान्तले समेत रोक्ने देखिने ।

तसर्थ विवेचित आधारकारणबाट वादीको जग्गाको क्षेत्रफल लिखतबमोजिम कायम रहेको र वादी स्वयम्ले कम्पाउण्डवाल लगाई आफ्नो लिखतबमोजिमको जग्गा भोगचलन गरिरहेको कुरा नक्सा मुचुल्काबाट देखिन आएको अवस्थामा आफैँले लगाएको पर्खालभन्दा बाहिरको जग्गा खिचोला गरेको भन्ने वादीको पुनरावेदन जिकिर एवम् यस अदालतबाट भएको विपक्षी झिकाउने आदेशसँग सहमत हुन सकिएन । अतः वादी दाबीबमोजिम खिचोला ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०६६।४।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुरेशराज खनाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WH-००४४, बन्दीप्रत्यक्षीकरण, *धनमाया भट्टराई (दंगाल) वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनूसूची-१ अन्तर्गतको मुद्दा चलाउन प्रचलित

कानूनमा निश्चित विधि र प्रक्रियाको बारेमा उल्लेख गरेकोमा सोही विधि र प्रक्रियाको पूर्णत: पालना र प्रयोग गर्दै वा त्यस्तो विधि र प्रक्रियालाई शिरोधार्य गर्दै कामकारबाही गर्नुलाई कानूनबमोजिमको कार्य मान्न सकिन्छ। विपक्षी प्रत्यर्थीहरूको लिखित जवाफ र मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा उल्लिखित ऐन तथा नियमहरूको पूर्ण पालना गरी निवेदिकाको छोरा जयराम दंगालउपर केही सार्वजनिक अपराध मुद्दा चलाइएको भन्ने नदेखिँदा विपक्षीहरूको कार्यलाई कानूनबमोजिमको कार्य मान्न नसकिने।

विपक्षीहरूले निवेदिकाको छोरालाई प्रकाउ गरी स्वास्थ्य जाँच गराई थुनुवा पुर्जी दिई निज विरूद्ध केही सार्वजनिक अपराध मुद्दा दायर गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट म्याद थप गराई अनुसन्धानको प्रक्रिया अगाडि बढाएको भन्नेसम्म देखिन्छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ७ र १५ र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ७ ले सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची-१ अन्तर्गत चलाइने मुद्दामा अपनाउनु पर्ने कार्यविधिको सम्बन्धमा व्यवस्था गरेकोमा उल्लिखित कार्यविधिको अनुशरण विपक्षीहरूबाट भएको भन्ने देखिन नआउने।

प्रचलित कानूनमा नै अनुसन्धान तहकिकात सम्बन्धमा व्यवस्था गरिनु पछाडिको अन्तरनिहित उद्देश्य तहकिकातलाई विश्वसनीय भरपर्दो बनाउँदै सही न्याय सम्पादनको आधार खडा गर्नलाई हो। कानूनले निश्चित गरेको प्रक्रिया र विधिको कुनै अवलम्बन नगरी अनुसन्धान गर्ने हो भने कानूनमा नै कार्यविधिको बारेमा उल्लेख गर्नु पछाडिको मक्सद र उद्देश्य नै निस्प्रयोजनहीन हुन पुग्दछ। विधिको शासन (Due process of law) न्याय प्राप्तिको लागि हुने हुँदा विपक्षी प्रत्यर्थीहरूले अपनाउनु पर्ने कार्यविधिको अनुसरण नगरी भएको अनुसन्धान तहकिकात र त्यस्तो अनुसन्धान तहकिकातको क्रममा राखेको थुनालाई कानूनबमोजिमको थुना मान्न सकिने अवस्था नदेखिने।

अतः प्रकरणहरूमा विवेचना गरिएबमोजिम विपक्षीहरूबाट निवेदिकाका छोरा जयराम दंगाललाई राखिएको थुना कानूनबमोजिमको थुना नदेखिँदा निवेदक माग दाबीबमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल पुस ३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WH-००४५, बन्दीप्रत्यक्षीकरण, *निशा खड्का वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनूसूची-१ अन्तर्गतको मुद्दा चलाउन प्रचलित कानूनमा निश्चित विधि र प्रक्रियाको बारेमा उल्लेख गरेकोमा सोही विधि र प्रक्रियाको पूर्णत: पालना र प्रयोग गर्दै वा त्यस्तो विधि र प्रक्रियालाई शिरोधार्य गर्दै कामकारबाही गर्नुलाई कानूनबमोजिमको कार्य मान्न सकिन्छ। विपक्षी प्रत्यर्थीहरूको लिखित जवाफ र मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा उल्लिखित ऐन तथा नियमहरूको पूर्णपालना गरी निवेदिकाको बाबु छत्रबहादुर खड्काउपर केही सार्वजनिक अपराध मुद्दा चलाइएको भन्ने नदेखिँदा विपक्षीहरूको कार्यलाई कानूनबमोजिमको कार्य मान्न नसकिने।

विपक्षीहरूले निवेदिकाको बाबुलाई प्रकाउ गरी स्वास्थ्य जाँच गराई थुनुवा पुर्जी दिई निज विरूद्ध केही सार्वजनिक अपराध मुद्दा दायर गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट म्याद थप गराई अनुसन्धानको प्रक्रिया अगाडि बढाएको भन्नेसम्म देखिन्छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ७ र १५ र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ७ ले सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची-१ अन्तर्गत चलाइने मुद्दामा अपनाउनु पर्ने कार्यविधिको

सम्बन्धमा व्यवस्था गरेकोमा उल्लिखित कार्यविधिको अनुशरण विपक्षीहरूबाट भएको भन्ने देखिन नआउने।

प्रचलित कानूनमा नै अनुसन्धान तहकिकात सम्बन्धमा व्यवस्था गरिनु पछाडिको अन्तरनिहित उद्देश्य तहकिकातलाई विश्वसनीय भरपर्दो बनाउँदै सही न्याय सम्पादनको आधार खडा गर्नलाई हो । कानूनले निश्चित गरेको प्रक्रिया र विधिको कुनै अवलम्बन नगरी अनुसन्धान गर्ने हो भने कानूनमा नै कार्यविधिको बारेमा उल्लेख गर्नु पछाडिको मक्सद र उद्देश्य नै निस्प्रयोजनहीन हुन पुग्दछ । विधिको शासनमा (Due process of law) न्याय प्राप्तिको लागि हुने हुँदा विपक्षी प्रत्यर्थीहरूले अपनाउनु पर्ने कार्यविधिको अनुशरण नगरी भएको अनुसन्धान तहकिकात र त्यस्तो अनुसन्धान तहकिकातको क्रममा राखेको थुनालाई कानूनबमोजिमको थुना मान्न सकिने अवस्था नदेखिने।

अतः प्रकरणहरूमा विवेचना गरिएबमोजिम विपक्षीहरूबाट निवेदिकाका बाबु छत्रबहादुर खड्कालाई राखिएको थुना कानूनबमोजिमको थुना नदेखिँदा निवेदक माग दाबीबमोजिम विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल पुस ३ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-१६२९, सरकारी छाप दस्तखत किर्ते, *तुफेल पठान वि. नेपाल सरकार*

बरामद भएको भनिएको पजेरो गाडी र सेन्ट्रो गाडी भन्सार चोरी पैठारी गरी ल्याएको भनी चलेको मुद्दामा प्रतिवादी तुफेल पठानले बरामद भएको गाडी भन्सार चोरी पैठारी गरी ल्याएको प्रमाणित हुन नसकेकोले राजस्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय, पथलैयाबाट मिति २०६७।६।२४ मा निज प्रतिवादीले सफाइ पाउने गरी निर्णय भएको रहेछ। सो निर्णयउपर पुनरावेदन नपरी अन्तिम भएर रहेको छ। प्रस्तुत मुद्दामा किर्ते गरेको भनिएको कागजमा भएको लेखौट र यी प्रतिवादीको नमुना हस्तलिखत परीक्षणको लागि केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा पठाउँदा सो प्रयोगशालाको Questioned Document Unite बाट “No definite opinion could be expressed on the questioned writings marked Q1 to Q4 when compared with the specimen writings marked S4 to S9 as the writer does not show any lapse of individuals writings habits.” भनी परीक्षण राय मिति २०६६।४।१३ मा प्राप्त भएको देखिने।

फौजदारी मुद्दामा आरोप लगाइएको व्यक्तिको कसुर प्रमाणित गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ ले वादी पक्षलाई सुम्पेको छ। अझ एकजनाभन्दा बढी व्यक्तिहरू सम्मिलित भई कुनै वारदात घटाएका छन् भने उक्त वारदातमा कसले कुन आपराधिक कार्य गरेको हो अर्थात् प्रतिव्यक्तिले गरेको कसुर प्रमाणित गर्नु पर्दछ भने फौजदारी विधिशास्त्रीय मान्यता हो । त्यसरी प्रतिव्यक्तिले गरेको कसुर प्रमाणित हुन नसक्दा शङ्काको सुविधा अभियुक्तले पाउँछ। यसका साथै अभियुक्तहरूको कसुर शङ्कारहित तवरबाट प्रमाणित गर्न पेस गरिएको प्रमाणहरूको तादम्यता पनि मिलेको हुनुपर्ने हुन्छ । जसबाट अनुसन्धान प्रक्रिया विश्वसनीय देखिनुका साथै मिसिल संलग्न प्रमाणसँग कुनै छेडछाड भएको छैन भन्ने कुराबाट न्यायकर्ता विश्वस्त हुन सक्छ । प्रस्तुत मुद्दामा प्रतिवादी तुफेल पठानलाई उक्त गाडी बरामद भएको दिन अर्थात् मिति २०६६।३।१५ मा भन्सार चोरी गरी पैठारी गर्न लगिएको उक्त दुइवटा गाडीसँगै पक्राउ गरिएको भनी

वादी पक्षले दाबी गरे पनि मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय, चितवनको मिति २०६६।३।११ को पत्र र भरतपुर अस्पतालको सोही मितिको Police Case Register को प्रतिलिपिबाट उक्त गाडी बरामद हुनुअगाडि नै यी प्रतिवादी प्रहरी हिरासतमा रहेको देखिएबाट प्रस्तुत मुद्दामा प्रमाणहरूको विश्वसनीयता प्रमाणित हुन सकेको देखिएन । यसका साथै किर्ते गरेको भनिएको कागजमा भएको हस्तलिखत यी प्रतिवादीको नमुना हस्तलिखतसँग मेल खाएको परीक्षण रायबाट नदेखिएको अवस्थामा निजले गरेको कसुर के हो भन्ने कुरा पनि स्पष्ट हुन नआएकोले निज प्रतिवादीलाई आरोपित कसुरमा सजाय गर्ने गरी भएको फैसला प्रतिवादी तुफेल पठानको हकमा कायम रहन सक्ने नदेखिने ।

तसर्थ, विवेचित आधार कारण र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादी तुफेल पठानले आरोपित कसुर गरेको तथ्य मिसिल संलग्न प्रमाणबाट शङ्कारहित तवरले पुष्टि भएको नपाइएकोले निजलाई कसुरदार ठहऱ्याई चितवन जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।२।१० मा भएको फैसला प्रतिवादी तुफेल पठानको हकमा मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई पुनरावेदक प्रतिवादी तुफेल पठानले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७५ साल वैशाख २८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खडका,** ०७१-CI-१२२९, निषेधाज्ञा / परमादेश, *अर्जुनकुमार कार्की वि. विजयकुमार घिमिरे*

निवेदकको नाममा दर्ता रहेको निजको हकभोगमा रहेको कि.नं. ४९९ र कि.नं. ४४१ को जग्गाको केही भाग बाटो विस्तारको क्रममा पर्न जाने भएको कारण देखाई निवेदकले विपक्षीमध्येका बागमती सभ्यता एकीकृत विकास समितिसमक्ष द.नं.९०८ मिति २०७०।६।१५ मा मुआब्जा पाउँ भनी निवेदन दिएको देखिने । रिट निवेदक विजयकुमार घिमिरेले निजको जग्गा सार्वजनिक बाटो विस्तारको क्रममा प्रयोग भएको हुँदा सो जग्गाबापतमा कानूनबमोजिम मुआब्जा पाउँ भनी विकास समितिका आयोगका प्रमुखसमक्ष निवेदन दिएकोमा सो निवेदनउपर विपक्षीबाट अन्तिम कारबाही गरी क्षतिपूर्ति सम्बन्धमा टुङ्गो लगाएको मिसिलबाट देखिन नआउने ।

राज्यले सार्वजनिक हितको लागि व्यक्तिको जग्गा अधिग्रहण गर्दा उचित क्षतिपूर्ति दिएर मात्र प्राप्त गर्न सक्छ भन्नेमा विवाद छैन । सार्वजनिक हित र मुलुकको सर्वाङ्गीण विकासको लागि व्यक्तिको निजी सम्पत्ति प्रयोग गर्दा त्यसको उचित क्षतिपूर्ति दिएर मात्र गर्नुपर्छ भन्ने लोक कल्याणकारी राज्य तथा उत्तरदायी सरकारको कर्तव्यभित्र पर्ने विषय हुन् । प्रस्तुत मुद्दामा रिट निवेदकले सार्वजनिक बाटोमा परेको निजी जग्गाको क्षतिपूर्ति तथा मुआब्जा प्रदान गरिपाउँ भनी दिएको निवेदनउपर कानूनबमोजिम कारबाही गर्नु भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।२।१८ मा र पुनरावेदन अदालत पाटनबाट मिति २०६७।८।१५ मा निर्णय भएकोमा प्राप्त निवेदनउपर विपक्षी कार्यालयबाट कुनै कारबाही नगरी त्यसै राखी रहन उत्तरदायी सिद्धान्तप्रतिकूल हुन आउँछ । अधिकारप्राप्त निकायले आफूसमक्ष परेको निवेदनमा आलटाल गरी आवश्यक निर्णय नगरी आफ्नो जवाफदेहिता पूरा नगरेको अवस्थामा कानूनबमोजिम निर्णय गर्नु भनी पुनरावेदन अदालत पाटनबाट भएको परमादेशको आदेश अन्यथा नदेखिने ।

अतः उल्लिखित आधार कारणबाट बाटो विस्तारसम्बन्धी कार्य सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञा जारी गर्न नमिल्ने र रिट निवेदकले मुआब्जा

पाउँ भनी दिएको निवेदनसमेत दिएको अवस्थामा सम्बन्धित जग्गा नापजाँच गरी बाटोमा परेको निजी जग्गाको क्षेत्रफलको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति दिनेतर्फ निवेदकको निवेदनउपर आवश्यक कारबाही गर्नु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।६।२९ मा जारी भएको परमादेशको आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खडका,** ०७१-CI-१६२१, निषेधाज्ञा, *जनकलाल पुरवार वि. राजेन्द्र पुरवारसमेत*

मैले अंश हकबापत मिलापत्र गरी पाएको घर विपक्षी नं.१, २ र ३ ले भत्काउन सक्ने आशङ्काको अवस्था विद्यमानता रहेकोमा मेरो निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्नेमा पुनरावेदन अदालत नेपालगञ्जबाट निवेदन खारेज हुने ठहर गरी भएको आदेश त्रुटिपूर्ण भएको भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ । विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँके र ऐ.का प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ हेर्दा, राजेन्द्रकुमार पुरवारले दिएको निवेदन शान्ति सुरक्षासँग सम्बन्धित भएकाले स्थानीय प्रशासन ऐन, २०२८ ले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही काम कारबाही गरिएको हो, क्षेत्राधिकारविहीन अनाधिकार काम कारबाही गरिएको छैन भनी उल्लेख भएको देखिने।

राजेन्द्रकुमार पुरवारले शान्ति सुरक्षाको लागि दिएको निवेदनमा आवश्यक कारबाही गर्नको लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ले दिएको अधिकारक्षेत्रभित्र रही कानूनबमोजिम जिल्ला प्रशासन कार्यालय, बाँके र ऐ.का प्रमुख जिल्ला अधिकारीबाट यी पुनरावेदक / निवेदकलाई बोलाएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । आफ्नो इलाकाभित्र शान्ति सुव्यवस्था कायम गर्नु गराउनु प्रहरी प्रशासनको जिम्मेवारीभित्रै पर्ने विषय हुँदा त्यस हदसम्मको कार्यबाट निवेदकलाई गैरकानूनी रूपमा पक्राउ गर्ने, थुन्ने, कागज गर्ने, कागज गराउनेलगायतको कार्य गरेको र त्यस्तो काम हुन सक्ने आशङ्काको अवस्था विद्यमान रहेको भन्नसमेत मिल्ने नदेखिने।

अतः उल्लिखित आधार, कारणबाट पुनरावेदन अदालत नेपालगञ्जबाट रिट निवेदन खारेज हुने ठहर्‍याई मिति २०७१।१।१० मा भएको आदेश मनासिबै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CR-१५२३, अदालतको अवहेलना, *जनकलाल पुरवार वि. राजेन्द्र पुरवारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खडका,** ०७१-CI-१६५७, निषेधाज्ञा, *ज्ञानबहादुर महर्जन वि. बद्री तामाङ*

निवेदकले करारनामाबमोजिमको सर्त पालना नगरेमा कानूनबमोजिम आफ्नो अधिकार प्रचलनका लागि जान पाउने कानूनी बाटो रहे भएकोमा घर भाडासम्बन्धी विवादलाई लिएर विपक्षीहरूले शान्ति सुरक्षाको लागि भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको र उक्त कार्यालयले आफूकहाँ निवेदन परेको हुँदा आवश्यक कारबाहीको लागि सक्कलै निवेदन महानगरीय प्रहरी परिसर ललितपुरमा पठाएको भन्ने कुरा स्वीकार गरेको देखिन्छ। प्रस्तुत विवाद मिलाउने क्रममा विपक्षीहरूले दिएको निवेदनको आधारमा निवेदकलाई झिकाउने छलफलमा राख्ने जस्ता कार्यहरू विपक्षी कार्यालयबाट हुन सक्ने अवस्था विद्यमान रहेको देखिँदा निवेदकको वैयक्तिक

हकको हनन् हुन सक्ने आशङ्का देखिन आयो। तसर्थ कानूनबमोजिम बाहेक देवानी दायित्वको करारको विषयलाई लिएर जग्गा खाली गर्ने गराउने, व्यवसाय गरेको ठाउँमा अनधिकृत हस्तक्षेप गर्ने गराउने, सो विषयमा धरपकड तथा कुनै कागज गराउने जस्ता कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको आदेश मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार, कारणबाट पुनरावेदन अदालत पाटनबाट निवेदन मागबमोजिम विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई मिति २०७०।१२।१९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे** ०६९-CI-०७७१, हक कायम मिलापत्र बदर, *नेजामुदिन मंसुरीसमेत वि. सलाउदिन मियासमेत*

विवादित कि.नं. २३२ को क्षेत्रफल ०-०-७ ऐलानी जग्गामा रहेको तिनवटा घरमा नै त्यतिबेला वादी प्रतिवादीहरूको बसोबास रहेको भन्ने स्पष्ट देखिन आउँछ । उक्त फैसलाको छायाँप्रतिमा वादी प्रतिवादीको घर बसोबासको ३ वटा घर भएको ०-०-७ ऐलानी जग्गाको कि.नं.१३२ भन्ने उल्लेख भएको देखिएको छ । सो कि.नं.१३२ नभई २३२ हो भन्ने वादीहरूको दाबी रहेको छ। पूर्व फैसलामा उल्लिखित घर बसोबासको जग्गा कि.नं.१३२ नै हो हाल मिलापत्र भएको विवादित जग्गा सोबाहेकको अर्कै यो यस्तो जग्गा हो भनी प्रतिवादीहरूले उल्लेख गर्न र त्यस्तो अवस्था प्रमाणित गर्न सकेको नदेखिने।

जग्गाको फिल्डबुक हेर्दा, भेडियाही-१, कि.नं.१३२ को जग्गा २०२३।०१।२३ मा नापी हुँदा ०-०-६ क्षेत्रफलको इनार भन्ने उल्लेख भएको देखियो। भेडियाही-१, कि.नं.२३२ को ०-०-७ क्षेत्रफल जग्गाको जोताहाको नाममा अजिज मियाँ धुनिया र किसानको बेहोरामा यो जग्गा ऐलानी हो, यसमा मैले घर बनाई बसोबास गरी आएको छु भन्ने बेहोरा जनिई २०२३।०१।३१ मा फिल्डबुक तयार भएको भन्ने नापी शाखाबाट प्राप्त फिल्डबुक उतारबाट देखिने।

२०२३ सालमा जग्गा नापी हुँदा तयार भएको फिल्डबुकको उक्त बेहोराबाट वादी प्रतिवादीहरूको घर बसोबास भेडियाही-१, कि.नं.२३२ को ०-०-७ क्षेत्रफलको ऐलानी जग्गामा रहे भएको भन्ने देखिन्छ । सोअनुरूप नै २०३७।०३।२१ मा भएको अंश मुद्दाको फैसलामा प्रतिवादी मोहवत मियाँले पेस गरेको तायदाती फाँटवारीमा उक्त भेडियाही -१, को ०-०-७ मा तिनवटा घरहरू रहेको भनी उल्लेख गरेको र त्यसबाट समेत वादीहरूले अंश छुट्याई लिन पाउने गरी उक्त घर जग्गामा वादीहरूको अंश हक कायम भएको देखिन आउने।

प्रतिवादीबाट पेस भएको उक्त फैसलाको प्रतिलिपिको छायाँप्रतिमा कि.नं.१३२ भन्ने उल्लेख भए पनि कि.नं.१३२ वादी प्रतिवादीहरूको नाउँ दर्ता बसोबासको जग्गा भन्ने नदेखिई उक्त कि.नं.१३२ को ०-०-६ जग्गा इनार जनिई नापी भएको भन्ने फिल्डबुकबाट देखिएकोले दे.नं.३४३९ को प्रमाणको अंश मुद्दाबाट वादीहरूको अंश हक कायम भइरहेको घर बसोबासको जग्गा कि.नं.२३२ कै जग्गा रहेछ भन्ने स्पष्ट देखिन आउने । वादीहरूसमेतको अंश हक कायम भई वादीहरूसमेतको घर बसोबासको कि.नं.२३२ को जग्गा लिनुदिनु गरी प्रतिवादीहरूले मिति २०६२।११।१२ मा गरेको मिलापत्र वादी दाबीअनुसार ४ खण्डको २ खण्ड बदर भई सो हदसम्म

वादीहरूको हक कायम हुने ठहऱ्याई पुनरावेदन हेटौंडाबाट मिति २०६६।०५।०१ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट वादी दाबी खारेज हुने ठहरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६४।०३।३१ मा भएको फैसला उल्टी भई वादीहरूसमेतको अंश हक कायम भई वादीहरूसमेतको घर बसोबासको कि.नं. २३२ को जग्गा लिनुदिनु गरी प्रतिवादीहरूले मिति २०६२।११।१२ मा गरेको मिलापत्र वादी दाबीअनुसार ४ खण्डको २ खण्ड बदर भई सो हदसम्म वादीहरूको हक कायम हुने ठहऱ्याई पुनरावेदन हेटौंडाबाट मिति २०६६।०५।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री सारदाप्रसाद घिमिरे**, ०७२-CI-१५४५, नक्सा रोक्का, *सत्यमाया त्यात वि. कृष्णराम प्रसाद लागे*

भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ४ स्थित कि.नं. ८१९ को क्षेत्रफल ०-१-० जग्गा विपक्षी कृष्णप्रसाद लागेको तथा कि.नं.८२० समेतको जग्गा प्रतिवादी सत्य माया त्यातको भएको तथ्यमा विवाद छैन। पुनरावेदक / प्रतिवादीको कि.नं. ८२० तथा १२२७ को जग्गा मिति २०५८।०९।१७ मा पारित नक्साबमोजिम एक तला घर निर्माण भइसकेको साथै रहेको दे.पु.नं.२४१२ को सार्वजनिक पर्खाल ढोकासमेतको मुद्दाबाट देखिएकोमा कि.नं.८२० को उत्तरतर्फ केही जग्गा साबिकमा रहेकोमा विपक्षीले कि.नं.९१९ मा समावेश गरी नक्सा पास गरेको बदरतर्फ नै पुनरावेदन जिकिर केन्द्रित रहेको पाइने।

भक्तपुर नगरपालिकाले गरेको मिति २०७१।०१।०७ को निर्णयमा पुनरावेदकले नक्सा पास गरी घर निर्माण गर्दा पास भएको नापभन्दा कम रहेको भनी निर्णय गरेको स्थिति छ। तथापि कसैले निजी हकभोगको जग्गा कुनै प्रयोजनले खाली छोड्दैमा त्यसले अन्य पक्षको हक सिर्जना हुन्छ भनी मान्न नमिल्ने।

नक्साको प्रकृतिबाट समेत कि.नं.८२ को उत्तरतर्फ केही भाग गएको देखिन्छ अर्थात् कि.नं. ८१९ को जग्गा समानान्तर रूपमा बिचमा केही भागभित्र पसेको जुन भाग कि.नं.८२० को भएकोमा विवाद भएन। तथापि मिति २०७१।०२।०५ मा पास भएको कि.नं. ८२० को जग्गामा निर्माण हुने घरको नक्साको आकृति हेर्दा बिचको भागमा केहीभित्र पस्नु पर्नेमा सो नभई समान रूपमा रहे भएको पाइएबाट उल्लिखित न.नं. ८ को जग्गा उक्त नक्सा पास गर्दा कि.नं. ८१९ मा समावेश भएको पाइएबाट नक्सा सो हदसम्म कायम रहन सक्ने नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट मिति २०६३।६।२६ मा यिनै पक्ष विपक्ष भएको नि.नं.१६२ र ६३२ को हक कायम मुद्दामा गरिएको नक्सा मुचुल्कामा विवाद देखिएको न.नं.८ को जग्गासमेत समावेश गरी विपक्षी भक्तपुर नगरपालिकाले मिति २०७१।०२।०५ मा पास गरेको नक्सा सो हदसम्म बदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०५।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-०९२०, लागु औषध ब्राउन सुगर, *कसिम मियाँ हवारी वि. नेपाल सरकार*

सुरू अदालतमा पुनरावेदक / प्रतिवादीले आफ्नो साथबाट १५।१६ पुरियामा गरी ४ ग्राम ब्राउन

सुगर मात्र बरामद भएको र सो सेवन गर्न राखेको हुँ। म लागु औषध सेवनकर्ता हुँ भनी कसुरमा साबित भई बयान गरेको देखिने।

पुनरावेदक प्रतिवादीको स्थायी वतन पर्सा जिल्लाअन्तर्गत रहेको र अन्य कुनै कामकाज गरी पोखरामा बस्ने गरेको भन्ने पनि खुल्न नआएको हुँदा लागु औषधकै कारोबारको सिलसिलामा पर्साबाट कास्की पोखरा आएको देखिन आउँछ । निज प्रतिवादीबाट नेपाल टेलिकम र Ncell को गरी ४ वटा सिमकार्ड बरामद भएको देखिन्छ। लागु औषध खैरो हिरोइन बिक्री कारोबार गर्न विभिन्न सिमकार्ड प्रयोग गर्ने र अपराधबाट उम्कन लुक्न छिप्न सजिलो होस् भन्ने उद्देश्यले रहेको पनि देखिन आउने।

बरामदी मुचुल्कामा बस्ने प्र.नि.भुवनेश्वर तिवारी सुरू अदालतमा उपस्थित भई प्रतिवादी हिँडिरहेको अवस्थामा खानतलासी गर्दा दाहिने जुत्ताभित्र लुकाई राखेको अवस्थामा २६ ग्राम लागु औषध ब्राउनसुगरसहित पक्राउ परेको हो भनी बकपत्र गरिदिएको देखिँदा यी पुनरावेदक / प्रतिवादीले लगाएको दाहिने जुत्ताबाट २६ ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको र सो बरामद भएको परिमाण तथा साना-साना पुरियाहरूसमेत बनाइएको र लगाएको जुत्ताभित्र लुकाएको अवस्थामा बरामद हुन गएको तथ्य प्रमाणहरूको रोहबाट समेत निज पुनरावेदक / प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निज पुनरावेदक / प्रतिवादी कासिम मिया हवारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम १० वर्ष कैद र १ लाख जरिवानासमेत हुने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०६९।१०।१५ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७०।०३।३१ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट यी पुनरावेदक / प्रतिवादी कासिम मिया हवारीले अभियोग दाबीअनुसारको कसुर गरेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।– (एक लाख) जरिवाना हुने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०६९।१०।१५ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७०।०३।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-१४०५, कर्तव्य ज्यान, *ओमप्रसाद श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी ओमप्रसाद श्रेष्ठले मृतक सोनु श्रेष्ठलाई लाठा, ढुंगा, लात, मुक्का इत्यादिले हानी कर्तव्य गरी मारेको नभई घाँटी थिची मारेको भनी स्वीकार गरी मौकामा अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष गरेको बयानलाई समर्थित हुने गरी मौकामा बुझिएका मानिसहरू विष्णुमाया खनाल, जानुका खनाल, कृष्णप्रसाद अर्याल, गितादेवी वि.क., र ऋषिराम रेग्मीसमेतले मौकामा गरेको कागजलाई पुष्टि हुने गरी सुरू अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको पाइने।

मिसिल संलग्न लास प्रकृति मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का तथा मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट मृतक सोनु श्रेष्ठलाई प्रतिवादी ओमप्रसाद श्रेष्ठले मार्ने मनसाय राखी योजना बनाई मृतकको घाँटी थिची कर्तव्य गरी मारी मृतक लासलाई बोरामा राखी काली गण्डकी नदीमा फालेको तथ्य पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको

महलको १४ नं. आकर्षित हुने अवस्था नदेखिँदा निज प्रतिवादी ओमप्रसाद श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याई सुरू पाल्पा जिल्ला अदालतबाट मिति २०७०।११।०८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।०८।२९ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादी ओमप्रसाद श्रेष्ठले अभियोग दाबीबमोजिम कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी ओमप्रसाद श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू पाल्पा जिल्ला अदालतबाट मिति २०७०।११।०८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।०८।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल मङ्सिर १७ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७१-WO-०७७५, उत्प्रेषण, *शुभनारायण पाठक वि. पूर्वाञ्चल विश्वविद्यालयका कुलपति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदक मिति २०६९।७।२० को निर्णयबमोजिम पूर्वाञ्चल विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकायको डिनको पदमा नियुक्ति भएको देखिन्छ। उक्त डिन पदमा रहँदा निवेदकसमेत उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा भष्ट्राचार मुद्दा दायर भई मिति २०७१।१२।२ मा उक्त अदालतबाट निवेदकसमेतका सबै प्रतिवादीहरूले सफाइ पाउने गरी फैसला भएको पाइयो। विद्यमान अवस्थामा सम्माननीय प्रधानमन्त्री तथा कुलपति विपक्षीमध्येका शिरिष रिजाललाई पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपतिको हैसियतले कामकाज गर्ने गरी मिति २०७१।१२।११ मा गरेको आदेश तथा निर्देशन र सो आधारमा विपक्षी शिरिष रिजालले मिति २०७१।१२।१५ मा डा. पवनकुमार झालाई विज्ञान तथा प्रविधि संकायको डिनको जिम्मेवारी तोक्ने गरेको आदेश कानून उल्लङ्घन गरी भएको हुनाले त्यसउपर मिति २०७१।१२।१९ गते यस अदालतमा रिट निवेदन पर्न आएको देखिने।

पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा २७ को उपदफा २ मा डिनको पदावधि चार (४) वर्षको हुने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ। निवेदक मिति २०६९।७।२० को निर्णयबमोजिम डिन पदमा रही कामकाज गरी आएको देखिँदा नेपालको कानूनी व्यवस्थालाई हेर्दा निजको पदावधि हाल समाप्त हुने अवस्था देखिने।

अतः निवेदकको पदावधिको अवधि चार वर्ष पूरा भएको र कानूनी व्यवस्थामा पनि डिनको पदावधि चार वर्षको हुने भनी स्पष्ट हुँदाहुँदै निवेदकको प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको र निवेदकको मौलिक हकमा आघात पर्ने र अपूरणीय क्षति हुने अवस्था विद्यमान अवस्थामा कायम नरहेको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ। रिट खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७१।१२।२२ मा जारी गरेको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुने।

इजलास अधिकृतः हिरा माया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०३०५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिलबहादुर वि.क.*

मृतकको लासजाँच मुचुल्काबाट मृतकको अङ्ग शरीरमा विभिन्न चोटपटक लागेको देखिएकोमा, मृतकको शव परीक्षण प्रतिवेदनबाट पनि विभिन्न चोटपटक देखिन आई मृत्युको कारक तत्त्वको रूपमा Head Injury कारण Internal Bleeding & big Hematoma भई मृत्यु भएको भन्ने देखिन आउने।

मृतकले रक्सी खाई गाली गलौज कुटपिट गरेकोमा यी प्रतिवादीले पनि सोको प्रतिकार गर्दा धकेला धकेल हुन गई मृतक भुइँमा लडी चोटपटक लागेको देखिएको बेहोरालाई यी प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान, लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि भएको देखिन्छ तर प्रतिवादीले जोखिमी हतियार एवम् लाठा ढुंगा प्रहार गरेको भन्ने बेहोरा कतैबाट देखिएको अवस्था छैन। साथै आफ्नै बाबुलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी, मनसाय, योजनासमेत रहेको भन्ने पनि नदेखिने।

मादकपदार्थ सेवन गरेका एकासगोलको बाबु र प्रतिवादी छोराबिच मासुका विषयमा विवाद भई सामान्य झगडा भई धक्का धक्की हुँदा मृतक लड्न गई टाउको र नाकसमेतमा चोट लागेकोमा प्रतिवादी र निजकी श्रीमतीसमेतले, घाउ सफा गरी उठाई लगी घरभित्र ओछ्यानमा सुताएकोमा भोलिपल्ट बिहान हेर्दा मृत्यु भएको देखिएकोसमेत तथ्य प्रमाणबाट प्रस्तुत वारदात ज्यानसम्बन्धीको महलको १४ नं. अनुसारको कसुर नभई ऐ.५ नं. बमोजिमको भवितव्यको कसुर देखिन आई ज्यानसम्बन्धीको महलको ६ नं. बमोजिम प्रतिवादीलाई तजबिजी कैद वर्ष २ गर्ने गरेको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६६।१०।१७ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।१२।०१ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट यस अदालतबाट मिति २०७०।४।१८ मा प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्न अनुमति प्रदान गरिएको आधार, कारणहरूसँग यस इजलास सहमत हुन नसकी प्रस्तुत मुद्दाको वारदात ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको नभई ऐ.को ५ नं. बमोजिम भवितव्यको कसुर देखिन आएकोले ऐ.को ६ नं. बमोजिम निज प्रतिवादी दिलबहादुर वि.क.लाई तजबिजी कैद २ वर्ष हुने ठहरी सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६६।१०।१७ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल मङ्सिर १४ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०१५९, उत्प्रेषण, *मोहनराज भट्ट वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

निवेदकले बढुवा हुनको लागि माग गरेको पदमा नै निजको बढुवा भई हाल कार्यरत रहेको भन्ने देखिँदा निजको बढुवासम्बन्धी प्रयोजन पूरा भइसकेकोले यी निवेदकलाई सम्भाव्य उम्मेदवार कायम नगरेको बढुवा समितिको मिति २०७१।०२।३० को निर्णय तथा सो निर्णय सदर गर्दै संशोधित बढुवा सूचीमा विपक्षी राजु शर्मा अर्यालसमेतलाई समावेश गर्ने गरी लोक सेवा आयोगबाट मिति २०७१।५।५ मा भएको निर्णय सम्बन्धमा थप विवेचना गरी रहन परेन। तसर्थ उक्त निर्णयहरू तथा सोबमोजिमका कार्यहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन जिकिरअनुसार आदेश जारी गर्नुपर्ने प्रयोजन नदेखिने।

कर्मचारीको वृत्ति विकासको सन्दर्भमा योग्यता प्रणाली (Meritocracy) को मर्म र भावनालाई

हृदयङ्गम गर्नुपर्ने नै हुन्छ । तर एकै प्रकृतिको बढुवा प्रक्रियामा सेवा अवधिको प्रयोजनको लागि निजामती सेवा ऐन, २०४९ को दफा २६ र दफा २२(घ) को कानूनी व्यवस्थाको फरक व्याख्या गरी फरक मापदण्ड अवलम्बन गर्दा सम्भावित उम्मेदवारहरूको हकमा असर पर्ने देखिने ।

निवेदक मोहनराज भट्ट बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको रा.प. अनंकित प्रथम श्रेणी ना.सु. पदमा मिति २०५९।१।२९ मा स्थायी नियुक्ति प्राप्त गरेको देखिन्छ । तत्कालीन कानूनी व्यवस्थाबमोजिम निवेदक नेपाल प्रशासन सेवा, राजस्व समूह, रा.प. अनंकित प्रथम श्रेणीको समान तहमा खुला प्रतियोगिताबाट छनौट भई मिति २०६७।९।२८ मा नियुक्ति प्राप्त गरेको देखिन्छ । समान तहमा आउनुपूर्व नै निज निवेदक नेपाल प्रशासन सेवा हुलाक समूहमा आठ वर्षभन्दा बढी अवधि कार्यरत रहेको देखिन आयो । निज निवेदक समूह परिवर्तन गरेको कारण न्यूनतम सेवा अवधि नपुगेको भनी बढुवा प्रक्रियामा समावेश नगरिँदा निजको वृत्ति विकासको सन्दर्भमा स्वभाविक रूपमा मर्का परेको देखिने । निवेदक मोहनराज भट्ट मिति २०७३।०३।०३ को निर्णयानुसार मागबमोजिमको पदमा बढुवा भइसकेको देखिए तापनि लोक सेवा आयोगको बढुवा सूचना नम्बर २२५।०७०।७१ को सन्दर्भमा बढुवा प्रयोजनको लागि सम्भाव्य उम्मेदवार कायम हुनबाट वञ्चित हुनु परेको अवस्थालाई दृष्टिगत गर्दा यी निवेदकको हकमा उक्त सूचनाअनुसार बढुवा भएका विपक्षी राजु शर्मा अर्यालको बढुवा मिति कायम भएसरह यी निवेदकको समेत ज्येष्ठता कायम हुनु समन्यायिक दृष्टिबाट समेत उपयुक्त हुने देखिन्छ । यस अदालतबाट निवेदक टेकनाथ हुमागाई विरूद्ध लोक सेवा आयोगसमेत भएको ०६८-WO-०९०१ उत्प्रेषणसमेतको निवेदन, बाबुराम सिग्द्यालसमेत विरूद्ध लोक सेवा आयोगसमेत भएको ०७१-WO-०१५४ को उत्प्रेषणसमेतको निवेदन तथा निवेदक परशुराम दाहाल विरूद्ध लोक सेवा आयोगसमेत भएको ०६९-WO-१०४५ को उत्प्रेषणसमेतको रिट निवेदनहरूमा ज्येष्ठता कायम गर्ने सम्बन्धमा भएको व्याख्या वा अपनाइएको सिद्धान्तसमेतको आधारमा निवेदकको हकमा पनि अघिल्लो मितिकै ज्येष्ठता कायम गरिनु न्यायोचित हुने ।

तसर्थ निवेदकको रा.प. तृतीय श्रेणीको पदमा सेवाको ज्येष्ठता प्रयोजनको लागि लोक सेवा आयोगको बढुवा सूचना नं. २२५।०७०।७१ अनुसार बढुवा भएका विपक्षी राजु शर्मासमेतको बढुवा मिति कायम भएसरह यी निवेदकको समेत ज्येष्ठता कायम गर्नु भनी बढुवा समिति, लोक सेवा आयोगसमेतका विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम् ।

- ०७१-WO-०१५९, उत्प्रेषण, *मोहनराज भट्ट वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-१००५, परमादेश, *नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, केन्द्रीय कार्यालय, भद्रकाली प्लाजासमेत वि. सूर्यप्रसाद अर्यालसमेत*

नेपाल दूरसञ्चार कम्पनी लि. कर्मचारी विनियमावली, २०६१ मा मिति २०६२।०१।०६ को निर्णयले गरिएको पहिलो संशोधनले निवृत्तिभरण प्रयोजनको लागि उक्त संशोधन अगावैको सेवा अवधि गणना गर्ने उद्देश्य नराखेको भए टेलिकम्युनिकेसन विभाग, नेपाल दूरसञ्चार समिति, नेपाल दूरसञ्चार संस्थानसमेतमा स्वीकृत दरबन्दी रहेको पदमा घटिमा एक वर्ष सेवा नटुटाई अस्थायी नियुक्ति पाएका

कर्मचारीहरूको सम्बन्धमा कुनै कुरा उल्लेख गर्नुको औचित्य नै रहने थिएन। ती साबिकदेखिको अस्थायी नोकरीलाई समेत गणना गर्नुको अर्थ नै अवकाश पाइसकेकाहरूलाई पनि सो सुविधा उपलब्ध गराउने उक्त संशोधनले मनसाय राखेको अर्थमा बुझ्नु पर्ने।

निवेदन मागअनुसार विनियमावलीको नियम ११६क. (३) मा भएको व्यवस्थाले प्रदान गरेको सुविधा निवृत्तिभरणको सुविधाको हक स्थापित भइसकेको प्रत्यर्थी निवेदकहरूले समेत प्राप्त गर्ने र उपभोग गर्न पाउनु पर्ने अवस्था विद्यमान रहेबाट उक्त निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने भनी सुरू पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७०।०७।२७ को आदेश मिलेकै देखिन आएको हुँदा पुनरावेदकको पुनरावेदन जिकिर एवम् निजहरूका तर्फबाट रहनुभएका कानून व्यवसायीको बहस जिकिरसमेतसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट सुरू निवेदन मागबमोजिम निवेदकहरूको अस्थायी सेवा अवधिको ६६ प्रतिशत सेवा अवधि गणना गर्नु भनी यी पुनरावेदक विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने भनी सुरू पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०७।२७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-RC-०११६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जीवन प्रजासमेत*

मृतक शेष चन्द्र चौधरीको मृत्यु बन्दुकको गोलीको छर्रा लागी भएको भन्ने तथ्यमा विवाद छैन। घाइते त्रिलोकी चौधरीसमेत गोलीकै प्रहारबाट मर्नेसम्मको अवस्थामा रहेको पुष्टि भएकै देखिन्छ। निजहरूउपरको किटानी जाहेरी, जाहेरी समर्थन हुने गरी जाहेरवालाले अदालतमा आई गरेको बकपत्र, मृतक शेष चन्द्र चौधरीको शव परीक्षण प्रतिवेदन, घाइते त्रिलोकी चौधरीको मौकाको कागज र अदालतको बकपत्र, बरामदी मुचुल्का र प्रतिवादीहरूको मौकाको साबिती बयानसमेतबाट वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि भएको देखिन आउने।

मृतक शेषचन्द्र चौधरीलाई मार्नुको कारणसमेत उल्लेख गरी यी प्रतिवादीहरू मिली योजना बनाई ज्यान मार्ने मनसायले निजमाथि भरूवा बन्दुकले गोली प्रहार गरी निजलाई कर्तव्य गरी मारेको तथ्यसमेत स्थापित हुन आएको देखिएकोले यी प्रतिवादीहरू जीवन प्रजा, गिराज प्रजा र मानबहादुर प्रजालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जनही सर्वस्वसहित जन्मकैदको सजाय ठहर हुने भनी सुरू चितवन जिल्ला अदालतबाट भएको फैसला सदर हुने भनी उच्च अदालत, पाटन, हेटौंडा इजलासबाट मिति २०७४।६।२४ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, विवेचित आधार कारणबाट यी प्रतिवादीहरू जीवन प्रजा, गिराज प्रजा र मानबहादुर प्रजालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जनही सर्वस्वसहित जन्मकैदको सजाय ठहर हुने भनी सुरू चितवन जिल्ला अदालतबाट मिति २०७३।०४।३१ मा भएको फैसला सदर हुने भनी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।०६।२४ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा साधक सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१३९१, जग्गा

खिचोला मेटाई चलन चलाई पाऊँ, *रामबहादुर श्रेष्ठ वि. गोवर्धन भुषा श्रेष्ठ*

विवादको कि.नं.१०४५ को जग्गा साबिकमा कि.नं.५३१ को क्षे.फ.०-१४-१-३ जग्गाबाट बन्डा छुट्याई लिँदाका अवस्थामा यिनै वादीको अंशियारमध्येकी निज कृष्णमाया श्रेष्ठको अंश भागमा परी निजका नाउँमा कायम हुन आएको देखिएको र यसै लगाउमा रहेको उक्त मिलापत्र बदर मुद्दामा वादीमध्येकी निज कृष्णमायाको हकदारका रूपमा यी वादी गोवर्धन भुषा श्रेष्ठलाई मानी सुरू जिल्ला अदालतमा नै मुद्दा सकार गराई निज कृष्णमायाको हकमा समेत इन्साफको रोहमा निर्णय भए गरेको देखिन्छ। प्रस्तुत जग्गा खिचोला मुद्दामा निज कृष्णमायाको हकदार गोवर्धन भुषा श्रेष्ठ रहेको वस्तुनिष्ठ आधार नभएको मानी प्रस्तुत मुद्दा खारेज हुने भनी सुरू अदालतबाट फैसला भएको देखिएबाट उक्त दुइवटै मुद्दामा यी वादी गोवर्धन श्रेष्ठलाई सुरू अदालतबाट पृथकपृथक हैसियतका रूपमा प्रस्तुत गरिएको देखिने।

सुरू जिल्ला अदालतबाट निज कृष्णमायाको हकदारको रूपमा रहेको भनी यी वादी गोवर्धन भुषा श्रेष्ठलाई उक्त मिलापत्र बदर मुद्दामा अ.बं.६२(३) नं.बमोजिम मुद्दा सकार गराइसकेपछि प्रस्तुत मुद्दामा यी वादीलाई निज कृष्णमाया श्रेष्ठको हकदार होइनन् भन्ने अर्थमा हेरिन नमिल्ने भई सोही आधारबाट प्रस्तुत मुद्दामा समेत ठहर निर्णय गर्नुपर्नेमा विवादित जग्गामा वादीको हकदैयाको अभाव रहेको भन्ने देखाई प्रस्तुत मुद्दा खारेज गर्ने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६९।२।२३ मा भएको फैसला मिलेको देखिन नआएबाट सुरू अदालतको उक्त फैसला उल्टी बदर हुने एवम् प्रस्तुत मुद्दामा अब जे, जो बुझ्नुपर्ने हो बुझी निर्णय गर्नु भनी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतमा पठाई दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।१० मा भएको फैसला मिलेकै देखिन आएकोले यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवम् निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँगसमेत सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतबाट विवादित जग्गामा वादीको हकदैयाको अभाव रहेको भन्ने देखाई प्रस्तुत मुद्दा खारेज गर्ने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६९।२।२३ मा भएको फैसला मिलेको देखिन नआएबाट सुरू अदालतको उक्त फैसला उल्टी बदर हुने एवम् अब जे, जो बुझ्नुपर्ने हो बुझी निर्णय गर्नु भनी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतमा पठाई दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-१३८७, मिलापत्र बदर, *रामबहादुर श्रेष्ठ वि. गोवर्धन भुषा श्रेष्ठ*
- ०७१-CI-१३८८, निर्णय बदरसमेत, *रामबहादुर श्रेष्ठ वि. गोवर्धन भुषा श्रेष्ठ*
- ०७१-CI-१३८९, फैसला बदरसमेत, *रामबहादुर श्रेष्ठ वि. कृष्णगोपाल श्रेष्ठसमेत*
- ०७१-CI-१३९०, घर इनार भत्काई खिचोला मेटाई चलनसमेत चलाई पाऊँ, *रामबहादुर श्रेष्ठ वि. गोवर्धन श्रेष्ठ*

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-०००९, अपुताली हक कायम नामसारी, *खेहरू यादव वि. दुलारी देवीसमेत*

वादीले आफूले अपुताली हकको दाबी लिँदा मृतक जोगिन्द्र र सनमुखिया देवीलाई निजहरूको

जीवनकालमा स्याहार सम्भार हेरविचार आफूले गरी आएको भन्ने फिराद बेहोरामा वादीको कथन रहेकोसमेत नदेखिएको र मृतक सनमुखिया देवीले आफू जीवित छँदै मिति २०६२।०६।०२ मा प्रतिवादी रघुवीर रायकी आमा प्रतिवादीमध्येकै दुलारीदेवीलाई र.नं.२०७३ को लिखतबाट हालैदेखिको बकसपत्र गरी सो लिखतको कैफियत महलमा आफूलाई जीवनकालमा स्याहार सुसार गर्दै आएको भन्ने बेहोरा उल्लेख गरिएको देखिन्छ । यसका साथै मृतकको काजक्रिया, श्राद्धसमेतका कार्य यी प्रतिवादी रघुवीरले नै गरेको भनी सम्बन्धित गा.वि.स. बाट प्राप्त सिफारिससमेतको बेहोरालाई वादीले अन्यथा हो भनी पुष्टि प्रमाणित गराउन सकेको नदेखिएकोले मृतक सनमुखिया देवीलाई निजको जीवनकालमा हेरविचार स्याहार सम्भार यिनै प्रतिवादीहरू दुलारी देवी र रघुवीरले नै गरेको भन्ने देखिन्छ । मुलुकी ऐन, अपुतालीको महलको ११ नं. को कानूनी व्यवस्था हेर्दा "यस महलको अन्य नम्बरमा जुनसुकै बेहोरा लेखिएको भए तापनि अपुताली पर्दा मर्नेको स्याहार सम्भार नजिकको हकवालाले नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुतालीको चलमा सबै र अचलमा आधासम्म स्याहार सम्भार गर्नेले र बाँकी ऐनबमोजिमका हकवालाले पाउँछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यी वादीले मृतकलाई निजको जीवनकालमा हेरविचार, स्याहारसुसारसमेत गरेको नदेखिएको यस स्थितिमा मृतकको अपुताली यी वादीले पाउने भनी मान्न मिल्ने अवस्था नदेखिने।

वादी मृतक जोगिन्दर रायका सौतेनी आमातर्फका छोरा भएको तर यी प्रतिवादीहरू निज जोगिन्दर रायका आफ्नै आमापट्टिका सन्तान राजनन्दन रायको श्रीमती तथा छोरा भएकोले यी प्रतिवादीहरू आफ्नै भाउजू र भतिजा भएको तथ्य स्थापित हुन आएको देखिन्छ । यी वादीले मृतक सनमुखिया देवीलाई निजको जीवनकालमा हेरचाह, स्याहार सुसार गरेको भन्ने देखिन नआएको र मृतकले नै आफ्नो जीवनकालमा प्रतिवादीलाई केही जग्गा हालैदेखिको बकसपत्र लिखत गरी दिँदा आफ्नो स्याहारसुसार गरी आएको भनी लिखत गरिदिएको देखिएको र मृतकको काजक्रिया तथा श्राद्धादि प्रतिवादी रघुवीर यादवले नै गरेको भनी सम्बन्धित गा.वि.स.ले स्थानीय सर्जमिन मुचुल्का गरी सोही आधारमा दिएको सिफारिसपत्रको बेहोरासमेतबाट मृतक सनमुखिया देवीको जीवनकालमा नै प्रतिवादीहरूले स्याहारसुसार तथा निजको मृत्युपश्चात् निजको किरिया श्राद्धसमेत गरेको देखिएकोले यी वादीले निज मृतक सनमुखियाको मृत्युपश्चात् किरिया श्राद्ध आफूले समेत गरेको भनी निजले आफ्नो फिराद दाबीलाई खम्बिर गराउन नसकेको यस स्थितिमा वादी दाबीअनुसार मृतकको जग्गामा यी वादीको अपुताली हक कायम हुन सक्ने अवस्थाको विद्यमानता रहेको नदेखिएकोले सुरू महोत्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।०२।०८ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा यी पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतबाट सनमुखियाको अपुतालीमा आधीसम्म यी वादीले पाउने गरी सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६६।२।५ मा भएको फैसला उल्टी भई वादीको फिराद दाबी नपुग्ने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-०८७६, अंश

दर्ता मिलापत्र बदर, *शिवनारायण यादव वि. विशेश्वर यादवसमेत*

पुनरावेदक प्रतिवादीसमेतबाट ५ खण्डको २ खण्ड अंश पाउँ भनी वादीहरूले फिरादपत्रमा दाबी लिएकोमा वादी र प्रतिवादीहरू अंशियार नाताका मानिस भएकोमा विवाद रहेको देखिँदैन । मिति २०५५।६।२८ मा दायर भएको अंश मुद्दामा मिति २०५६।४।१८ मा भएको मिलापत्र बदर भइसकेकोले वादी प्रतिवादीबिच विधिवत् रूपमा अंशबन्डा भएको वा अंश लिनुदिनु गरी छुट्टी भिन्न भएको अवस्था नदेखिँदा वादीहरूले प्रतिवादीहरूबाट अंश छुट्याई लिन पाउने नै देखिन आउने।

पुनरावेदक प्रतिवादीले सुरू अदालतमा मिति २०५५।०२।२८ मा दायर गरेको दे.नं.१८४३ को अंशदर्ता मुद्दामा मिति २०५६।०४।१८ मा भएको मिलापत्र बदर भइसकेको परिप्रेक्ष्यमा यी पुनरावेदक प्रतिवादीसमेतसँग यी प्रत्यर्थी वादीहरू सगोलका अंशियार रहेको भन्ने देखिन आएको र प्रस्तुत मुद्दामा वादीहरूले अंशको माग गरी मिति २०५७।०४।२४ मा फिराद दायर गरेको देखिएबाट सो मितिसम्म यी वादीहरू र प्रतिवादीहरूसमेतका बिचमा मानो छुट्टिएको कुनै लिखत प्रमाणको अभावमा एकासगोलका अंशियारा रहेको देखिन आएबाट सो मिति अघिसम्म अंशियारका नाउँमा रहेको सम्पत्तिका सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सगोलको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सबै अंशियारको समान हक लाग्छ भनी अनुमान गर्नुपर्ने हुन्छ । यी पुनरावेदक प्रतिवादीले बन्डा नलाग्नु पर्ने भन्ने जिकिर लिएको सो कि.नं.२१२ र १०५ को जग्गामा अन्यथा अनुमान गर्नुपर्ने प्रमाण निज प्रतिवादीबाट पेस भए गरेको नदेखिँदा ती कि.नं.१०५ र २१२ का जग्गालाई ५ भाग लगाई वादीले त्यसबाट २ भाग सम्पति अंश पाउने भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०६७।०३।०७ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादीका नाउँमा रहेको कि.नं.१०५ र २१२ को जग्गाबाट समेत वादीहरूले ५ भागको २ भाग अंश पाउने भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०६७।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-१५५३, उत्प्रेषण / परमादेश, *ज्ञानेन्द्रराज ढकाल वि. राहुल साह*

विपक्षी निवेदकले सिर्सिया छोटी भन्सार कार्यालयमा भन्सार महसुल बुझाउन गई घोषणा गरी सोही बाटोबाट निवेदनमा उल्लिखित ट्रयाक्टर ल्याएको देखिन्छ। सो ट्र्याक्टर बजारमा आएको खण्डमा पनि साधिकार निकायमा दर्ता नभई अर्थात् ब्लुबुक सवारी दर्तासम्बन्धी कागज पत्रहरू तथा भन्सार तिरेको कागज नभई बिक्री व्यवहार एवम् प्रयोग गर्नसक्ने अवस्था रहँदैन। सो हुँदा उल्लिखित सामानको भन्सार तिर्नुपर्ने अनिवार्यता रहेको निवेदकलाई जानकारी रहेको भन्ने स्पष्टै छ। यस्तो अवस्थामा विपक्षी निवेदकले भन्सार छली चोरी निकासी गरे होलान् भनी अनुमान गर्न नमिल्ने।

सिर्सिया भन्सार कार्यालयले ठुलो रकम बुझ्न इन्कार गरेपछि सोही बाटोबाट निवेदनमा उल्लिखित ट्र्याक्टर ल्याएको देखिन्छ । ट्र्याक्टर ल्याइसकेपछि वीरगन्ज भन्सार कार्यालयमा भन्सार शुल्क बुझाउन गएकोमा बुझ्न इन्कार गरेको भन्ने देखिँदा विपक्षी निवेदकको चोरी पैठारी गर्ने मनसाय रहेको भन्ने नदेखिँदा निजलाई भन्सार तिर्ने प्रयोजनका लागि जान

लागेको अवस्थामा रोक लगाउनु पर्ने कारण देखिएन। सो हुँदा निवेदकले L.C. खोलेर भारतीय भन्सारबाट clearance समेत गराई ट्याक्टर खरिद गरी ल्याएको चोरी निकासी गरेको भन्न सकिने अवस्था नभएको र भन्सार महसुल तिर्न सहर्ष मन्जुर भइरहेको अवस्थामा प्रचलित कानूनबमोजिम भन्सार तिर्न निवेदकलाई बाटो खोली दिन अन्यथा हुने नदेखिने।

तसर्थ, निवेदकलाई भन्सार ऐन, २०६४ बमोजिम प्रचलित कानूनले निर्धारण गरेको कार्यविधिभित्र रही कानूनले तोकेको भन्सार महसुल लिई सामान आयात गर्न निकासा दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: चिन्तामणि शर्मा

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल मङ्सिर २३ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-WO-००८०, उत्प्रेषण / परमादेश, *शैलेश खनाल वि. ऋण असुली न्यायाधिकरण, कमलपोखरिसमेत*

निवेदकहरू सञ्चालक रहेको एस. एण्ड एस. टी एण्ड कफी कम्पनी प्रा.लि. को वतन जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.१० रहेको भनी यी रिट निवेदकहरूले आफ्नो रिट निवेदनमा समेत उक्त कम्पनीको सोही वतन देखाई प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ भने विपक्षीहरूमध्येका ऋण असुली न्यायाधिकरणसमक्ष दायर भएको ऋण असुली मुद्दामा सोही वतन कायम गरी उक्त मुद्दा दायर गरिएको देखिएकोले उक्त कम्पनीको रजिस्टर्ड कार्यालयको वतनमा जारी गरिएको सुरू म्याद बेपत्ते तामेल भई आए तापनि उक्त कम्पनीका नाउँमा गोरखापत्रमा प्रकाशित सूचना म्यादलाई अन्यथा हो भनी मान्न मिल्ने अवस्था नदेखिएको हुँदा निवेदक कम्पनीका तर्फबाट यी रिट निवेदकहरूका हकमा उक्त मुद्दामा सुनुवाइको मौका प्रदान हुन नसकेको भनी मान्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, निवेदक कम्पनीको नाउँबाट रिट निवेदकहरूले तिर्नु बुझाउनु पर्ने ऋण कर्जाको रकमको हकमा विपक्षी बैङ्कमा दिएको धितो लिखतमा उल्लिखित अचल सम्पत्तिबाट असुलउपर गरी बाँकी हुन आएको रकम दिलाई पाउँ भनी विपक्षी बैङ्कले विपक्षीमध्येको ऋण असुली न्यायाधिकरणसमक्ष दायर गरेको ऋण असुली मुद्दामा निवेदक कम्पनीसमेतका नाउँमा रीतपूर्वक गरिएको म्याद सूचनामा प्रतिवाद नगरी सुरू म्यादै गुजारी बसेका रिट निवेदकहरूलाई उक्त मुद्दामा सुनुवाइको मौका प्रदान नगरिएको भन्ने जिकिर लिई दायर हुन आएको प्रस्तुत रिट निवेदन मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः शुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

- यसै लगाउको ०७१-WO-०२७१, उत्प्रेषण / परमादेश, *नुतनदेव खनाल वि. नेपाल बङ्गलादेश बैंक लिमिटेड के.का. समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CI-०३१०, निषेधाज्ञा, *योगेन्द्रप्रसाद मण्डल वि. देवकुमारी खड्गी*

लेनदेन जस्तो विशुद्ध देवानी विवादको विषयमा कुनै किसिमको उजुरी लिने वा धरपकड गर्ने तथा कागज गराउने अधिकार प्रहरी कार्यालय तथा सो मातहतका इकाइहरूलाई कुनै कानूनले प्रदान गरेको

पाइँदैन । लेनदेनको विषय आफ्नो क्षेत्राधिकारभित्र पर्ने होइन भनी स्वयम् विपक्षी महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वर तिनकुनेले आफ्नो लिखित जवाफमा स्वीकार गरेको देखिन्छ । पुनरावेदन अदालत पाटनबाट निवेदकलाई कानूनबमोजिम बाहेक लेनदेनको विषयमा पक्राउ नगर्नु नगराउनु भनी जारी आदेश कानूनअनुरूप नै रहेकोले उक्त आदेशलाई अन्यथा ठहर गर्न मिल्ने देखिएन । उक्त आदेशबाट यी पुनरावेदकले कानूनबमोजिम उपचार प्राप्त गर्ने हकलाई बन्देज लगाएको भनी अर्थ गर्न मिल्ने नदेखिँदा सोतर्फ यी पुनरावेदकले लिएको पुनरावेदन जिकिर तथ्यपरक देखिएन । साथै पुनरावेदक योगेन्द्रप्रसाद मण्डलले प्रहरीमा दिएको भनिएको निवेदन लेनदेनसँग सम्बन्धित होइन भनी खण्डन गर्न सकेको अवस्थासमेत मिसिलबाट देखिन नआएकोले यस अदालतबाट प्रत्यर्थी झिकाउँदा ग्रहण गरिएको आधारसँग समेत सहमत हुन नसकिने ।

तसर्थ, निवेदकको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने गरी निवेदकलाई कानूनबमोजिम बाहेक लेनदेनको विषयमा पक्राउ नगर्नु, नगराउनु भनी विपक्षी महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वर तीनकुनेको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत ४ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CI-१३२३, निषेधाज्ञा, *माधवप्रसाद देवकोटा वि. पुष्पा रानी चौधरी*

पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।१०।१२ को आदेश हेर्दा निज पुनरावेदकको हकभोग रहेको उक्त साबिक कित्ता नं.१९५ को क्षेत्रफल ०-१-० (एक कट्ठा) जग्गाभन्दा बढीमा कुनै निर्माणको कार्य नगर्नु, नगराउनु भनी निजको नाममा निषेधाज्ञाको आदेश जारी भएको देखिन्छ । बाउन्ड्री वाल लगाउँदा केबल आफ्नो हकभोगको जग्गाभन्दा बाहिर गई कुनै निर्माणको कार्य नगर्नु, नगराउनु भन्ने बेहोराको पुनरावेदन अदालतको उक्त निर्णयबाट पुनरावेदकको हक, अधिकारमा के कसरी आघात पुग्न गएको हो भन्ने कुरा कहीँकतैबाट खुल्न आएको देखिँदैन । पुनरावेदकले सार्वजनिक बाटोको जग्गा मिचेको भन्ने पुनरावेदन अदालतबाट भएको आदेशको बोली रहेको देखिँदैन भने निज पुनरावेदकलाई निजको हक पुग्ने जग्गाको भोगचलनमा कुनै प्रकारको रोकतोक लगाइएको अवस्थासमेत देखिएको छैन । यस स्थितिमा सार्वजनिक बाटो कायम रहेको भनिएको जग्गामा निज पुनरावेदकसमेतले कुनै निर्माण कार्य गरेमा विपक्षी निवेदकको नागरिक हक अधिकारविपरीत कार्य हुन सक्ने आशङ्कासम्मलाई आँकलन गरी पुनरावेदन अदालत हेटौंडाले आफ्नो अधिकार क्षेत्रभित्र नै रही निज पुनरावेदक माधवप्रसाद देवकोटाको नाउँको साबिक कि.नं.१९५ को ज.वि. ०-१-० (एक कट्ठा) को क्षेत्रफलभन्दा बाहिर पर्ने गरी पर्खाल निर्माण नगर्नु, नगराउनु भनी निज पुनरावेदकको नाममा निषेधाज्ञाको आदेश जारी भएको देखियो । न्याय निरूपणको क्रममा पूर्व सजगता परिलक्षित पुनरावेदन अदालतको उक्त आदेश अन्यथा नदेखिने ।

तसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट सुरू पुनरावेदन अदालत हेटौंडाबाट निज पुनरावेदकलाई आफ्नो जग्गामा मात्र सिमित रही निर्माण कार्य गर्नु, गराउनु भन्ने बेहोराको मिति २०६७।१०।१२ मा जारी भएको निषेधाज्ञाको आदेश त्रुटिपूर्ण एवम् गैरकानूनी नदेखिएको र उक्त आदेशबाट निज पुनरावेदक विपक्षीको हक, अधिकारमा आघात परेको भन्न मिल्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत हेटौंडाको उक्त मिति २०६७।१०।१२ मा

भएको आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः कमलकान्त जोशी
कम्प्युटर: अभिषेककुमार राय
इति संवत २०७५ साल साउन २९ गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-CI-०००२ र ०६८-CI-००१८, निषेधाज्ञा, *रूपा खड्का वि. गणेश डाँडासमेत र सानुमाया गिरी वि. गणेश डाँडासमेत*

तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०४७।८।१९ मा भई आएको नाप नक्सा मुचुल्काको न.नं.८, न.नं.११ र न.नं.१२ मा कि.नं.५१० को जग्गा रहेको, न.नं.११ मा उल्लेख भएको कि.नं.५१० को जग्गामा बाटो भएको र ०-४-१-० जग्गा विवादित भनी उल्लेख भएको देखिन्छ। उक्त बाटोले कि.नं.५१० को जग्गालाई पूर्व-पश्चिम चिरा पारी न.नं.१६ को मूल पक्की सडकमा आएर जोडिएको देखिन्छ । सोही नक्सा मुचुल्काबाट उक्त विवादित जग्गामा हाल बाटो कायम भएको भन्ने स्पष्ट देखिएको साथै सो बाटो निर्माणको लागि २०६२ सालमा सडक निर्माण उपभोक्ता समिति गठन गरिएको भन्ने मिसिल संलग्न रहेको बैठकको माइन्यूट उतारसमेतबाट देखिन आएको अवस्था देखिने।

विवादित बाटो २०६२ सालमा नै निर्माण भएको हाल स्तरोन्नति गर्ने कार्य भए भन्ने विपक्षीहरूको लिखित जवाफ रहेकोमा नक्सा मुचुल्काबाट बाटो निर्माण भइसकेको देखिन आएको छ । अर्कोतर्फ विवादित बाटो २०६२ सालमा निर्माण गर्ने निर्णय भएकोमा निवेदिका रूपा खड्काले विवादित जग्गा २०६६ सालमा खरिद गरी लिई सोही जग्गामध्ये ०-७-० आना जग्गा निवेदिका सानुमैया गिरीलाई हस्तान्तरण गरेको देखिएको छ। विवादित जग्गाको नक्सा मुचुल्का हेर्दा घर बनाउनको लागि जग्गाको स्वरूप बिग्रिन गई घर बनाउन नमिल्ने अवस्था रहेको भन्ने देखिन आएको छैन। पुनरावेदिकाहरूले विवादित जग्गा खरिद गरी लिएपछि मात्र बाटो निर्माण गर्ने कार्य गरेको भन्ने निवेदन दाबीलाई पुष्टि गर्न सकेको नदेखिएको र बाटो निर्माण भइसकेको अवस्था हुँदा आशङ्काको स्थिति विद्यमान नरहेकोले निषेधाज्ञाको आदेश जारी हुनु पर्दछ भन्ने निवेदिकाहरूको पुनरावेदन जिकिर तथा निजहरूका तर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणबाट निषेधाज्ञाको निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।९।२८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: कुमार मास्के
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७५ साल माघ २४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६७-WO-१२६७, उत्प्रेषण / परमादेश, *रूपा खड्कासमेत वि. नवराज खड्कासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-RC-००४४ र ०७५-CR-०६५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अनु बुढामगरसमेत र अनु बुढामगरसमेत वि. नेपाल सरकार*

मृतक जिल्ला बुढाले हामीलाई मोबाइल पैसा माग्ने, नदिएमा कुटपिटसमेत गर्ने गरेकोले एकापसमा सल्लाह गरी मिति २०६९।५।१९ गते राति मृतक जिल्ला बुढा भिडियो हेरी बाहिर निस्केपछि एकान्तमा लगी हामीले लाठी, ढुङ्गासमेतले कुटपिट गरेका हौं र मिलन बुढा, रविन बुढा, विवत बुढाले भाग्न नदिई घेराबन्दी गरेका हुन्। सोही कुटपिटबाट निज मरेपछि

सोही स्थान छाडी फरार भएका हौं भनी प्रतिवादीहरू विवत बुढा र अनु बुढाले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत साबिती भई बयान गरेको देखियो। निजहरूको साबिती बयानलाई जाहेरी दरखास्त, शव परीक्षण प्रतिवेदन र घटना विवरण कागजलगायतका प्रमाण कागजहरूबाट पुष्टि भएको देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम जन्मकैद हुने कसुर ठहर गरेको पुनरावेदन अदालत तुलसीपुर, दाङको इन्साफ सदर हुने ठहरी फैसला भए तापनि यी पुनरावेदक प्रतिवादीहरूको मृतक जिल्ला बुढालाई मार्नु पर्नेसम्मको पहिलेदेखिकै रिसइवी भएको भन्ने देखिँदैन। मृतक आफैँले विभिन्न समयमा प्रतिवादीहरूसँग मोबाइल पैसासमेत माग्ने नदिए प्रतिवादीहरूलाई कुटपिट गर्ने गरेकोले वारदात हुनका लागि मृतकले प्रतिवादीहरूलाई उत्प्रेरित गरेको भन्ने पाइन्छ। यी पुनरावेदक प्रतिवादीहरूले मृतक र आफूहरूबिच वारदातको दिन भएको सबै घटना विवरण उल्लेख गर्दै अनुसन्धान र अदालतमा समेत कसुर गरेमा साबित भई न्यायिक प्रक्रियामा पूर्ण सहयोग पुऱ्याएको देखिन्छ। साथै वारदात भएको मिति र समयमा यी पुनरावेदक प्रतिवादीहरू विवत बुढा र अनु बुढा केबल १६ र १७ वर्षको कलिलो कच्चा उमेरका देखिने।

पितरदिन खटिक पुनरावेदक प्रतिवादी विरूद्ध मगरे कुर्मीको जाहेरीले नेपाल सरकार प्रत्यर्थी वादीसमेत भएको २०६५ सालको फौ.पु.नं. ०९५ समेतको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट मिति २०६६।२।२० मा फैसला हुँदा (ने.का.प. २०६७, नि.नं.८२९७ मा) "कसुर गरे तापनि अनुसन्धान र अदालतमा समेत कसुरमा साबित भई अदालती प्रक्रियालाई सहयोग पुऱ्याउने इमान्दार अपराधी र अपराध गरेर पनि अन्तिमसम्म आफ्नो अपराध लुकाई सजायबाट उम्कन चाहने अपराधीलाई एउटै तराजुमा राखी समान सजाय तोकिनु न्याय र कानूनको दृष्टिकोणबाट उपयुक्त नहुने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइने।

उल्लिखित आधार प्रमाण र नजिरसमेतलाई विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरू विवत बुढा र अनु बुढालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२ वर्ष मात्र कैद सजाय गर्नु न्यायोचित हुने देखिँदा सोहीबमोजिम १२ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल फागुन १९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०६१९ र ०७३-CR-०७०१, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सुफल हेमरम सतार र हेमरम सतार वि. नेपाल सरकार*

प्रतिवादी घुमरूटी भन्ने सुफल हेमरम सतारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, मैले पीडितालाई निजको इच्छाविपरीत आमाबुबालाई समेत जानकारी नगराई भारतमा लगी मानव बेचबिखन ओसारपसारको कसुर अपराध गरेको हो भनी स्वीकार गरेकोमा निजले सुरू अदालतमा बयान गर्दा, जाहेरवालीको छोरी मेरो भदै नाताकी पर्ने भएकीले विगत २ वर्षदेखि मेरै घरमा बसी मलाई धन्दा सघाउने गर्थिन्। निजको तलबबापत मैले गतवर्ष जाहेरवालीको परिवारलाई १ मन धान तथा रू.४००।– दिएकोले यस वर्ष भदैलाई र पीडिताकी बहिनीलाई कपडा किनी दिन्छु भनी जाहेरवालाको सल्लाह लिई बहिनीलाई चारआलीमा जुत्ता, मोजा किनी दिई, पीडिता र म मेरो आफ्नै दिदीको घर भारतको आसाममा गई १ रात बसी पीडितालाई दिदीकोमा छाडी म त्यहाँबाट साथी जानअलिकोमा गई ९ दिनसम्म काम गरी घर

फर्कने पैसा उठाई पीडितालाई लिएर घर फर्कँदा मलाई नेपाल भारत सिमानामा रहेको बहिनीको घरमा खाना खाएर आउँछु भन्दा त्यहाँ रहेका आर्मीहरूले कुटपिट गरी नेपालका प्रहरीलाई जिम्मा लगाएका हुन् । मैले पीडितालाई बेच्ने उद्देश्यले लगेको होइन । मैले पीडितालाई बेच्न लगेको भए घर फर्काएर ल्याउने थिइन् भनी कसुरमा इन्कार गरेको देखिने ।

पीडिता परिवर्तित नाम ग–२ ले अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा, मिति २०७१।५।७ गते दिनको समयमा मेरो साथी पूजा लिम्बूको घरमा गई म र बहिनी आफ्नो घरतर्फ फर्की आउँदै गर्दा बाटोमा गाउँकै हजुरबुबा पर्ने प्रतिवादी सुफल हेमरमले तिमीहरू मसँग हिँड चप्पल किनी दिन्छु भनी चारआली लगी बहिनी तथा मलाईसमेत १–१ जोर चप्पल किनी दिई बहिनीलाई मेरो पुरानो चप्पलसमेत दिई तँ घर जा भनी पठाई मलाई काकरभिट्टा हुँदै पानीट्याङ्की लगी जामा र टाउजरसमेत किनी दिए । त्यसपछि बस र रेलमा समेत चढाई भारतको आसाम लगे र एक घरमा राखी भाडा माझ्ने काममा समेत लगाए । घर लगी दिनुभन्दा निजले बहिनी भन्ने मानिसको घरमा ल्याएर निजको बहिनी भन्नेले यो केटीलाई त खोज्न आएका छन् कहाँ लगेर ल्याएको भनेपछि मलाई सोही स्थानमा छाडी निज प्रतिवादी सुफल हेमरमले भाग्दा स्थानीय मानिसहरूले समाती प्रहरीको जिम्मामा लगाएको हो भनी लेखाएकोमा निजले सुरू अदालतमा बकपत्र गर्दा, प्रतिवादीले म र मेरो बहिनीलाई चारआली लगी लुगा चप्पल किनी दिई बहिनीलाई घर पठाई दिनुभयो । मलाई धुलाबारी बजारमा कपडा किनी दिन्छु भनी गाडीमा चढाएर काकरभिट्टा हुँदै पानी ट्याङ्कीबाट रेल चढाई आसाम लगी त्यहाँ कति दिन राख्यो थाहा भएन । मलाई घरको काम धन्दा लगाई आसामबाट निजको दिदीको घरमा जाने भनी मलाई पनि लिएर आयो । दिदीको घरबाट प्रतिवादीलाई मानिसहरूले पक्राउ गरी प्रहरीलाई जिम्मा लगाई दिएको हो भनी लेखाएको देखिने ।

पीडिताले आफूलाई प्रतिवादीले बेचबिखन गर्ने उद्देश्यले भारत लगी अमुक ठाउँमा अमुक व्यक्तिसँग किनबेच गर्ने कुराकानी गरेको सुनेको थिएँ भनी कहीँकतै उल्लेख गरेको देखिँदैन । पीडितालाई प्रतिवादीले यौन धन्दा वा वेश्यावृत्तिमा लगाएको भन्नेसमेत देखिँदैन । पीडिताले आफूलाई आसाम लगी घरको काममा लगाएको भन्नेसम्म कुरा उल्लेख गरेको देखिन्छ । प्रतिवादीले पीडितालाई बेचबिखन गर्ने उद्देश्यले भारतको आसाम लगेको भए बेचबिखनको लागि कोही कसैसँग वार्तालाप भएको हुनुपर्ने वा यौन धन्दा तथा वेश्यावृत्तिमा लगाएको हुनुपर्ने थियो सो कार्य भएको नदेखिने ।

पीडिता नाबालिकाको भनाइअनुसार नै प्रतिवादी घुमरूटी भन्ने सुफल हेमरम सतारले पीडिताको अभिभावकलाई जानकारीसमेत नदिई झापाको चारआलीबाट पीडितालाई ललाई फकाई बेचबिखन गर्ने उद्देश्यले भारतको आसाम लगेको नभई श्रम शोषण गर्ने उद्देश्यले भारतको आसाम लगी त्यहाँ दिदीको घरमा राखी भाँडा माँझ्ने कामसमेत लगाएको र पीडिताले त्यहाँ बस्न नमानी घर लगी दिनु भनेपछि पीडितालाई लिएर नेपालको झापामा रहेको घरतर्फ फर्कंदै गर्दा नेपाल भारत सिमाना नजिकैको नक्सलबारीबाट प्रतिवादी घुमरूटी भन्ने सुफल हेमरम सतार पक्राउ परेको भन्ने पुष्टि हुन आएकोले निज प्रतिवादी घुमरूटी भन्ने सुफल हेमरम सतारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुर अपराध गरेको देखिन नआई सोही ऐनको दफा ४(२)(ख) को कसुर गरेको देखिन आएको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १५(१)(च) बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत इलामको फैसला मनासिब नै देखिन आएकोले वादी नेपाल सरकार र प्रतिवादी घुमरूटी भन्ने सुफल हेमरम सतारको

पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थः विवेचित आधार, कारणहरूसमेतबाट प्रतिवादी घुमरूटी भन्ने सुफल हेमरम सतारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(च) अनुसार ५ (पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट मिति २०७२।०८।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल फागुन १९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१०१८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामदेव राय*

मृतक संगिता देवीलाई नागेन्द्र रायले कुटपिट गरी घाँटी थिची मर्दाको अवस्थामा यी प्रतिवादी रामदेव रायको उपस्थिति रहेको र यो यस्तो प्रकारले मार्ने मराउने कार्यमा निजको संलग्नता भएको भनी किटानी जाहेरी तथा सोबमोजिमको अभियोग दाबी रहेको नदेखिने ।

प्रत्यर्थी प्रतिवादीले के कुन रीतबाट सो कानूनी व्यवस्थाअन्तर्गतको कसुर गरेको हो वा निजको मृतकलाई मार्ने मराउने कार्यमा के कस्तो ढंगको संलग्नता रहेको हो सो तथ्य पुष्टि हुने वादी नेपाल सरकारबाट कुनै विश्वसनीय प्रमाण पेस हुन नसकेको साथै वादी नेपाल सरकारको यी प्रतिवादीउपरको अभियोग दाबी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम शङ्कारहित तवरबाट प्रमाणित हुन आएको अवस्थासमेत नहुँदा यी प्रत्यर्थी प्रतिवादीउपरको अभियोग दाबी स्थापित हुन आएको मान्न नमिल्ने ।

यस्तो अवस्थामा ज्यान मार्ने मराउने जस्तो कसुरजन्य अपराधमा शङ्काकै आधारमा दोषी ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत समेत हुन जाने देखिँदा यी प्रतिवादी रामदेव रायलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला अन्यथा मान्न मिलेन । उक्त फैसला बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादी रामदेव रायलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी भएको सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।८।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०४२३, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. चाडी पाडेया*

प्रतिवादीहरूले पीडितहरूलाई किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२)(क)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम सजायको माग दाबी भएबाट पीडितहरूको प्रमाणित बयानसमेतबाट किन्ने बेच्ने उद्देश्यले लगेको नभई सर्कसमा काम लगाई दिने, विवाह गरी दिने, राम्रो कमाई हुने भनी प्रलोभनमा पारेको उल्लेख भएबाट बेच्ने, किन्ने र वेश्यावृत्तिमा लगाउने अभिप्राय थियो भनी लेखाउन सकेको छैन । प्रतिवादीहरूले पनि अदालतमा बयान गर्दा

आरोपित कसुर गरेतर्फ इन्कार रही बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितहरूले नै हामीसँग विवाह गर्ने र मेलामा काम गर्ने इच्छा गरेकाले जोगबनीतर्फ पठाएका हौं भनी लेखाएबाट किन्ने, बेच्ने र वेश्यावृत्तिमा लगाउने उद्देश्य थियो भनी उक्त बयान बेहोराबाट देखिन आएन । जाहेरवालीले जाहेरी दरखास्तमा वेश्यावृत्तिमा लगाउने भनी उल्लेख गरे पनि बिक्री गर्ने र वेश्यावृत्तिमा लगाउने उद्देश्य थियो भनी मिसिल संलग्न अन्य कागज प्रमाणबाट खुल्न आएको नदेखिने ।

वस्तुत: प्रतिवादीहरूले पीडित नाबालिकाहरूलाई अभिभावकको मन्जुरीबेगर विदेश भारततर्फ लैजाँदै गरेको अवस्था देखिएपछि अब प्रतिवादीहरूलाई के कुन कसुरमा सजाय हुनेतर्फ विचार गर्दा पीडितहरूको प्रमाणित बयान र लैजाँदैको अवस्थामा पीडितहरूलाई जोगबनी चेकपोस्टमा उद्धार गरेको देखिएको र प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा समेत एकरूपता भई मेल खाएको देखिँदा पीडित नाबालिकाहरूलाई अभिभावकको सहमतिबिना विदेश भारततर्फ लैजाने कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उप दफा (२) को खण्ड (ख) बमोजिमको कसुर भएकोले उक्त ऐनको दफा १५(१)(छ) मा खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उप दफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उप दफा (२) को खण्ड (च) बमोजिमको कसुर गरेको भन्ने कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नआएको अवस्थामा सोही ऐनको दफा १५(१)(च) बमोजिमको सजाय निर्धारण गर्नु न्यायोचित हुने नदेखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम जनही ७ (सात) वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा मान्न मिलेन । उक्त फैसला बदर गरी अभियोग माग दाबीबमोजिम नै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रतिवादीद्वय चाडी पाडेया र मनिषकुमार रस्तोगीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम जनही ७ (सात) वर्ष कैद सजाय हुने ठहर गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।११।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २७ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-WO-१३२७, उत्प्रेषण, *सानुमाया ताम्राकार वि. मधुकर न्याछ्योसमेत*

निवेदिका सानुमाया ताम्राकारको कि.न.३६४ को जग्गामा साबिकमा पनि घर रहेको कुरामा विवाद छैन । सोही कित्ता जग्गामा पहिले ढोका नरहेको र हाल ढोका राखी घर निर्माण गर्न चाहेको तथ्यमा विवाद देखिँदैन । ललितपुर उपमहानगरपालिकाले खटाएको प्राविधिक टोलीले दिएको प्रतिवेदनमा पूर्वतर्फ नक्सामा देखाइएको ढोका सम्बन्धमा उचित कारणसहित विवाद देखाएको पाइएन । ललितपुर उपमहानगरपालिकाको

मापदण्ड / निर्देशिकामा समेत सडकसँग जोडिएको ठाउँमा ढोका राख्न नपाउने भन्ने उल्लेख भएको देखिँदैन । पुरानो घरमा ढोका थिएन भन्ने आधारमा नै नयाँ घर बनाउँदा पनि सो ठाउँमा ढोका राख्न हुँदैन भन्नु उचित र तर्कपूर्ण हुँदैन । साबिकबमोजिम निर्माण गर्न मात्र नक्सा पास हुने भनी गरेको विपक्षी उपमहानगरपालिकाको निर्णय कानूनबमोजिम भएको भनी मान्न मिल्ने देखिएन । निवेदकले आफ्नो हक भोगको जग्गामा साबिककै स्थानमा मात्र ढोका राख्नु पर्ने कुराको औचित्य खुल्न आएको नदेखिने ।

वादी सानुमाया ताम्राकार र प्रतिवादी मधुकर न्याछ्यों भएको घर निर्माण रोक्का गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने मुद्दामा वादीले आफ्नो घर सीमानामा पूर्व मोहडा गरी सटर राखेमा समेत म प्रतिवादीले कुनै दाबी उजुर नगर्ने भनी यी निवेदक र विपक्षी मधुकरबिच ललितपुर उपमहानगरपालिकामा मिति २०६३।६।१० मा मिलापत्र भएको भन्ने मिसिल संलग्न मिलापत्रको प्रतिलिपिबाट देखिन्छ । दुई पक्षका बिच भएको मिलापत्रबाट पनि निवेदकले आफ्नो जग्गाको पूर्वतर्फ ढोका राख्न नपाउने भन्न मिल्ने देखिन आएन । वस्तुतः आफ्नो हक स्वामित्वको जग्गामा तोकिएको मापदण्डविपरीत नहुने गरी झ्याल ढोका राखी घर निर्माण गर्न पाउने अधिकार निवेदकमा रहेको देखिने ।

अतः उल्लिखित आधार र कारणबाट रिट निवेदक सानुमाया ताम्राकारको कि.नं.३६४ को जग्गामा पूर्व उत्तरपट्टि ढोका राख्ने गरी दिएको नक्सा पासको निवेदनका सन्दर्भमा पूर्वपट्टि ढोका राख्न नपाउने गरी भएको ललितपुर उपमहानगरपालिकाको मिति २०६९।१०।१८ को निर्णय कानूनअनुकूल नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब अन्य रीत विधि र प्रक्रिया जे जो पूरा गर्नुपर्छ पूरा गरी सार्वजनिक सडकतर्फ मोहडा फर्काई निवेदकको जग्गामा निर्माण गरिने घरको ढोका राख्न पाउने गरी नक्सा पास गर्नु गराउनु भनी विपक्षी ललितपुर उपमहानगरपालिकाका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल वैशाख २३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०१८१, छुट जग्गा दर्ता नामसारी, *विकास श्रेष्ठ वि. किशोरमान श्रेष्ठ*

विवादित कि.नं.१३८ र १४० को जग्गा सम्बन्धमा पुनरावेदक र प्रत्यर्थीहरूले विभिन्न प्रमाणको आधारमा आ-आफ्नो नाममा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी दाबी गरेको देखिएको र हकदाबीकर्ताहरूमध्ये को कसको नाममा छुट जग्गा दर्ता हुने हो भन्ने सम्बन्धमा पेस भएका सम्पूर्ण प्रमाणहरूको यथोचित र वस्तुपरक ढंगबाट मूल्याङ्कन गरेर मात्र निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिने ।

पुनरावेदक र प्रत्यर्थीबिच विवादित जग्गाका सम्बन्धमा अलगअलग हकदाबी रहेको भन्ने देखिएको र सो विवादित विषयका सन्दर्भमा प्रमाण बुझी तेरो मेरो वा हक बेहकमा निर्णय गर्ने क्षेत्राधिकार मालपोत अधिकृतलाई नभई सम्बन्धित जिल्ला अदालतलाई मात्र हुने भन्ने सैद्धान्तिक मान्यतासमेत विकास भई प्रयोगमा रहेको अवस्था हुँदा सोको विपरीत गरी विवादित जग्गा हकदाबीकर्तामध्ये यी पुनरावेदक विकास श्रेष्ठको नाममा दर्ता नामसारी हुने गरी मालपोत कार्यालय, चाबहिलबाट भएको निर्णय बदर गरी निर्णय सुनी पाएको मितिले ३५ दिनभित्र हक बेहकमा फिराद गर्न सम्बन्धित अदालतमा जानु भनी सुनाउनु भन्दै पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा मान्न मिलेन । उक्त फैसला बदर गरी मालपोत कार्यालय, चाबहिलको निर्णय कायम गरिपाउँ भन्ने यी पुनरावेदक विकास श्रेष्ठको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार कारणबाट विवादित कि.नं.१३८ र १४० को जग्गा पुनरावेदक विकास श्रेष्ठको नाममा दर्ता नामसारी हुने ठहऱ्याई मालपोत कार्यालय, चाबहिल, काठमाडौंबाट मिति २०६८।८।२५ मा भएको निर्णय बदर गरी हक बेहकमा फिराद गर्न सम्बन्धित अदालतमा जानु भनी दुवै पक्षलाई सुनाई दिने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०३३९, जबरजस्ती करणी, *नेपाल सरकार वि. सरोज चौधरीसमेत*

प्रस्तुत मुद्दामा जाहेरीमा उल्लिखित घटनाक्रमसँग जाहेरवालीले मौकामा गरेको कागजको बेहोरामा भिन्नता छ भने अदालतमा गरिएको बकपत्र प्रतिवादीलाई उन्मुक्ति दिने प्रकृतिको रहेको छ । मौकामा गरेको कागजमा जाहेरवालीले आफू साथीको घरमा गइराखेको अवस्थामा अपरिचित व्यक्तिले रोकी डराई धम्काई जङ्गलमा लगी विवाहको प्रस्ताव राखेको भन्ने उल्लेख भएपछि अनुसन्धानकर्ताले त्यस्तो साथी एवम् अपरिचित व्यक्तिको हुलिया लिई अनुसन्धानलाई त्यसतर्फ पनि लग्नु आवश्यक थियो। हातमुख खोल्ने महिलाहरू, पीडितको भनिएको साथी तथा डराई धम्क्याई जङ्गल लग्ने अपरिचित व्यक्तितर्फ अनुसन्धानले चासो नराखी आफ्नो हिरासत एवम् नियन्त्रणमा रहेका प्रतिवादीहरूबाट साबिती बयान गराई प्रतिवादी मुकेश चन्दको कोठाबाट बरामद नथिया र मोबाइलका आधारमा मात्र अभियोगपत्र दायर गरिएबाट अनुसन्धानकर्ताले आफ्नो कर्तव्यलाई जिम्मेवारीपूर्ण प्रकृतिबाट पूरा गरेको अनभूति हुन नसक्ने।

पीडितले अपरिचित केटाले जबरजस्ती करणी गरेको र शरीरका लुगाहरूसमेत लुछेको भनेको अवस्थामा पीडितको शरीरमा जबरजस्ती करणीका लक्षणहरू देखिएपछि जबरजस्ती करणी गरी भाग्ने अपरिचित व्यक्तिबारे अनुसन्धान नहुनु अस्वाभाविक देखिएको छ। यो तथ्य स्वयम् पीडितको कथनबाट पुष्टि भइरहेको छ। यी प्रतिवादीहरूको स्वास्थ्य जाँच गर्दा जबरजस्ती करणी र संघर्षका कुनै चिह्नहरू भेटिएको छैन। यी प्रतिवादीहरूले पीडितलाई जबरजस्ती करणी गरेको हो भनी भन्न सकिने अन्य कुनै वस्तुनिष्ठ आधार देखाउन सकेको पनि पाइएन। पीडितको जबरजस्ती करणी भएको पुष्टि भए पनि सो घटना घटाउने व्यक्ति को हो भनी पहिचान नै हुन नसकेको अवस्थामा जबरजस्ती करणीको अपराध भएको वारदातस्थलमा पछि पुगेका र यी पीडितलाई सार्वजनिक गरिदिने भनी धम्की दिएका यी प्रतिवादीहरूलाई शङ्काकै भरमा जबरजस्ती करणीको कसुरमा सजाय गर्न न्यायको दृष्टिकोणबाट समेत मनासिब देखिन नआउने।

जहाँसम्म प्रतिवादीमध्येका मुकेश चन्दको घरबाट बरामद भनिएको पीडितको मोबाइल र नाकको नथियालाई प्रमाणको रूपमा पेस गरिएको छ, सो पीडितले आफूलाई केही बदनाम नगरी दिनु भनी आफैँले दिएको भनी बकपत्र गरेबाट लोक लज्जाबाट बाँच्न त्यस्तो लेनदेन गर्नु अनैतिक भएपनि व्यवहारमा त्यसो हुन सक्ने सम्भावना रहेको, प्रतिवादीहरूसमेतले सोही बेहोरा लेखिदिएको देखिएको र उक्त सामान चोरीतर्फ दाबी नरहेकोबाट सो दशीको भनिएका सामानहरू निज मुकेश चन्द घरमा बरामद भएकै आधारमा मात्र जबरजस्ती करणी जस्तो जघन्य अपराध यी प्रतिवादीहरूबाट भएको भनी अर्थ लगाई सजाय गर्न सकिने अवस्था न्याय र कानूनको दृष्टिकोणसमेतबाट मनासिब नदेखिँदा प्रतिवादीहरू कालुराम भन्ने सरोज चौधरीसमेतलाई अभियोगदाबीअनुसार सजाय

गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सरकारी उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणहरू र कारणहरूसमेतबाट यी प्रतिवादीहरूले जबरजस्ती करणी गरेको तथ्ययुक्त र शङ्कारहित तवरबाट पुष्टि भएको नदेखिँदा यी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत दिपायल डोटीको मिति २०६९।३।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल माघ १२ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१७५७, कर्तव्य ज्यान, *राजु दमाई परियार वि. नेपाल सरकार*

प्रतिवादी र मृतकबिच विवाद भएको, घरमा गई छुरी लिई आई घाँटीमा छुरी प्रहार गरी सोही कारणबाट मृत्यु भएको देखिँदा जसमा इवी पनि देखिन्छ भने छुरीले घाँटीमा प्रहार गर्दा मानिस मर्न सक्ने सामान्य जानकारी हुँदाहुँदै घाँटीमा छुरी प्रहार भएको र घाँटीमा नै छुरी प्रहार गरेको देखिएबाट मार्ने मनसाय नभएको भनी मान्न सकिने अवस्थासमेत विद्यमान रहेको नदेखिँदा ज्यानसम्बन्धीको ५ नं. अनुसारको कसुर कायम हुनुपर्ने भन्ने पुनरावेदन जिकिर कानूनसम्मत मान्न नमिल्ने ज्यानसम्बन्धी महलको १४ नं. को कानूनी व्यवस्था आकर्षित हुनको लागि ज्यान मार्नु पर्नेसम्मको रिसइवी वा मनसाय नभएको र छुरी जस्तो हतियार प्रयोग नभएको, सामान्य मनस्थिति नभई मानसिक उद्विग्नताद्वारा अकस्मात उत्तेजित हुन गई तत्कालै उठेको रिसको झोकमा वरपर रहेका वस्तुले जथाभावी प्रहार गर्दा मरेको अवस्था देखिनु पर्छ तर प्रस्तुत मुद्दामा यी प्रतिवादी र मृतकबिच झगडा भई घरमा गई छुरी ल्याई घाँटीजस्तो संवेदनशील अङ्गमा पछाडिबाट प्रहार गरेको अवस्था देखिँदा मार्ने मनसायबाट नै हतियार प्रयोग गरेको र सो कारणबाट मृतकको मृत्यु हुन गएको देखिएकोले प्रस्तुत मुद्दामा वर्णित वारदात र यी प्रतिवादीबाट भएको कसुरजन्य कार्यको अवस्था र प्रकृतिलाई हेर्दा ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको आवेशप्रेरित हत्या मान्न मिल्ने नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट यी पुनरावेदक प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको कसुर ठहर गरी सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरू पर्वत जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७२।८।१६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-२१४८, सामूहिक जबरजस्ती करणी, *विष्णुकुमार खापुङसमेत वि. नेपाल सरकार*

पीडित सांकेतिक नाम ३-५ ले आफूले मौकामा गरेको घटना विवरणको कागजको बेहोरालाई समर्थन गर्दै घटनाको सबिस्तार उल्लेख गरी प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी गरेको कुरा बकपत्र गर्दा स्पष्टसँग लेखाई दिएको पाइने।

पीडितको स्वास्थ्य जाँच प्रतिवेदनबाट "कन्याजाली च्यातिएको, योनिबाट निकालिएको पदार्थमा शुक्रकिट भेटिएको, प्रतिवादीहरू विष्णुकुमार

खापुङ, सुविन सम्बाहाङ्फे र मिलन सम्बाहाङ्फेको लिङ्गबाट संकलन गरिएको पदार्थमा मानव वीर्य पाइएको भनी उल्लेख भएको, गोविन्द सम्बाहाङ्फे र जीवन वि.क.को लिङ्गबाट संकलन गरिएको पदार्थमा शुक्रकिट नपाइएको भनी उल्लेख भई आएको भएपनि घटना वारदातमा आफूबाट कण्डमको प्रयोग भएको भनी प्रतिवादीमध्ये केहीले स्वीकार गरेको अवस्थासमेत देखिने।

पीडितले प्रतिवादीहरूउपर झुट्ठा पोल उजुर गर्नुपर्ने विश्वासलायक वस्तुनिष्ठ प्रमाणको मिसिलमा अभाव देखिनु, प्रतिवादीहरू अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहे पनि अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबिती भएको देखिनु र निजहरूको साबिती प्रमाण ऐन, २०३१ को दफा ९(२) को कानूनी प्रावधानले प्रमाणको रूपमा ग्राह्य देखिनु, पीडित र पीडकको स्वास्थ्य जाँच भई प्राप्त प्रतिवेदनबाट योनिभित्रबाट निकालिएको पदार्थमा पुरूषको वीर्यमा पाइने शुक्रकिट र प्रतिवादीहरूको लिङ्गबाट संकलन गरिएको पदार्थमा मानव वीर्य पाइएको भनी उल्लेख भएको पाइनु, सामूहिकरूपमा एकान्त सुनसान जङ्गलको किनारमा घटना घटाएको भन्ने देखिएबाट डर त्रास, झुट्ठा प्रलोभन र बल प्रयोगसमेत भएन होला भनी सम्झन मिल्ने अवस्था नदेखिनुसमेतका मिसिल संलग्न तथ्य र प्रमाणहरू तथा पीडित र प्रतिवादीमध्येको जीवन वि.क.को हकमा प्रमाण बुझी उमेर यकिन गरी प्रतिवादीहरूलाई आरोपित कसुरको कसुरदार ठहर गरी सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नदेखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र कारणहरूसमेतबाट प्रतिवादीहरू विष्णुकुमार खापुङ, मिलन सम्बाहाङ्फे, सुविन सम्बाहाङफे, जीवन वि.क. र गोविन्द सम्बाहाङ्फेलाई वर्ष १५ की नाबालिका सांकेतिक नाम ३-५ लाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको देखिएकोले निजहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम जनही ६ (छ) वर्ष कैद र ऐ.को ३क नं. बमोजिम जनही ५ (पाँच) वर्ष थप कैद हुने र ऐजनको १० नं. बमोजिम पीडित बालिकालाई प्रतिवादीहरूबाट जनही दश हजार रूपैयाँका दरले क्षतिपूर्ति भराई दिने ठहऱ्याएको सुरू तेह्रथुम जिल्ला अदालतको मिति २०७१।१२।१५ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट मिति २०७३।०१।०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल चैत १७ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-WO-११४६, उत्प्रेषण, *राधेश्याम कार्की वि. शिवबहादुर बस्नेतसमेत*

विवादित काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं.९(क) कि.नं.२५३ को १-०-०-० जग्गा शिवबहादुर बस्नेतको नाममा दर्ता रहेको मिसिल संलग्न जग्गा धनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपिबाट देखिन्छ। उक्त कि.नं.२५३ को जग्गासमेत धितो राखी शिवबहादुर बस्नेतले ओ.डि. कर्जाबापत रू.२८,४७,०७९।- लिई मिति २०५३।१२।७ गते मालपोत कार्यालय, चाबहिलबाट र.नं.४७३७ बाट राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, बानेश्वरको नाममा धितो बन्धक पारित गरिदिएको देखियो । शिवबहादुर बस्नेतले लिएको उक्त ओ.डि. कर्जाको साँवा ब्याज भाखाभित्र नदिएकाले ओ.डि. कर्जाको साँवा ब्याज भराई पाउँ भनी राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, बानेश्वरले शिवबहादुर बस्नेतउपर ऋण असुली न्यायाधिकरण

काठमाडौंसमक्ष निवेदनपत्र दिएको देखिन्छ । ऋण असुली न्यायाधिकरण काठमाडौंबाट प्रतिवादी नमस्ते खाद्य भण्डारका प्रोपाइटर शिवबहादुर बस्नेतले आफ्नो नाममा दर्ता कायम भएको काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं.९क स्थित कि.नं.२५३ को १-०-०-० जग्गासमेत दृष्टिबन्धक लिखत वादी राष्ट्रिय वाणिज्य बैंकको नाउँमा पारित गरी वादी बैंकबाट लिएको ओभर ड्राफ्ट कर्जा रू.२८,४७,०७९।- र सोको ब्याजसमेत गरी जम्मा रू.१,११,९५,०२८।११ ऋणी शिवबहादुर बस्नेतको धितोमा रहेको जेथा लिलाम बिक्री गरी वादी बैंकलाई दिनुपर्ने ठहऱ्याई मिति २०६२।१०।५ को फैसला देखिन्छ। सो फैसला कार्यान्वयन गर्ने क्रममा ऋण असुली न्यायाधिकरणले शिवबहादुर बस्नेतको नाम दर्ताको काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं.८ कि.नं.२५३ को १-०-०-० जग्गा लिलाम बिक्रीमा राख्दा बोलपत्र दाताहरूमध्ये रिट निवेदक राधेश्याम कार्कीको बोल अङ्क सबैभन्दा बढी भएको हुँदा रोक्का फुकुवा गरी लिलाम सकारकर्ता राधेश्याम कार्कीका नाउँमा नामसारी दा.खा. गरिदिनु भनी मालपोत कार्यालय, काठमाडौं चाबहिलमा लेखी पठाइदिनु भनी मिति २०६५।१।१२ मा आदेश भएको देखिन्छ । विवादित कि.नं.२५३ को जग्गा राधेश्याम कार्कीका नाममा दा.खा. दर्ता गरिदिने गरी मिति २०६५।३।३१ मा मालपोत कार्यालय, चाबहिलबाट टिप्पणी आदेश भएको मिसिल संलग्न मालपोत कार्यालय, काठमाडौंको मिसिलबाट देखिने।

ऋण असुली न्यायाधिकरण काठमाडौंबाट "ऋण असुली अधिकृतले सर्वोच्च अदालतको मिति २०६६।३।२३ को आदेश प्रचलित कानूनबमोजिम कार्यान्वयन गर्नु गराउनु" भनी मिति २०६७।१०।२३ मा आदेश भएपश्चात् राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट कानून विभागका विभागीय प्रमुख सुनिलकुमार रेग्मीको मन्जुरनामा लिई लवराज विष्टले "विपक्षी ऋणी वादी बैंकमा आई बैंकको लेना बाँकी ब्याज हर्जाना इत्यादि मिनाहा गरी आपसी समझदारीबमोजिम कर्जा राफसाफ गर्नका लागि निवेदन गरेबमोजिम बैंकको जोखिम व्यवस्थापन समितिको मिति २०६८।९।७ मा बसेको पाँचौं बैठकले विपक्षी ऋणीको तर्फबाट बाँकी सम्पूर्ण साँवा र ब्याजबापत सो साँवा बराबरको रकम असुल गरी बाँकी ब्याज मिनाहा दिई कर्जा राफसाफ गर्ने भनी भएको निर्णय र म्याद थप गर्ने सम्बन्धमा भएको बैंकको कर्जा असुली तथा पुनर्संरचना समितिको मिति २०६९।१०।१४ को ६५३ औं बैठकले गरेको निर्णयबमोजिम ऋणीले साँवा रू.१४,१७,७२६।१९ र ब्याज रू.१४,१७,७२६।१९ गरी जम्मा रू.२८,३५,४५२।३८ बैंकको शाखा कार्यालय, बानेश्वरको स.के. खातामा जम्मा गरेको भनी बैंकको शाखा कार्यालय, बानेश्वरको मिति २०६९।१०।१८ को पत्र प्राप्त भएकोले न्यायाधिकरणको उक्त निर्णय कार्यान्वयन गरिरहनु नपर्ने भएकोले निर्णय कार्यान्वयनको कारबाही रोकी मुद्दा तामेलीमा राखी विपक्षीसँग सम्बन्धित रोक्का राखेको सम्पत्तिसमेत फुकुवा गरिपाउँ भनी ऋण असुली न्यायाधिकरणसमक्ष मिति २०६९।१०।१९ मा निवेदन दिई सनाखतसमेत गरेको पाइन्छ । ऋण असुली न्यायाधिकरण, काठमाडौंबाट "प्रस्तुत मुद्दा तामेलीमा राखी दिएको छ । यस मुद्दाबाट चल अचल सम्पत्ति रोक्का रहेको भए फुकुवाको लागि लेखी पठाइदिनु" भनी मिति २०६९।१०।१९ मा आदेश भएको र सो आदेशानुसार ऋण असुली न्यायाधिकरणको च.नं.९५८ मिति २०६९।१०।१९ को पत्रद्वारा विवादित साबिक कि.नं.२५३ हाल नयाँ नापीअनुसार कि.नं.१७५ को जग्गा फुकुवाको लागि मालपोत कार्यालय, चाबहिलमा पत्राचार भएको पाइने।

ऋण असुली न्यायाधिकरण काठमाडौंबाट भएको फैसलाअनुसार गरिएको फैसला कार्यान्वयनअन्तर्गतको लिलामी प्रक्रिया यस अदालतबाट बदर भई शून्यको अवस्थामा आएको

देखियो । यस अदालतको मिति २०६६।३।२३ को आदेश (फैसला) उपर यी रिट निवेदकले पुनरावलोकनको निवेदन दायर गर्दासमेत अनुमति नदिने गरी आदेश भएको अवस्थामा मिति २०६६।३।२३ को यस अदालतको आदेश अन्तिम रहेको पाइयो । लिलाम प्रक्रिया नै बदर भइसकेको अवस्थामा बदर भएको प्रक्रियाको आधारमा लिलाम सकार गरेको कार्य वैद्य हुने देखिँदैन । लिलाम बदर भएको अवस्थामा ऋण असुली न्यायाधिकरणको फैसला कार्यान्वयन भएको मान्न मिलेन । फैसला कार्यान्वयन नहुँदैको अवस्थामा विपक्षी शिवबहादुर बस्नेतले आफूले तिर्न, बुझाउन बाँकी रहेको रकम बैंकलाई तिर्न बुझाउन सक्ने नै देखियो । ऋणीले आफूले बुझाउनुपर्ने रकम बुझाएपछि निजको सम्पत्ति रोक्का राख्नुपर्ने अवस्था रहँदैन । बैंकले आफ्नो लेना ऋणीले बुझाइसकेको भनी निवेदन दिई सनाखतसमेत गरिदिएको र सो आधारमा न्यायाधिकरणबाट ऋणीका नाउँको रोक्का रहेको जग्गा फुकुवा गर्ने गरेको आदेश कानूनबमोजिम नै भए, गरेको देखियो । यस अदालतबाट लिलाम प्रक्रिया बदर भई फैसला कार्यान्वयन शून्यमा पुगेको अवस्थामा यी रिट निवेदकको नाममा ऋण असुली न्यायाधिकरण काठमाडौंबाट “मालपोत कार्यालय, चाबहिलको मिति २०६५।३।३१ को दा.खा. दर्ता निर्णय एवम् मिति २०६५।४।२८ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर भएकोले सूचना प्रकाशित भएका मितिले बाटाका म्यादबाहेक ७ दिनभित्र जग्गा लिलाम सकारका लागि न्यायाधिकरणमा जम्मा गर्नुभएको रकम फिर्ता लिन आउनु” भनी मिति २०६७।११।२० मा नै राष्ट्रिय स्तरको दैनिक पत्रिका गोरखापत्रमा सूचना प्रकाशित भएको पाइन्छ । सो सूचनालाई यी रिट निवेदकले मौकामा नै बदर गराउन सकेको नपाइने ।

उपर्युक्त आधार प्रमाणहरूबाट मालपोत कार्यालय, चाबहिलको मिति २०६७।९।८ को दा.खा. बदर निर्णय, जग्गा फुकुवा गर्ने ऋण असुली न्यायाधिकरणको मिति २०६९।१०।१९ को आदेश र युगान्तर बचत तथा ऋण सहकारीको नाममा रोक्का राख्ने मालपोत कार्यालयको मिति २०६९।१०।२८ को निर्णय बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गर्नु परेन । अत: प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-RC-०००१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नविनकुमार राई*

साबित प्रतिवादी सर्वोत्तम साक्षी हुन्छ (Habemus Optimum testem confitentum reum) भन्ने न्यायिक सूत्र रहेको सन्दर्भमा प्रतिवादीले अदालतसमक्ष गरेको साबिती बयान स्वतन्त्र प्रमाणको रूपमा ग्राह्य हुने देखियो । घटनाका प्रत्यक्षदर्शी / घाइते / जाहेरवालाले गरेको घटना विवरण कागज तथा मृतक सहीकुमार राईले घाइते अवस्थामा मिति २०६३।६।८ मा अस्पतालमा गरिदिएको कागजसमेतबाट यी मृतकसमेतको यी प्रतिवादीसँग २०६२ सालको हरेलो मेलामा झगडा भएको र सोही रिसइवीका कारण प्रस्तुत घटना गएको भन्ने देखिन्छ । यी प्रतिवादी र मृतकबिच पूर्वरिसइवी रहेको भन्ने प्रतिवादीको मौकाको तथा अदालतसमक्ष गरेको बयानबाट समेत २०६२ सालको हरेलो मेलामा प्रतिवादीका काका पुष्पराज र जाहेरवाला तथा मृतकसमेतका बिचमा झगडा भएको र पुष्पराजको मृत्यु भएकोमा मृतक सहीकुमार राईउपर समेत प्रतिवादीका बाजे जीतबहादुरको जाहेरी परेकोसमेतका विषयमा रिसइवी रहेको भन्ने देखिन्छ । मौकामा बुझिएका अम्बरबहादुर राई,

कुलबहादुर थापा, कुमार राई तथा उपेन्द्र कठेतले प्रतिवादीले पूर्वरिसइवीका कारण मार्ने नै नियतले मृतक सहीकुमार राईलाई छुरी प्रहारबाट घाइते बनाएकोले उपचारको क्रममा मृत्यु भएको भनी गरेको मौकाको कागज तथा सोही बेहोरालाई समर्थन गरी अदालतसमक्ष गरिदिएको बकपत्र बेहोरासमेतबाट प्रतिवादीको साबिती बयान समर्थित हुन आएको देखिने।

प्रस्तुत वारदातमा मृतक सही कुमार राईले वाम्फोक निकाली आफूलाई हान्न खोजेकोले आफ्नो हातमा भएको छुरीले मृतकको पेटमा घोचे रोपेको हुँ भनी प्रतिवादीले बयान गरे पनि मिसिल सामेल कागज प्रमाणबाट यी प्रतिवादीले मृतकलाई चुप्पी प्रहार गर्नुको कारण आफ्नो ज्यान बचाउनका खातिर हो भन्ने पुष्टि हुन सकेको देखिँदैन। घटनास्थलको प्रकृति हेर्दा एकातिर होटलमा खाजा खाइरहेका प्रतिवादी, मृतकलगायतका अन्य मानिसहरूको समेत उपस्थिति रहेको भन्ने देखिन्छ भने अर्कोतिर प्रतिवादीले हार गुहार गरेको अवस्थामा मद्दत लिन नसकिने वा आफ्नो ज्यान बचाउन भाग्न उम्कन सक्ने अवस्था थिएन भन्ने कुराको पुष्टि गर्न सकेकोसमेत देखिँदैन। घटनास्थल र मृतकसमेतको साथबाट कुनै हतियार बरामद भएको अवस्थासमेत देखिँदैन। साथै प्रतिवादीको शरीरमा घाउ चोटसमेत लागेको भन्ने पनि मिसिल संलग्न कागजातबाट समेत देखिँदैन। आत्मरक्षाको जिकिर लिने प्रतिवादीले तत्काल आफूले केही नगरे आफ्नो ज्यान रहँदैन वा मर्न सक्छ भन्ने विश्वासमा परी मृतकलाई चुप्पी प्रहार गरेको भन्ने कुराको पुष्टि गर्नुपर्ने हुन्छ। मृतकले यी प्रतिवादीलाई वाम्फोक (धारिलो हतियार) प्रहार गर्न खोजी प्रतिवादीको ज्यान लिनासम्मको जोरजुलम गर्न लागेको भन्ने तथ्य सिद्ध हुने कुनै प्रमाण प्रतिवादीले प्रस्तुत गर्न सकेको पाइँदैन। यस अवस्थामा प्रतिवादीले अदालतसमक्ष बयानमा आत्मरक्षाको जिकिर लिएकै भरमा ज्यानसम्बन्धीको महलको ७ नं. आकृष्ट हुन सक्ने नदेखिँदा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर ठहर गरेको उच्च अदालत, विराटनगर, धनकुटा इजलासको फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) मा रहेको कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति प्रतिवादी नविन भन्ने नविनकुमार राईलाई ऐ.महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गरेको मिलेको देखिन आएपनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४० को उपदफा (२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा उपर्युक्त व्यवस्था रहेको तथा यही भाद्र १ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा निज नविन भन्ने नविनकुमार राईलाई सर्वस्वको सजाय हुन सक्ने नदेखिने।

अत: विवेचित तथ्य आधार र कारणसमेतबाट प्रतिवादी नविन राई भन्ने नविन कुमार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०७३।१२।१७ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७४।८।४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर भई प्रतिवादी नविन भन्ने नविनकुमार राईलाई जन्मकैदको सजाय हुने।

इजलास अधिकृत: भगवती शर्मा

इति संवत् २०७५ साल मङ्सिर २८ गते रोज ६ शुभम्।

**इजलास नं. ८**

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-१५६४, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. मनोज देउला*

प्रतिवादीले अदालतमा बयान गर्दा उक्त लागु औषध आफूबाट बरामद नभई आशा श्रेष्ठको घरबाट बरामद भएको भनी लेखाइदिएको भए तापनि निजको सो भनाइ अन्य कहीँकतैबाट पुष्टि हुन आएको छैन । स्वयम् निजका साक्षीले पनि उक्त लागु औषध निज प्रतिवादीबाट बरामद भएको नभई आशा श्रेष्ठको घरबाट बरामद भएको हो भनी भन्न सकेको पाइँदैन । निज प्रतिवादीले आफ्नो अनुसन्धानको बयानमा आफैँबाट उक्त लागु औषध बरामद भएको भन्ने लेखाएको कुरा अन्य प्रमाणहरूबाट समेत समर्थित भइरहेको र अनुसन्धानमा निजलाई बयान गराउँदा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) मा उल्लिखित अवस्थाहरू अनुसारको थिएन भनेर पनि कुनै तथ्ययुक्त प्रमाणसहित निजले भन्न सकेको पाइँदैन । यस्तो अवस्थामा यी प्रत्यर्थी / प्रतिवादीको अनुसन्धानको भनाइलाई असत्य मान्न सकिँदैन र प्रमाणमा लिन मिल्ने नै हुन्छ । त्यसैले मिसिल संलग्न बरामदी मुचुल्का, बरामदी मुचुल्काका व्यक्तिहरूले अदालतमा आई गरिदिएको बकपत्र, प्रतिवादीको अनुसन्धानको बयानलगायतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीको साथबाट लागु औषध बरामद भएको भन्ने तथ्य स्थापित हुन आउने ।

प्रतिवादीको साथबाट ७ ग्राम लागु औषध बरामद भएको छ । निजले कसैलाई बिक्री गर्न लागेको अवस्थामा उक्त लागु औषध बरामद हुन आएको देखिन आएको छैन । साथै बिक्री गर्न लगेको भन्ने पुष्टि हुने कुनै सामानहरू प्रतिवादीबाट बरामद भएको देखिन आएको पनि छैन । लागु औषधका साथ बरामद भएको भनिएको सुनको जस्तो देखिने भनिएको सिक्रीका सम्बन्धमा थप कुनै अनुसन्धान भएको प्रस्तुत मुद्दाका मिसिलबाट नदेखिएकोले सो सिक्रीको पनि बिक्री व्यवहारको कार्यमा कुनै सम्बन्ध रहेको भनी भन्न मिल्ने देखिन आउँदैन । वादी पक्षका साक्षीहरूले अदालतमा बकपत्र गर्दा प्रतिवादीले बिक्री गर्न लागेको वा लगिरहेको अवस्थामा निजबाट लागु औषध बरामद भएको भनी भन्न सकेको पनि पाइँदैन । निज प्रतिवादीबाट खरिद गर्ने भन्ने अन्य कुनै मानिसहरू रहे भएको पनि अनुसन्धानबाट देखिन आएको छैन । यसरी यी प्रत्यर्थी / प्रतिवादी मनोज देउलाले उक्त लागु औषध बिक्री व्यवहार गर्न बोकी हिँडेको वा आफूसँग राखेको भन्ने तथ्य कहीँकतैबाट देखिन आउँदैन । केबल पोको पारी राखेको अवस्थामा मात्र उक्त लागु औषध बरामद भएको भन्ने आधारमा मात्र निजलाई बिक्री वितरणमा समेत कसुरदार ठहऱ्याउन मिल्ने देखिन आएन । अन्य कुनै प्रमाणहरूबाट समर्थित हुन नसकेको कार्यका लागि केबल शङ्काका आधारमा कसैलाई फौजदारी दायित्व बोकाउनु फौजदारी न्यायको सिद्धान्तका विपरीत हुन जान्छ । तसर्थ निजलाई बिक्री वितरणमा समेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार, कारण तथा प्रमाणहरूबाट यी प्रत्यर्थी प्रतिवादीलाई लागु औषधको सेवनतर्फ मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (छ) को कसुरमा ऐ. ऐनको दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद र रू.१०,०००।- जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१।५ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०५।२५ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ साल फागुन २५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-MS-००२४, अदालतको अवहेलना, *अमितवीर पाण्डे वि. युवा तथा खेलकुद मन्त्रालय, काठमाडौंसमेत*

क्रिकेट संघको निर्वाचित पदाधिकारीहरूको पदावधि समाप्त भएपछि सोपूर्वका काम कारबाहीका विषयमा भए गरेका आदेशहरू स्वतः प्रभावहीन हुने हुन्छ । अर्थात् यस अदालतबाट जारी भएका आदेशहरूबाट निवेदकहरूको हितको प्रतिरक्षा हुन सक्दैन । यस अर्थमा प्रस्तुत अवहेलनाको निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा अवहेलना भयो वा भएन भन्ने प्रश्नमा प्रवेश नै गर्नुपर्ने नदेखिने ।

निवेदकहरूबाट हुन सक्ने आर्थिक दुरूपयोग रोक्नको लागि तत्काल खाता रोक्का गर्ने भनी पत्राचारसम्म गरेको हो । सम्मानित अदालतबाट भएको आदेशलाई अनादर अनास्था गरेको छैन । सम्मानित अदालतको आदेशलाई सम्मान गर्दै संघको निलम्बित पदाधिकारी नै हालसम्म संघमा कामकाज गरिरहेको अवस्था रहेको, म नेपाल सरकारको जिम्मेवार मन्त्रीको नाताले सम्मानित अदालतमा आँच आउने कुनै काम गरेको छैन । भविष्यमा पनि अदालतमा अहित हुने काम हामीबाट नहुने बेहोरा सम्मानित अदालतसमक्ष विश्वास दिलाउन चाहन्छु भन्ने पनि विपक्षी मन्त्रीको लिखित देखियो । यसरी अवहेलना गरेको छैन भन्ने लिखित जवाफ रहेको अवस्था हुँदा अवहेलना भयो वा भएन भन्ने विषयमा विवेचना गर्नु आवश्यक नदेखिने ।

अतः उपर्युक्त कारणहरूबाट निवेदकको अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन मागदाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल भदौ २९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-०३११, लागु औषध गाँजा, *नेपाल सरकार वि. राजु वाइबा*

बरामदी मुचुल्कामा पुनरावेदक प्रतिवादी राजु वाइबा रोहबरमा रहेको देखिँदैन । प्रहरीको प्रतिवेदनमा समेत निजको नाम उल्लेख भएको छैन । गाँजा लोड भएको ट्याङ्कर चालक र खलासीले यी पुनरावेदक प्रतिवादीको नाम अनुसन्धान तथा अदालतमा समेत पोल गर्न सकेको देखिँदैन । अनुसन्धानमा प्रतिवादी राजु वाइबालाई पोल गर्ने प्रतिवादीहरू सन्तोष थापा र रामसिंह वाइबाले सुरू अदालतमा स्वयम् इन्कार रही बयान गरेको देखिन्छ । निजहरूको अनुसन्धानको पोल अन्य कहीँकतैबाट पुष्टि भएको अवस्था छैन । गाँजा बोकेको कुरामा साबित हुने भुरे भन्ने महमद जाबेद र धीरज पासवान भन्ने राजवीर पासवानले गाँजा लोड गर्ने स्थानमा प्रतिवादीहरू सन्तोष थापा र राम वाइबा छन् भन्ने कुरा किटानी रूपमा उल्लेख गरेका छन् भने प्रतिवादी राजु वाइबालाई पोल गर्न सकेको अवस्था छैन । अदालतमा बकपत्र गर्ने प्रतिवेदक प्रहरी नायब उपरीक्षक दिपक थापाले समेत निज प्रतिवादी राजु वाइबाको संलग्नता थियो भनी भन्न सकेको देखिँदैन । घटनास्थल तथा बरामदी मुचुल्कामा बस्ने हरि परियारको बकपत्र तथा बरामदी मुचुल्काको काम तामेलीमा बस्ने प्रहरी सहायक निरीक्षक शम्भुकुमार खड्काको बकपत्रबाट समेत यी पुनरावेदक प्रतिवादी राजु वाइबाको कसुरमा कहीँकतै संलग्नता रहेको थियो भनी उल्लेख गर्न सकेको नदेखिने ।

सहअभियुक्तले पोल गरेको राजु वाइबाको ठेगाना नमिलेको प्रतिवादी राजु वाइबाले प्रयोग गर्ने गरेको नम्बर ९८४५६७५२७४ को मोबाइल हो भनी सहअभियुक्तले पोल गरेकोमा उक्त फोन

मकवानपुर डाँडाखर्क वार्ड नं.७ हाल चितवन जुटपानी ३ बस्ने विनोदकुमार लामा सिन्तानको हो भन्ने कुरा मिसिल संलग्न TELECOM को च.नं. १३८ मिति २०७२।०६।१४ को पत्रबाट देखिएको छ । सहअभियुक्तले पोल गरेको मानिसको ठेगाना तथा मोबाइल नम्बर नै नमिलेको, वारदातस्थलबाट निजको साथबाट कसुरसँग सम्बन्धित दशी बरामद नभएको, अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको बयानलाई निजले राखेका साक्षीहरूबाट पुष्टि भइरहेको अवस्थामा मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट यी राजु वाइबाको अपराधमा संलग्नता नदेखिएको केबल अनुसन्धानमा बयान गर्दा सहअभियुक्तहरूले पोल गरेको मात्र आधारमा लागु औषध गाँजाको कसुरमा दोषी ठहर गर्न फौजदारी न्यायको सिद्धान्तअनुसार मिल्ने नदेखिने ।

तसर्थ निज पुनरावेदक प्रतिवादी राजु वाइबालाई कसुरदार कायम गरी सजाय गर्ने गरेको सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७२।०७।१५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी राजु वाइबाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।२३ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी राजु वाइबाले अभियोग माग दाबीबमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी राजु वाइबालाई अभियोग माग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ)(५) नं. बमोजिम ३ वर्ष कैद र रू.३०,०००।– जरिवाना हुने ठहर गरी मकवानपुर जिल्ला अदालतबाट मिति २०७२।०७।१५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टि भई पुनरावेदक / प्रतिवादी राजु वाइबाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-१०२३, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. रामकाजी लामा*

लिखतमा भएको सहिछाप हाम्रो होइन भनी लिखतका साक्षीहरूले गरेको कागज तथा वैदेशिक रोजगारको कसुर भयो भनी पेस भएको लिखत नै प्रतिवादीबाट उक्त लिखतबमोजिमको रकम मैले लिएको छैन र लिखतमा भएको सहिछापसमेत मेरो होइन भनी लिएको जिकिर लिई वैदेशिक रोजगारको कसुरमा इन्कार रही आफ्नो भनाइ राखेको र उक्त लिखत साक्षी र प्रतिवादीको बयान जिकिरलाई खन्डन हुने गरी वादी पक्षबाट ठोस सबुत प्रमाण पेस हुन नसकेको अवस्थामा जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन प्रतिवादीले रकम लिई लिखत गरी वैदेशिक रोजगार कसुर गरेको भनी भन्न मिल्ने देखिएन । तसर्थ, प्रतिवादी रामकाजी लामाले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।०२।३० मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी रामकाजी लामालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराधमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो र हर्जनासमेतको रकम रू.३,५२,५००।- प्रतिवादीबाट जाहेरवालालाई दिलाई भराइ पाउँ भन्ने अभियोग मागदाबी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षबाट प्रमाणित गर्न सकेको नदेखिँदा प्रतिवादी रामकाजी लामाले

आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।२।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-WH-००२५, बन्दीप्रत्यक्षीकरण, *टेकबहादुर के.सी. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

बन्दीप्रत्यक्षीकरणको रिटबाट विवादको तथ्यभित्र प्रवेश गरी थुना कानूनी हो वा गैरकानूनी हो भन्ने कुरा खोजी गरिँदैन। बन्दीलाई थुनामा राखिएको कार्यको वैधताको परीक्षण गरी यदि बन्दीलाई गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो। निवेदक टेकबहादुर के.सी.लाई भक्तपुर जिल्ला अदालतमा विस्फोटक पदार्थ मुद्दामा अभियोगपत्र पेस भई थुनछेकको क्रममा मुद्दा पुर्पक्षको लागि धरौटी माग भएकोमा उक्त माग भएको धरौटी तिर्न बुझाउन नसकेकोले कानूनबमोजिम थुनामा राख्न पठाइएको कार्य गैरकानूनी थुना हो भनी भन्न सकिने अवस्था नदेखिने।

निवेदक टेकबहादुर के.सी.लाई पहिला भक्तपुर जिल्ला अदालतमा ज्यान मार्ने उद्योग मुद्दामा अभियोगपत्र पेस भई थुनछेकको क्रममा मुद्दा पुर्पक्षको लागि रू.१५,०००।- धरौटी माग भई उक्त धरौटी दाखिला गरेपश्चात् पुनः निज टेकबहादुर के.सी. लाई विस्फोटक पदार्थ मुद्दाको कसुरमा पक्राउ गरी कानूनबमोजिम म्याद थप गरी अनुसन्धानको प्रक्रिया पूरा भएपछि विस्फोटक पदार्थ मुद्दामा अभियोगपत्र दायर गरी थुनछेकको क्रममा मुद्दा पुर्पक्षको लागि रू.१५,०००।- धरौटी माग भएकोमा निज निवेदक टेकबहादुर के.सी.ले माग भएको धरौटी रकम दाखिला गर्न सक्दिन कानूनबमोजिम होस् भनी कागजसमेत गरिदिएकोले निजलाई आदेशानुसार थुनामा राख्न पठाइएको अवस्था देखियो। यसरी यी निवेदकउपर पृथक तथ्यमा पृथक कानूनी आधारमा थुनाको अवस्था परिवर्तन भएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको प्रयोजनका लागि निवेदकलाई निरन्तर गैरकानूनी थुनामा राखेको हो भन्ने अवस्था देखिन आएन। निज निवेदक टेकबहादुर के.सी. उपर बिस्फोटक पदार्थ मुद्दामा कानूनबमोजिम माग गरेको धरौटी रकम दाखिला नगरेको कारण राखेको थुनालाई गैरकानूनी भनी रिट जारी गर्न मिल्ने अवस्था नदेखिने।

अतः उल्लिखित आधार, कारण तथा प्रमाणसमेतबाट कानूनबमोजिम साधिकार निकायबाट थुनामा रहेको देखिँदा निवेदक टेकबहादुर के.सी. गैरकानूनी थुनामा रहेको भन्ने नदेखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल भदौ २४ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CI-०५८७, हक कायम निर्णय दर्ता बदर, *श्रीमती शोभा कहानी वि. गौरी कहार*

वादी गौरी कहारको काका केशव कहार र पुनरावेदिका शोभा कहार्नीबिच श्रीमान् श्रीमती नाता भएको कुरामा विवाद देखिँदैन। निजहरूबिच अंश मुद्दा चली मिति २०५५।७।१७ मा कपिलवस्तु जिल्ला अदालतबाट फैसला भई यी दुईबिच बन्डा भएको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिन्छ। श्रीमान् श्रीमतीबिच अंशबन्डा भएपछि यी पुनरावेदिकाको पति केशव कहारको पालन पोषण रहन सहन प्रत्यर्थी वादी गौरी कहारले गर्दै आएको देखिन्छ। केशव कहारको मिति २०६५।२।१२ मा कालगतिले मृत्यु भएको भन्ने

तथ्य वादी / विपक्षी गौरी कहारका साक्षी जिधारू कुर्मीको बकपत्रबाट समेत पुष्टि हुने।

पुनरावेदकले आफू श्रीमान् सँगसँगै बसेको भन्ने जिकिर लिए तापनि निजले श्रीमान्सँग मानो जोडिएको वा अंश मिसाई सँगै बसेको भन्ने सबुत प्रमाण पेस गर्न सकेको देखिँदैन। सुरू अदालतबाट भएको सर्जमिनमा मृतक केशव कहार आफ्नो भाइ झगरू र भतिजो गौरी कहारसँग साथमा बलरमवापुर नै बस्दै आउनु भएको र निजहरूले नै स्याहार सम्भार, पालन पोषण गर्नु भएको भन्ने देखिने।

सम्पत्तिमा दाबी गर्नेले निज बाचुञ्जेलसम्म निजलाई स्याहार सम्भार गर्ने दायित्व पनि पूरा गर्नुपर्दछ नत्र सम्पत्तिमा दाबी पनि गर्न पाइँदैन भन्ने कुरा ऐनको दफा ११ मा उल्लिखित अन्य नम्बरहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि भन्ने वाक्यांशबाट स्पष्ट हुने।

मिसिल संलग्न बलरमवापुर गा.वि.स. को जग्गा नामसारीको सिफारिस हेर्दा मृतक केशवको हक खाने हकवाला श्रीमती शोभा कहार्नी भएको तर शोभासँग अंशबन्डा भएपछि शोभा कहार्नी कजरहवा गा.वि.स. र मृतक केशव बलरमवापुर गा.वि.स.मा भिन्दाभिन्दै बसी आएको, मृतकको पालन पोषण स्याहार सम्भार गौरी कहारले गरी आएको भनी मृतकको नाम दर्ताको जग्गा दर्ता नामसारी सिफारिस गरेको देखिन्छ। साथै मृतक केशव कहार वादी शोभा कहार्नी प्रतिवादी भई चलेको अंश मुद्दामा केशवको वतन बलरमवापुर गा.वि.स. नै रहेको देखिन्छ। पुनरावेदक प्रतिवादी शोभा कहार्नीले आफ्नो वतन कजहरवा गा.वि.स. रहेको पुनरावेदन पत्रमा उल्लेख गरेबाट मृतक केशव र शोभा कहार्नी बेग्लाबेग्लै स्थानमा बसेको तथ्य मिसिल संलग्न प्रमाणबाट स्थापित हुने।

यसरी मृतक केशव कहार र शोभा कहार्नीबिच श्रीमान् श्रीमतीको नाता सम्बन्ध हुँदाहुँदै पनि यी दुईबिच २०५० सालको दे.नं.१८०२ को अंश मुद्दा चली बन्डा छुट्टयाई अलगअलग स्थानमा बसेको, केशव कहार आफ्ना भतिजा गौरी कहारसँग बस्दै आएको, निजको पालन पोषण गौरी कहारले नै गरेको भन्ने सर्जमिनका व्यक्तिहरूको भनाइ रहेको, सो कुरा बलरमवापुर गा.वि.स.को सिफारिसबाट प्रस्ट देखिएको र अपुतालीको तत्काल प्रचलित ११ नं. ले कानूनबमोजिम अपुताली प्राप्त गर्न सक्ने हकवालाले स्याहार सम्भार नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुताली सबै अचल सम्पत्ति त्यस्तो स्याहार गर्नेले पाउँछ भन्ने व्यवस्था गरेको हुँदा आफू श्रीमती भएकोले आफूले पाउनु पर्ने भनी लिएको पुनरावेदन जिकिर र अपुतालीको २ नं. को व्याख्यामा त्रुटि भएको भनी दोहोऱ्याउने निस्सा प्रदान गर्ने इजलासको कथनसँग सहमत हुन सकिएन। अपुतालीको सम्पत्तिमा प्रत्यर्थी वादी गौरी कहारको हक जाने देखिँदा पुनरावेदक शोभा कहार्नीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित कानूनी आधार कारण एवम् प्रमाणबाट मृतक केशव कहारको सम्पूर्ण सम्पत्तिमा प्रत्यर्थी वादी गौरी कहारको हक स्थापित हुने देखिँदा सुरू कपिलवस्तु जिल्ला अदालतबाट वादी दाबीबमोजिम निर्णय दर्ता बदर गरी हक कायम दर्ता हुने ठहऱ्याएको फैसला सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-०३३३, लिखत बदर, *रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मा*

विवादको जग्गा मिति २०६३।१२।२६ मा

र.नं.१७०७ क मा प्रतिवादीहरू दिने रून्धुकादेवी लिने कैलाशा काँदु भई लिखत पारित भएको देखिन्छ । उक्त लिखत आधा बदर गरिपाउँ भनी वादी जग्गा पजनीको १७ नं. को हदम्याद देखाई परेको मिति २०६५।३।२ को प्रस्तुत फिराद लिखत बदर मुद्दामा आकर्षित हुन सक्ने देखिएन । तथापि प्रस्तुत मुद्दाको दाबी जग्गा पजनीको १७ नं. को भए तापनि लगाउको यसै विवादित लिखतबाट हक हस्तान्तरण गरेको कार्य जालसाज घोषित गरिपाउँ भनी यिनै वादीले यिनै प्रतिवादीहरूउपर सोही मितिमा किर्ते कागजको १८ नं. को हदम्यादको आधार लिई बाँके जिल्ला अदालतमा फिराद दायर गरेको पाइन्छ । उक्त जालसाज मुद्दामा प्रस्तुत लिखत बदरको मुद्दामा वादीको हकजति लिखत बदर भई वादीको हक कायम प्राप्त गरिसकेको आधारले जालसाजको दाबी नपुग्ने ठहरी सुरू जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत नेपालगञ्जबाट समेत सदर भई अन्तिम भई बसेको देखिने ।

जालसाज मुद्दामा विवादित लिखतमा वादीको हक रहने भनी पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसलाउपर प्रतिवादीहरूले पुनरावेदन नगरी चित्त बुझाई बसेको अवस्था छ । अदालतबाट भएको अन्तिम फैसला क्रियाशील हुन्छ नै । अर्कोतर्फ जग्गा प्राप्त गर्ने कैलाशा काँदु जसका नाउँमा विवादित जग्गा दर्ता रहेको छ । निज स्वयम्ले पनि वादी दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको पुनरावेदनको फैसलाउपर यस अदालतमा पुनरावेदन गर्न आएको नदेखिएकोबाट चित्त बुझाई बसेकोसमेत देखियो । यसरी अन्तिम भइरहेको जालसाजी मुद्दाबाट पनि वादीको लिखत बदर मुद्दाबाट प्राप्त हक सुरक्षित हुन गई प्रस्तुत मुद्दाको वादी दाबी खम्बिर हुन आएको देखियो । त्यसकारण प्रस्तुत मुद्दामा दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला न्यायको रोहमा मनासिब नै देखिन आयो । विवादित लिखतमा जालसाजसमेतको मुद्दा परेको परिप्रेक्ष्यमा यस अदालतको निस्सा प्रदान गर्ने आधारसँग सहमत हुन नसकिने ।

तसर्थ, उल्लिखित विवेचित आधार कारणबाट वादी दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको बाँके जिल्ला अदालतको मिति २०६६।१२।०३ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०६८।९।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक ३० गते रोज ५ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०७२-CR-०२४५, जालसाजी, *रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मासमेत*
- ०७२-CI-०३३५, लिखत बदर हक कायम, *रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मासमेत*
- ०७२-CI-०३३४, लिखत बदर, *रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मा*
- ०७२-CI-०३३२, लिखत बदर, *रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मा*
- ०७२-CI-०२४६, जालसाजी, *रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मासमेत*
- ०७२-CR-०२४४, जालसाजी, *रून्धुकादेवी कुर्मी वि. विनोदकुमार बर्मासमेत*

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CR-०५४५, हातहतियार खरखजाना, *नेपाल सिरकार वि. मोहम्मद सनम शेख मियाँ*

प्रतिवादी अदालतसमक्ष कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ । प्रतिवादीको अदालतको इन्कारी बयानलाई मात्र आधार मानी बरामद भएको

दशी प्रमाणलाई नजरअन्दाज गर्न मिल्ने पनि देखिँदैन । फौजदारी न्याय प्रणालीमा दशी प्रमाण नै कसुर प्रमाणित गर्ने विश्वसनीय प्रमाण हो । बरामदी मुचुल्का तयार गर्ने प्रहरी कर्मचारी अदालतसमक्ष उपस्थित भई बरामदी मुचुल्कालाई प्रमाणित हुने गरी गरेको बयान प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने देखिएसमेतबाट बरामद पेस्तोल थान-१ र सोमा फिट हुने गोली राउण्ड-२ प्रतिवादी मोहम्मद सनम शेख मियाँबाटै बरामद भएको देखिन आयो । बरामद भएको हातहतियार खरखजाना प्रतिवादी मोहम्मद सनम शेख मियाँले लाइसेन्स नलिई आफू साथ लिएर हिँडेको देखिने ।

प्रतिवादी मोहम्मद सनम शेख मियाँले लाइसेन्सविना बरामद भएको पेस्तोल थान-१ र सोमा फिट हुने गोली राउण्ड-२ लिएर हिडेको देखिँदा निजको कसुर अभियोग दाबीबमोजिमको हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) बमोजिमको देखिन आएकाले पुनरावेदन अदालत राजविराजबाट प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई गरेको फैसला मनासिब रहेको नदेखिने ।

अतः प्रतिवादी मोहम्मद सनम शेख मियाँलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६७।१२।२३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई हातहतियार खरखजाना ऐन, २०१९ को तत्कालीन दफा २०(२) बमोजिम ६ महिना कैद र सोही ऐनको दफा २०(३) बमोजिम ३ महिना कैद सजाय हुने भई जम्मा ९ महिना कैद सजाय हुने ।

इजलास अधिकृतः कालीबहादुर साम्प्याू लिम्बू

इति संवत् २०७५ साल साउन १८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०६३२, वन पैदावार हानि नोक्सानी तथा चोरी निकासी, *नेपाल सरकार वि. हेमबहादुर राईसमेत*

वस्तुतः प्रतिवादीहरू ऐलानी जग्गामा बसोबास गर्ने, मजदुर किसान रहेको देखिन्छ । प्रतिवादीहरूले दाबीको वन पैदावार घर निर्माण गर्ने उद्देश्यले कटान गरेको देखिन आएको छ । मिसिल संलग्न तथ्य प्रमाणलाई हेरी तजबिजी सजायमध्ये कुन उपयुक्त हुने भनी न्यायिक मनको प्रयोग गरी औचित्यको आधारमा न्यायकर्ताबाट सजाय निर्धारण हुने हुन्छ । तजबिजी सजाय निर्धारण भएउपर गम्भीर त्रुटि देखिने अवस्था प्रमाणित नभएसम्म सामान्यतः पुनरावेदनको विषय बन्न सक्ने अवस्था रहँदैन । तजबिजी सजाय निर्धारण तथ्य प्रमाणसँग नमिल्ने गरी अस्वभाविक रूपमा रहेको पुष्टि हुने स्पष्ट आधार पुनरावेदनपत्रमा वादी नेपाल सरकारको तर्फबाट देखाउन सकेको देखिँदैन । साधारण व्यक्तिले आफ्नै घर निर्माण प्रयोजनार्थ वनपैदावार कटान गरेको अवस्थामा न्यायिक मनको प्रयोग गरी न्यायकर्ताबाट भएको तजबिजी सजाय निर्धारणलाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदन अदालत राजविराजबाट फैसला गर्दा बरामद काठको सम्बन्धमा केही नबोलेको भन्ने वादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, पुनरावेदन अदालत राजविराजबाट सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसलामा सजाय निर्धारणको हकमा मात्र केही उल्टी हुने ठहर भई फैसला भएको देखिन्छ । सुरू उदयपुर जिल्ला अदालतबाट अभियोग माग दाबीबमोजिमको बरामद भएको काठ जफत हुने ठहर गरेको हदसम्म फैसला उल्टी भएको देखिँदैन । बरामद काठ जफत हुने कुरा सुरू अदालतको फैसलाबाट नै निकास भइसकेको देखिँदा सो पुनरावेदन जिकिर सान्दर्भिक रहेको देखिन नआउने ।

अतः प्रतिवादी चुप्लुकबहादुर मगरलाई सुरू उदयपुर जिल्ला अदालतबाट वन ऐन, २०४९ को दफा

५०(१)(घ)(४) को कसुरमा सोही ऐनको दफा ५०(१)(घ)(४) बमोजिम १ वर्ष कैद र बिगो रू.१,९५,५००।- को दोब्बर जरिवाना हुने र अर्का प्रतिवादी गणेश भन्ने हेमबहादुर राईलाई सोही दफा ५०(१)(घ)(४) बमोजिम १ वर्ष कैद र बिगो रू.४,१२,०००।- को दोब्बर जरिवाना हुने तथा बरामद काठ सोही ऐनको दफा ५०(१)(घ) बमोजिम जफत हुने ठहऱ्याई भएको फैसलामा जरिवाना गरेको हदसम्म केही उल्टी हुने भई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम निज प्रतिवादीहरूलाई जनही १ (एक) वर्ष कैद सजाय हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।११।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल माघ २ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०५६८, लागु औषध (डाइजेपामसमेत), *नेपाल सिरकार वि. गोपी गुरूङसमेत*

प्रतिवादीहरू सडकमा हिँडिरहेको अवस्थामा पक्राउ परी लागु औषध बरामद भएकोसम्म देखिन्छ। प्रतिवेदक प्रहरी अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादीहरूको कार्य लागु औषध पैठारी, निकासी, सञ्चय तथा ओसारपसारको रहेको भनी उल्लेख गर्न सकेको पाइँदैन। प्रतिवादीहरू सुरू अनुसन्धान अधिकारीसमक्षको बयानबाटै सेवनमा मात्र साबिती रहेका पाइन्छन्। बरामद भएको लागु औषध प्रतिवादीहरूले ओसारपसार, सञ्चय, खरिद तथा पैठारी निकासीसमेतको प्रयोजनको लागि बोकी हिँडेको तथ्य पुष्टि हुन आएको देखिएन। तसर्थ, प्रतिवादीहरू पक्राउ पर्दाको अवस्था, बरामद लागु औषधको प्रकृति, प्रतिवादीहरूको उमेरसमेतलाई मध्यनजर गर्दा, पुनरावेदन अदालत हेटौंडाबाट प्रतिवादीहरूलाई सेवनतर्फ मात्र सजाय हुने ठहर गरेको फैसला अन्यथा भन्न मिलेन। वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम २ (दुई) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर गरी सुरू चितवन जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१)(ज) बमोजिम जनही २ (दुई) महिना कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल माघ २ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-RC-००७३, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. बसन्त नेपाली*

प्रतिवादी हड्डी भन्ने बसन्त नेपालीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो साथमा भएको ब्लेडले सरोज श्रेष्ठको पेट, छाती, टाउको र कम्मरसमेतको भागमा काटी घाइते बनाएको हुँ भनी बयान गरेको पाइन्छ भने अदालतमा आई बयान गर्दा पहिलेको रिसइवी साँध्न मलाई राजेश शाहीसमेतले रडसमेतले प्रहार गर्दा मलाई चोट लागेकोले मैले मेरो खल्तीबाट ब्लेड झिकी अन्धाधुन्दा

प्रहार गर्दा निजहरू घाइते भएको, मैले मेरो प्रतिरक्षा गर्दा भएको प्रहारबाट सरोज श्रेष्ठको मृत्यु भएकोमा सजाय भोग्न तयार छु भनी कसुर अपराधमा साबिती नै रहेको पाइने।

हड्डी भन्ने बसन्त नेपालीको साथबाट ब्लेडको दुई भागमध्ये एक भाग र स्टिलजस्तो देखिने रड थान-१ बरामद भएको भन्ने बरामदी मुचल्का, कुटपिट गर्ने क्रममा मैले मुक्का तथा ब्लेड र रडसमेतले हानेको हो भन्ने हड्डी भन्ने बसन्त नेपालीको मौकाको कागज, विकास भन्ने राजु तामाङको जाहेरी दरखास्त, पूरक जाहेरी दरखास्त एवम् मौकाको कागज, लासको निधारको दायाँपट्टि आँखीभौं माथि कोतरिएको घाउ रहेको मुख र नाकबाट तरल पदार्थ निस्किएको घाँटीको दायाँतर्फ ४ इन्च लामो घाउ रहेको छातीको तल्लोबिच भागदेखि नाइटोको तल्लो भागसम्म अन्दाजी ८ इन्च लामो तेर्सो काटिएको भन्नेसमेत बेहोराको सरोज श्रेष्ठको लास जाँच प्रकृति मुचुल्का, घाइते किरण पौडेलले गरिदिएको घटना विवरण कागज र सनाखत कागज राजेश शाही तथा धावा तामाङसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र सोही बयानलाई समर्थित हुने गरी अदालतमा गरेको बयानसमेतबाट मृतकको मृत्यु यिनै प्रतिवादी हड्डी भन्ने बसन्त नेपालीको प्रहारबाट भएको कुरामा कुनै शङ्का नदेखिने।

आफ्नो साथमा ब्लेड लिई हिँडेको, केटीको विषयमा झगडा हुँदा सोही ब्लेडसमेतको प्रहारबाट सरोज श्रेष्ठको मृत्यु भएको भन्ने देखिरहेको अवस्थामा मृतकलाई मार्ने मनसाय थिएन भन्ने प्रतिवादीको भनाइ पनि प्रमाणले पुष्टि हुन सकेको देखिँदैन । ज्यानसम्बन्धी महलको १३(३) नं. मा ज्यानमारालाई सर्वस्वसहित जन्मकैद हुने कानूनी व्यवस्था भएकोमा प्रतिवादीहरूको बयान, किटानी जाहेरी दरखास्त, बरामदी मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, मिसिल संलग्न विभिन्न व्यक्तिहरूको मौकामा भएको कागज एवम् Cause of death मा peritonitis भनी उल्लेख भएलगायत मिसिल संलग्न अन्य प्रमाणबाट प्रतिवादीले नियोजित रूपमा नै प्रस्तुत वारदात घटाएको देखियो । यस अवस्थामा सुरू जिल्ला अदालतबाट प्रतिवादी हड्डी भन्ने बसन्त नेपालीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नै देखिँदा अन्यथा मान्न नमिल्ने।

अतः माथि विवेचित आधार, प्रमाण र कारणबाट प्रतिवादी हड्डी भन्ने वसन्त नेपालीको कर्तव्यबाट सरोज श्रेष्ठको मृत्यु भएको देखिँदा प्रतिवादी हड्डी भन्ने वसन्त नेपालीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७४।४।१६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल माघ २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-WO-०४२५, उत्प्रेषण / परमादेश, *नरेशराज अर्याल वि. एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लि.समेत*

लक्ष्मी वनस्पति घ्यु उद्योगले नेपाल औद्योगिक विकास निगमको नाममा विभिन्न कित्ता जग्गाहरू क्षेत्रफल ४–५–४.५ विगाहा जग्गा मालपोत कार्यालय, रूपन्देहीबाट धितोबन्धक पास गरी निगमबाट कर्जा लिएको, राष्ट्रिय वाणिज्य बैंक र नेपाल औद्योगिक विकास निगमबिच मिति २०५०।०२।११ मा कन्सोर्टियम (पारीपासु) सम्झौता भएको, रा.वा.बैंकबाट समेत ऋण प्रवाह भएको र उक्त सम्झौताबमोजिम निवेदक बैंकले लगानी गरेबापत

साँवा ब्याज रू.२९,१४,९२,७७१।७९ (अक्षरेपी उनन्तीस करोड चौध लाख बयानब्बे हजार सात सय एकहत्तर रूपैयाँ उनासी पैसा) प्रतिवादीबाट भराइपाउने ठहर गरी मिति २०६९।०६।२२ मा ऋण असुली न्यायाधिकरणबाट निर्णय भएको तथ्यमा विवाद देखिएन । ऋण असुली न्यायाधिकरणको उपर्युक्त निर्णयको आधारमा कर्जा असुलउपर हुन बाँकी नै रहेको अवस्थामा रोक्का रहेको जग्गा फुकुवा गरी मिति २०६९।०६।२६ मा लक्ष्मी वनस्पति घ्यु उद्योगले धाडेवा चिया उद्योग विराटनगरलाई बिक्री गरी हक हस्तान्तरण गरेको देखियो । यस प्रकार निवेदक बैंकको ऋण चुक्ता नहुँदै उद्योग बिक्री गर्ने गरी भएका काम कारबाहीका सम्बन्धमा दूषित रोक्का फुकुवा बदर, लिखत बदरसमेतका मुद्दाहरू रूपन्देही जिल्ला अदालतमा परी विचाराधीन रहेको देखिन्छ । यस अवस्थामा निवेदक राष्ट्रिय वाणिज्य बैंकको निवदेन मागअनुसार सम्पत्ति रोक्का राख्नु स्वभाविक देखिन्छ । रोक्का रहेको सम्पत्ति निवेदक रा.वा. बैंकको लेना रकम असुल नहुँदै फुकुवा भएमा बैंकको करोडौं लगानी डुब्न जाने सम्भावना पनि रहन्छ । त्यसैले निवेदकको मागअनुसार अ.बं.१७१ (क) नं. बमोजिम रोक्का राख्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।०९।१२ मा भएको आदेश मनासिब नै देखिने ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरी वा अन्य व्यवस्था गरी बैंकको कर्जा असुलउपर गर्ने कानूनी हक निवेदक बैंकमा रहेकै देखिन्छ । यस अवस्थामा सुरू जिल्ला अदालतबाट रोक्का राख्ने गरी भएको कानूनअनुकूलको आदेशलाई बदर गरी रोक्का फुकुवा हुने भनी गरिएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।१२।२२ को आदेशलाई उचित र न्यायसङ्गत मान्न मिलेन । पुनरावेदन अदालतको उक्त आदेश कायम रही रहँदा निवेदक रा.वा. बैंकलाई ठूलो नोक्सानी पुग्न जाने अवस्था भएकोले पूर्ण न्यायको अवस्था कायम गर्न उक्त आदेश बदर गर्नु नै मनासिब देखिने ।

अतः मिति २०६९।१२।२२ को पुनरावेदन अदालत बुटवलको आदेश अ.बं. १७१ (क) नं. तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ समेतको प्रतिकूल देखिएकोले उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । धितो राखिएको जग्गाको हक हस्तान्तरण गर्न नपाउने गरी मुद्दा किनारा नहोउन्जेलसम्म रोक्का राख्नु भनी परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: सोमराज काफ्ले

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-WO-०४२४, उत्प्रेषण, *नरेशराज अर्याल वि. लक्ष्मी वनस्पति घ्यु उद्योग प्रा. लि. समेत*
- ०७१-MS-०००६, उत्प्रेषण, *चन्द्रशेखर धाडेवा वि. विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लि., अनामनगर*

## इजलास नं. ११

१

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७४-CI-०७३०, सर्जमिन सिफारिस बदरसमेत, *मायादेवी बाहुनसमेत वि. हेमराज अहिर*

कि.नं. ३७ को जग्गा राजीनामा गरेको छैन भन्ने मायादेवी बाहुनको र सार्वजनिक जग्गा आफूले राजीनामा गरी लिएको छैन भन्ने जलवर्षी पासीको प्रतिउत्तर जिकिर रहेको देखिन्छ । सर्वे नापीको नक्सा

हेर्दा कि.नं. ३७ को जग्गामा कुवा रहेको देखिन्छ र कुवाको उत्तर दक्षिणको बाँकी जग्गालाई अंग्रेजीको "S" आकार रहेको देखिन्छ। यसबाट कुवा रहेको कि.नं.३७ को जग्गा सार्वजनिक रहेछ भन्ने अर्थ बुझिन्छ। यसका साथै मायादेवी बाहुनको आफ्नो नाउँको जग्गा कि.नं. ३५ मा नापी भएको र कि.नं.३६ मा बिल्लु पासी रहे भएकोमा विवाद नदेखिने।

सुरू मिसिल संलग्न रहेको मिति २०६४।७।१४ को नापनक्सा मुचुल्कालाई हेर्दा विवादित जग्गालाई न.नं.१५, १६ र १७ मा देखाइएको पाइयो भने न.नं.१७ लाई इनार कुवा भन्ने जनाइएको पाइयो । कुवा र कुवाले चर्चेको जग्गा सार्वजनिक हो भन्नेमा वादी र प्रतिवादीमा सहमति नै रहेको देखियो। न.नं. १५, १६ र १७ को जग्गा र कि.नं.३७ को जग्गाको क्षेत्रफल मिल्दोजुल्दो नै रहेको भन्ने तत्कालीन पुनरावेदन अदालत नेपालगञ्जको ठहर छ र उक्त विषयलाई प्रतिवादीले यस अदालतमा खण्डन गरेकोसमेत देखिँदैन। तसर्थ कि.नं. ३७ र सोले चर्चेको कुवासहितको क्षेत्र सार्वजनिक रहेछ भन्नु पर्ने हुन आयो। जहाँसम्म जग्गा (नाप जाँच) ऐन, २०१९ को प्रक्रिया सुरू भएपछि नापीमा उजुर परेपछि सो विषय नापीबाटै टुङ्गो लाग्नु पर्ने हो भन्ने प्रतिवादीहरूको जिकिरको हकमा नापीको कार्य २०४७।०४८ सालमा भएको, सो नापीबमोजिमको स्रेस्ता बन्न नसकेको र २०६२ सालमा भएको राजीनामाबाट कि.नं. ३७ को जग्गा दाबी गरिएको अवस्थामा मुलुकी ऐन, अ.बं. १० नं. बमोजिमको अनुमति लिई अदालतमा प्रवेश गरिसकेका सार्वजनिक जग्गाको संरक्षण गरिपाउँ भन्ने विवाद अदालतले नहेर्ने भन्ने हुन सक्दैन। त्यसैले जग्गा (नाप जाँच) ऐनको प्रक्रिया पूरा नगरी अदालतले हेर्न मिल्दैन भन्ने पुनरावेदन निवेदन जिकिर र निस्साको आधारसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट न.नं.१५, १६ र १७ को जग्गा र कि.नं.३७ को क्षेत्रफल मिलेकै देखिएको र कि.नं.३७ को कुवासमेत रहेको सार्वजनिक जग्गासमेतलाई पुनरावेदक प्रतिवादी मायादेवी बाहुनले कि.नं.३५ को चार किल्लाभित्र सामावेश गरी मिति २०६२।१।१२ मा र.नं.६११५ बाट जलवर्षी पासीलाई राजीनामा पारित गरिदिएको लिखत र सो लिखतलाई सिर्जना गर्ने सर्जमिनको कागजसमेतलाई सो हदसम्म बदर गरी सार्वजनिक कायम हुने ठहर्‍याई सुरू अदालतबाट भएको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत नेपालगञ्जको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रबहादुर कार्की

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख २० गते रोज ६ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-WO-०२६९, उत्प्रेषण, *मनिषकुमार साह वि. गृह मन्त्रालय, सिंहदरबार*

नेपालको संविधान जारी हुनुअगावै निवेदकका आमा बुबाले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको र निवेदक नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उमेर र बसोबाससमेतको कारणबाट योग्य भइसकेको अवस्था देखिन्छ। बाबु वा आमामध्ये कसैको नागरिकतामा खोट देखिएको वा यस अदालतको निवेदक अधिवक्ता बालकृष्ण नेउपाने विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत भएको उत्प्रेषणसमेतको निवेदनमा मिति २०५८।०४।०८ मा भएको फैसला (ने.का.प. २०५८ नि.नं. ७०१९) वा निवेदक अधिवक्ता बालकृष्ण नेउपाने विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत भएको उत्प्रेषणसमेतको निवेदनमा मिति २०५१।०३।२४ मा भएको फैसला (ने.का.प. २०५१ नि.नं. ४९७०) बमोजिम नागरिकता पाउन नसक्ने व्यक्तिले नागरिकता लिएको वा पाएको भन्ने अनुसन्धानबाट देखिई नागरिकता बदर भएको अवस्थामा त्यसको परिणाम

निवेदकले पनि बेहोर्नु पर्ने हुन्छ । यी रिट निवेदकको हकमा सोबमोजिम अनुसन्धान भएको अवस्था नदेखिएको, बाबु आमाले कानूनबमोजिम नागरिकता प्राप्त गरिरहेको अवस्था देखिँदादेखिँदै र संविधानमा नै स्पष्टतः वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने छ भन्ने उल्लेख भइरहेको अवस्थामा निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको संविधान बर्खिलापको कार्य हुन आउने ।

रिट निवेदकको आमा वंशजको आधारमा र बाबु जन्मको आधारमा नेपाली नागरिक भएको देखिएको र निजले आमाको नामबाट समेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने अवस्थाको विद्यमानता रहेकोसमेतलाई हेर्दा निज रिट निवेदक मनिषकुमार साहलाई कानूनको प्रक्रिया पूरा गरी वंशजको नागरिकता प्रदान गर्न मिल्ने नै देखिने ।

अतः रिट निवेदकको आमा र बुवाले नेपालको संविधान जारी हुनुअगावै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको, निवेदकको हालको उमेरसमेतबाट नेपाली नागरिकता प्राप्त गर्नलाई योग्य भइसकेको र हाल निवेदक तथा निजका बाबु आमासमेत जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं.४ मा स्थायी बसोबास गर्दै आएको भन्नेसमेतका आधारमा कानूनको प्रक्रिया पूरा गरी निवेदक मनिषकुमार साहले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिँदा र त्रिभुवन विश्वविद्यालय किर्तिपुरसमेतको लिखित जवाफअनुसार भएको भर्ना अन्यथा नहुने गरी नियमित अध्ययन र परीक्षाको प्रक्रियालगायत रजिस्ट्रेसनसमेत गर्नु गराउनु भन्ने विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

इति संवत् २०७६ साल वैशाख १० गते रोज ३ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-WO-०२११, उत्प्रेषण, *शोभित सिंह गुप्ता वि. गृह मन्त्रालय, सिंहदरबार*

रिट निवेदकले नागरिकता प्राप्तिका लागि विपक्षीमध्येको जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकता ऐन, २०६३ बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त व्यक्तिले नागरिकता प्रमाणपत्र प्राप्त गरेको मितिपछि जन्मेको सन्तानलाई मात्र वंशजको आधारमा नागरिकता प्रमाणपत्र प्रदान गर्न सकिने भएकोले हाललाई निवेदक शोभित सिंह गुप्तालाई नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न नसकिने भनी नागरिकताको प्रमाणपत्र नदिएको भन्ने देखिएको र संविधानको धारा ११(३) को व्यवस्थाले "संघीय कानूनबमोजिम" भन्ने उल्लेख नभएको र संविधानको उक्त व्यवस्थाको बर्खिलाप संघीय कानून बन्न सक्ने अवस्था पनि रहेको नदेखिँदा विपक्षी कार्यालय, यस विषयमा आफैँ संवेदनशील हुनुपर्ने ।

रिट निवेदकको आमा वंशजको आधारमा र बाबु जन्मको आधारमा नेपाली नागरिक भएको देखिएको र निजले आमाको नामबाट समेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने आवस्थाको विद्यमानता रहेकोसमेतलाई हेर्दा निज रिट निवेदक शोभित सिंह गुप्तालाई कानूनको प्रक्रिया पूरा गरी वंशजको नागरिकता प्रदान गर्न मिल्ने नै देखिने ।

अतः रिट निवेदकको आमा र बुवाले नेपालको संविधान जारी हुनुअगावै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको, निवेदकको हालको उमेरसमेतबाट नेपाली नागरिकता प्राप्त गर्नलाई योग्य भइसकेको र हाल निवेदक तथा निजका बाबु आमासमेत दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १५ मा स्थायी बसोबास गर्दै आएको भन्नेसमेतका आधारमा निवेदक शोभित सिंह गुप्ताले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिँदा आवश्यक कानूनको प्रक्रिया पूरा गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु र निज निवेदकको भर्नामा अन्यथा नहुने

गरी नियमित अध्ययन र परीक्षाको प्रक्रियालगायत रजिस्ट्रेसनसमेत गर्नु गराउनु भन्ने विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख १० गते रोज ३ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७४-WO-०९८७, उत्प्रेषण, *सपना कार्कीसमेत वि. जिल्ला प्रशासन कार्यालय, मकवानपुरसमेत*

नेपालको संविधान जारी हुनुअगावै निवेदिकाको आमाले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको देखिन्छ। निवेदिकाको बाबु फुलकुमार कार्की हो भन्ने निवेदन तथा अन्य कागजहरूमा उल्लेख गरे पनि निवेदिका गर्भमा रहेपछि बेपत्ता भएको भन्ने पनि देखिन्छ। हालको समयमा र निवेदिका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न उमेरसमेतको कारणबाट योग्य भइसकेको अवस्था देखिने।

प्रस्तुत रिट निवेदकको आमा वंशजको आधारमा नेपाली नागरिक भएको देखिएको र निजले आमाको नामबाट समेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने अवस्थाको विद्यमानता रहेकोसमेतलाई हेर्दा निज रिट निवेदक सपना कार्कीलाई कानूनको प्रक्रिया पूरा गरी वंशजको नागरिकता प्रदान गर्न मिल्ने नै देखिने।

अतः रिट निवेदकको आमाले नेपालको संविधान जारी हुनुअगावै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको, निवेदिकाको आमा संगिताकुमारी कार्कीबाट सपना कार्कीको नेपालमा जन्म भएको देखिएको, हाल निवेदिका आमासँग हेटौंडा उपमहानगरपालिकाको वडा नं.२ मा स्थायी बसोबास गर्दै आएको देखिएको, निवेदिकाको हालको उमेरसमेतबाट नेपाली नागरिकता प्राप्त गर्नलाई योग्य भइसकेकोसमेतका आधारमा २०७५।२।१७ को हेटौंडा उपमहानगरपालिकाको वडा नं.२ को सिफारिस गर्न नसक्ने भन्ने निर्णय तथा पत्राचार बदर गरिएको छ। निवेदक सपना कार्कीले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिँदा कानूनको प्रक्रिया पूरा गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख १० गते रोज ३ शुभम्।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-WH-०११६, बन्दीप्रत्यक्षीकरण, *पासाङ लक्की शेर्पा वि. रूकमाया राई (जाहेरवाली) समेत*

संखुवासभा जिल्ला अदालतबाट जारी भएको ७० दिने म्याद पुर्जीमा समेत हाजिर नभई म्याद गुजारी बसेकोले मिति २०५५।७।२९ मा भएको पहिलो फैसलाअनुसार प्रतिवादी आङ्तेम्बा शेर्पाको हकमा रहेको चल अचल सम्पत्ति रोक्का राख्ने क्रममा प्रतिवादीका बाबु पेमा नुर्वु शेर्पा नाउँको मकालु गा.वि.स. वडा नं.९ पर्ने कि.नं.६२९ को जम्मा क्षेत्रफल २२३५० हे. मध्येबाट पूर्वपश्चिम चिरा पारी दक्षिणतर्फबाट ४००० हे. जग्गा कित्ता काट गरी रोक्का राख्दा यी निवेदकका बाबु पेमा नुर्बु शेर्पाले रोहबरमा बसी सहिछाप गरेको देखिन्छ। साथै अन्य प्रतिवादीहरू मिङ्तेम्बा शेर्पा र ओङ ग्यालेचेन शेर्पासमेतका नाउँमा रहेको चल अचल सम्पत्ति रोक्का राख्दा पनि यी निवेदक आङ्तेम्बा शेर्पाका बाबु पेमा नुर्वु शेर्पा रोहबरमा रही सहिछाप गरेको देखिन्छ। यस आधारमा पनि आफ्नो छोरा आङ्तेम्बा शेर्पालाई संखुवासभा जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दा लागेको भन्ने कुरामा यी निवेदक आङ्तेम्बा

शेर्पाका बाबु पनि जानकार नै थिए भन्ने नै देखिने।

स.फौ.नं २१ को जबरजस्ती करणी मुद्दाका जाहेरवाला र प्रतिवादीहरू एकै गाउँ ठाउँका देखिन्छन् । पीडित जाहेरवाला रूकमायाँ राईले लेखाएको जाहेरी दरखास्तमा पनि यी प्रतिवादी आङ्तेम्बा शेर्पालाई जबरजस्ती करणी कार्यमा संलग्न रहेको भनी लेखाइदिएको पाइन्छ । त्यसैगरी उक्त जबरजस्ती करणी मुद्दाका एक प्रतिवादी र सो घटनाको समयमा सँगै साथमा रहेका ठागें माहिला भन्ने ठिन्डुक शेर्पाले सुरू अदालतको बयानमा निवेदक आङ्तेम्बा शेर्पालाई जबरजस्ती करणी कार्यमा संलग्न रहेको भनी पोल गरेको देखिन्छ। यस आधारमा पनि आङ्तेम्बा शेर्पा नाउँको व्यक्ति कुनै काल्पनिक व्यक्ति रहेछ भन्न मिल्ने पनि नदेखिने।

जबरजस्ती करणीको घटना वारदात हुँदाको समयमा उपस्थित भनिएका र सो मुद्दामा कसुरदार ठहर भएको व्यक्ति आङ्तेम्बा शेर्पा आफू होइन अर्थात् आफू सो घटनाको प्रतिवादी आङ्तेम्बा शेर्पा होइन भनी दाबी लिए पनि सो गाउँमा निजबाहेक अरू पनि आङ्तेम्बा शेर्पा भन्ने नाउँका व्यक्ति छन् भनी लेखाउन सकेको पाइँदैन । यस आधारमा पनि संखुवासभा जिल्ला अदालतबाट मिति २०६१।१२।१० मा भएको स.फौ.नं.२१ को जबरजस्ती करणी मुद्दाका प्रतिवादी आङ्तेम्बा शेर्पा र मिति २०७५।३।२६ मा पक्राउ परेका यी रिट निवेदक आङ्तेम्बा शेर्पा एकै व्यक्ति भएकाले सो फैसलाले लागेको कैद वर्ष ५ (पाँच) को बेरूजु असुलको क्रममा मिति २०७५।३।२६ मा केन्द्रीय अनुसन्धान ब्युरो (पिलर-५) ले यी रिट निवेदक आङ्तेम्बा शेर्पालाई पक्राउ गरी सोही मितिको काठमाडौं जिल्ला अदालतको कैदी पुर्जीमार्फत कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा थुनामा पठाइएको कार्य कानूनसङ्गतको नै देखिँदा सो कार्यलाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित आधार कारणसमेतबाट निवेदकलाई गैरकानूनी रूपमा पक्राउ गरिएको भन्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख २९ गते रोज १ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-RC-००७६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जसकुमार राई*

प्रतिवादी जसकुमार राईले मौकामा र अदालतमा बयान गर्दासमेत मृतक जंगबहादुर राईलाई लाठीले प्रहार गरी मारेको भनी स्वीकार गरेको देखिन्छ। निज प्रतिवादी जसकुमार राईले वारदातमा प्रयोग गरी जीतबहादुर राईको घरमा लुकाई राखेको ठाउँबाट रगत लागेको एउटा मात्र लाठी बरामद भएको देखिएबाट निज प्रतिवादीले आफूले मात्र लाठीले हानेको भनी गरेको बयान बेहोरा समर्थित भएको पाइन्छ । यी प्रतिवादीले आरोपित कसुरमा साबित भई गरेको बयान, अन्य प्रतिवादीहरूले सो साबिती बयानसँग मेल खाने गरी गरेको बयान, मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको कागज, बरामदित लाठीमा लागेको रगत र मृतकको नमुनाको लागि पठाइएको रगतको स्रोत एउटै रहेको भन्ने Central police science laboratory महाराजगञ्ज, काठमाडौंको परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागजातहरूबाट यी प्रतिवादीले प्रहार गरेको लाठीको कारणबाट मृतक जंगबहादुर राईको मृत्यु भएकोमा विवाद नदेखिने।

अतः उल्लिखित विवेचित आधार कारणबाट

प्रतिवादी जसकुमार राईको कर्तव्यबाट मृतक जंगबहादुर राईको मृत्यु भएको कुरा पुष्टि भएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा ऐ.१३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू खोटाङ जिल्ला अदालतको मिति २०५९।९।११को फैसलालाई साधकको रोहमा सदर गरेको पुनरावेदन अदालत बिराटनगर, अस्थाई इजलास ओखलढुंगाबाट मिति २०७५।१।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रस्तुत मुद्दामा प्रतिवादी जसकुमार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई साधकको रोहबाट सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागू भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन, प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्दछ भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने उल्लेख गरेको र उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी जसकुमार राईलाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैदको सजाय मात्र हुने र निज प्रतिवादीको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल माघ २५ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७५-RC-००८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. आशुराम चौधरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-RC-००८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यामबहादुर विश्वकर्मा*

प्रतिवादी यामबहादुर विश्वकर्माले आफ्नी आमा र श्रीमतीलाई कुटपिट गरी घरबाट निस्की दुर्गा भुजेलकोमा गई रक्सी खाइरहेको अवस्था छ। सोही बखत खिलराज के.सी. त्यो स्थानमा पुगी निज प्रतिवादीलाई तेरी आमा र श्रीमतीलाई किन कुटपिट गरिस् तेरो आमा मेरो घरमा आएर सुतिरहेकी छिन् घर हिँड् भनी बाँसको सिर्कनाले कुट्दै घिसार्दै लगेको कारणबाट प्रतिवादीलाई रिस उठेको अवस्था देखिन्छ। निजहरूबिच सोही कारणले एकआपसमा वादविवाद भई लछारपछार हुँदा प्रतिवादीले मृतकको चल्नीमा दुई घुस्सा हानी लडाई एउटा खुट्टाले छातीमा टेकी हातले घाँटी थिचेको र चल्न चटपटाउन छाडेपछि त्यहाँबाट हिँडेको भन्ने निज प्रतिवादीको भनाइबाट देखिएको छ। उक्त अवस्थाको परिकल्पना गर्दा मृतकले यी प्रतिवादीलाई कुटपिट गरेको कारणबाट सो रिस सहन नसकी मृतकमाथि जाइलागेको भन्ने

कुरामा विवाद देखिँदैन । मृतकलाई भुइँमा लडाई एउटा खुट्टाले छातीमा टेकी हातले घाँटीमा थिची चटपटाउन छोडेपछि मात्र प्रतिवादीले मृतकलाई छोडेर हिँडेको अवस्था देखिन्छ । मृतक बोल्न कराउन एवम् चटपटाउन छाडेपछि मात्र निजले घाँटी थिच्न छोड्नुको मतलब निजलाई मरेपछि मात्र छाड्ने भन्ने प्रतिवादीको नियत देखिन्छ । निज प्रतिवादीले मृतकलाई भुइँमा लडाएपछि वा केही समय घाँटी थिचेपछि त्यहाँबाट भाग्न सक्ने परिस्थितिको विद्यमानता देखिइरहेकोमा निजले सोतर्फ ध्यानदृष्टि पुऱ्याएको देखिँदैन । यसबाट मृतकलाई मार्नेसम्मको आपराधिक कार्य गर्ने मनसाय यी प्रतिवादीमा रहेको देखिन्छ । यी प्रतिवादीलाई रिस उठ्यो भन्दैमा आफू भाग्न सक्ने अवस्था हुँदाहुँदै अर्काको ज्यान लिने जस्तो गम्भीर अपराध गर्नुलाई आवेशप्रेरित हत्या भनी भवितव्यको रूपमा स्वीकार गर्न नमिल्ने ।

अतः उल्लिखित विवेचित आधार कारणबाट प्रतिवादी माइला कामी भन्ने यामकुमार विश्वकर्माको कर्तव्यबाट मृतक खिलराज के.सी.को मृत्यु भएको कुरा पुष्टि भएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुरमा ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू खोटाङ जिल्ला अदालतको मिति २०७४।६।३० को फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७५।२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

अब निज प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम १५ वर्षको सजाय गर्ने गरी सुरु जिल्ला अदालतबाट व्यक्त भएको रायलाई समेत सदर गर्ने गरी गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको राय मिलेको छ, छैन भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी र मृतकबिच मार्नु पर्नेसम्मको पूर्वरिसइवी रहेको नदेखिएको, प्रतिवादीलाई तत्काल उठेको रिसका कारण मृतकलाई मारेको प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत कसुर स्वीकार गरी न्याय सम्पादन प्रक्रियामा सहयोग पुऱ्याएकोसमेतका आधार कारणबाट निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय गर्ने भनी सुरू अदालतले व्यक्त गरेको रायलाई सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको राय चर्को पर्ने देखिँदा निज प्रतिवादीलाई १२(बाह्र) वर्ष कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने अवस्था देखिँदा निज प्रतिवादीलाई कैद वर्ष १२(बाह्र) हुने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल माघ २५ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-RC-००९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टेकबहादुर दर्जी परियार*

प्रतिवादी टेकबहादुर दर्जी परियारले अनुसन्धानको क्रममा र सुरू अदालतमा बयान गर्दासमेत मृतक आफ्नी श्रीमतीलाई चिर्पट दाउरासमेतले कुटपिट गरी कर्तव्य गरी मारेको भनी आरोपित कसुर गरेकोमा साबित हुँदै बयान गरेको देखिएको छ । निज प्रतिवादीको अनुसन्धानको र सुरू अदालतसमक्षको साबिती बयानलाई मिसिल संलग्न रहेका घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका स्वतन्त्र प्रमाणबाट पुष्टि भइरहेको पाइने ।

प्रतिवादीहरू सन्तविर तामाङ, गोविन्द घिमिरे र टेकबहादुर दर्जी परियारले गोविन्द घिमिरेको घरबाट लिएर गएको सुँगुरको पाठो टेकबहादुरको

श्रीमतीले निजको घरमा काटेर खान नदिएको रिसको कारणबाट प्रस्तुत वारदातको सुरूवात भएको देखिन्छ। प्रतिवादीले मृतकलाई आँखामा मुक्का प्रहार गरेको र घाइते भइसकेपछि पनि चिर्पट दाउरासमेतले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरेको भन्ने प्रतिवादीले नै स्वीकार गरेको र टाउकोसमेतमा भएको चोट (Head injury) को कारणबाट मृतकको मृत्यु भएको भन्ने प्राथमिक स्वास्थ्य केन्द्र मंगलबारे मोरङको शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । घाइते अवस्थामा रहेकी मृतकलाई निज प्रतिवादीले दाउराको चिर्पटले ताकीताकी टाउकोमा प्रहार गर्नु र घरका मानिसहरूलाई केही खबर नगरी मरणासन्न अवस्थामा पुगेकी श्रीमतीलाई छाडेर राति नै फरार हुनु जस्ता कार्यबाट मार्ने नियतले कुटपिट गरेको होइन भन्न मिल्ने देखिँदैन । निज प्रतिवादीले मृतकलाई मार्नेसम्मको आपराधिक कार्य गरेको र निजमा मार्ने मनसायसमेत भएको देखिन्छ। तसर्थ मृतक श्रीमतीलाई पहिलेको रिसइवीबाट मार्ने नियतले कुटपिट गरेको होइन, नसाको सुरमा के के भयो मलाई थाहा भएन भन्ने निज प्रतिवादीको उक्त बयान बेहोरासँग सहमत हुन सक्ने अवस्था नदेखिने।

तसर्थ प्रतिवादी टेकबहादुर दर्जी परियारलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्नेमा सो नगरेको हदसम्म सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७२।१२।२४ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई निज प्रतिवादीलाई ऐ. १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गरेको उच्च अदालत विराटनगरको मिति २०७५।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी टेकबहादुर दर्जी परियारले आफ्नै श्रीमतीलाई कर्तव्य गरी मार्नुपर्नेसम्मको पूर्वरिसइवी नरहेको, निज प्रतिवादीले कुनै पूर्वयोजनाका साथ निजलाई कर्तव्य गरी मारेको नदेखिएको, घटना घटेकै दिन राति पनि मृतक र प्रतिवादी एकै ओछ्यानमा सुतेको, सुतेकै अवस्थामा मृतक र प्रतिवादीबिच सुँगुरको पाठोको कुरालाई लिएर वादविवाद भएको र त्यसैको परिणामस्वरूप श्रीमतीको मृत्यु भएको, निज प्रतिवादीले सत्य तथ्य बयान गरी अनुसन्धान प्रक्रियामा सहयोग पुऱ्याएकोसमेतका अवस्थाको विद्यमानता देखिएकोले सुरू अदालतले निज प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय तोकिन व्यक्त गरेको रायलाई सदर गर्ने गरेको उच्च अदालत विराटनगरको रायलाई अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

कारागार कार्यालय मोरङ, विराटनगरको च.नं.३९०० मिति २०७४।१२।२ को पत्रानुसार निज प्रतिवादीको कोशी अञ्चल अस्पताल विराटनगरमा उपचारको क्रममा मिति २०७४।७।१० मा मृत्यु भएको भन्ने देखिन्छ । अब निजलाई भएको उक्त सजाय के हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा, अपराधीसँगै अपराध मर्छ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको छ । यस सिद्धान्तअनुसार जसले अपराध गरेको छ सो व्यक्तिको मृत्यु भइसकेपछि उसलाई भएको सजाय माफ हुने देखिन्छ। मुलुकी ऐन, दण्ड सजायको ३ नं. मा जरिवाना, कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ, उसको अपुताली खाने वा जमानी हुनेलाई पक्राउ गर्न हुँदैन, बिगो भराउने वा लिनु पर्ने कुरा रहेछ भने अपुताली खानेले तिर्नुपर्छ, जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन भनी उल्लेख गरेको देखिन्छ । उल्लिखित सिद्धान्त र कानूनी व्यवस्थाअनुसार निज प्रतिवादी टेकबहादुर दर्जी परियारलाई भएको उक्त सजाय माफ हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

इति संवत् २०७५ साल माघ २५ गते रोज ६ शुभम्।

**इजलास नं. १३**

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०८६७, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. रामशरण घले*

प्रतिवादीहरू रामशरण घले र काजीमान तामाङले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा इन्कार भई बयान गरेको देखिन्छ । प्रतिवादी हर्कबहादुर तामाङ र लोकबहादुर घलेले मौकामा साबित भई निज प्रतिवादीहरू ईश्वर घले र रामशरण घलेले जाहेरवालीलाई दावा तामाङ र काजीमान तामाङको जिम्मामा छाडेको भनी बयानसम्म गरेको देखिएबाट प्रतिवादीहरू ईश्वर घले र रामशरण घले जाहेरवालीलाई बिक्री गर्ने कार्यमा संलग्नता रहेको देखिन आउँदैन । जाहेरवालीको थप बयान प्रमाणित कागजमा पनि निजहरूको नाम उल्लेख भएको देखिँदैन । अर्का प्रतिवादी काजीमान तामाङका हकमा जाहेरवालाले यो यस्तो कामै गरेको भनी भन्न सकेको देखिँदैन । यसका साथै पीडित जाहेरवालीले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूलाई बेचबिखनमा संलग्न रहेको भन्न सकेको देखिँदैन । आफ्ना बुबा लोकबहादुर घले र हर्कबहादुर तामाङले आफूलाई गाउँबाट ल्याई काजीमान र दावाले सञ्चालन गरेको होटलमा छाडेको भन्ने सम्म उल्लेख गरेको देखिन्छ । तर पछि कोठीवाला आई कुराकानी गर्दा दावासँग मात्र कुरा भएको भन्ने उल्लेख भएबाट पीडित जाहेरवालीलाई बिक्री गर्ने कार्यमा प्रतिवादी काजीमान तामाङको संलग्नतासमेत पुष्टि हुन सकेको पाइँदैन । अतः पुनरावेदन अदालत पाटनले प्रतिवादी रामशरण घले, ईश्वर घले र काजीमान तामाङलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला मनासिब नै देखियो । तसर्थ प्रतिवादी रामशरण घले, ईश्वर घले र काजीमान तामाङलाई समेत अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

अब प्रतिवादीमध्येका लोकबहादुर घलेलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(६) बमोजिम अधिकतम १० वर्ष कैद र ऐं. को दफा १५ (४) बमोजिम थप १ वर्षसमेत गरी ११ वर्ष कैद हुने ठहऱ्याएको र अर्का प्रतिवादी हर्कबहादुर तामाङलाई उक्त ऐनको दफा १५(१)(६) बमोजिम १० वर्ष कैद हुने ठहर गरी यी दुवै प्रतिवादीलाई पुनरावेदन अदालत पाटनले कसुरदार ठहऱ्याएको नै देखिन्छ । यी प्रतिवादीहरूको उल्लिखित कार्यलाई कसुर कायम गरी कैदको सजाय ठहर गर्दा नैतिक पतन देखिने फौजदारी कसुरतर्फ नबोलेको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरूलाई कसुरदार कायम गरी उल्लिखित कार्यलाई घृणित कार्य भनी पुनरावेदन अदालत पाटनको फैसलामा स्पष्टसँग बोलिएको पाइन्छ । घृणित कार्य भनेकै निन्दनीय र लान्छनापूर्ण कार्यको पराकाष्ठा हो । मानव जीवनमा घृणित कार्य गरेको भनी लान्छनाको दोष लाग्नु आफैँमा सामान्य कुरा सम्झन मिल्दैन । पुनरावेदकको तर्फबाट पुनरावेदन जिकिर र बहसमा समेत के कस्तो अवस्थामा र कस्तो प्रतिवादीहरूको हकमा थप नैतिक पतनको सजाय कायम गर्ने सम्बन्धमा सोको मापदण्ड, आधारसमेत पेस भएको देखिँदैन । यस्तो अवस्थामा प्रतिवादीहरूलाई ऐनबमोजिमको कसुरदार ठहऱ्याई सजायसमेत निर्धारण गरी प्रतिवादीहरूले अमानवीय र घृणित कार्य गरेको भनी पुनरावेदन अदालतबाट गरेको फैसलालाई अन्यथा भन्न मिलेन । यी प्रतिवादीहरूका हकमा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

तसर्थ, उपर्युक्त तथ्य र विवेचित आधार प्रमाणबाट प्रतिवादीमध्येका काजीमान तामाङ रामशरण घले र ईश्वर घलेलाई आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादीमध्येका लोकबहादुर घलेलाई मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा १५(१)(छ) अनुसार १०(दश) वर्ष कैद र सोही ऐनको दफा १५(४) बमोजिम सो सजायको १० प्रतिशत थप १(एक) वर्षसहित जम्मा ११(एघार) वर्ष कैदको सजाय हुने र अर्का प्रतिवादी हर्कबहादुर तामाङलाई सोही ऐनको दफा १५(१) (छ) बमोजिम १० (दश) वर्ष कैदको सजाय हुने ठहर गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।३।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०५९८, कर्तव्य ज्यान, *तुलसीदेवी सुनारसमेत वि. नेपाल सरकार*

प्रतिवादी अंगुरी भन्ने तुल्सीदेवी सुनारले अदालतमा बयान गर्दा, घरमा मैले र कुसुमले सल्लाह गरी भाइ लक्ष्मणलाई समेत मनायौँ। मैले छोरी गुफामा गई भने जिउँदो फर्की आउँदिन भन्ने सोची बरू आफैँले मार्नु वेश सम्झेर हामी तिनैजना तलामा गयौँ। किरण कुर्सीमा बसेकी थिइन्। सोही बेला मैले गला समातेँ। कुसुमले मुखमा रूमाल हाली दिइन्। भाइ लक्ष्मणले खुट्टा समाते, पछि लक्ष्मण हेर्न नसकी घरमा गए। हामीहरूले पहिलेदेखि झुण्ड्याई राखेको साडीमा लगी घाँटी पासोमा लगाई झुण्ड्याई मृत्यु भएको हो। मृत्युपछि लासलाई खाटमा रहेको बिस्तरामा सुताई लुगा ओढाई दिई भोलिपल्ट भारत भोपाल गएका हौं। २०७० साल जेष्ठ महिनामा घरमा आई लास रहेको कोठा खोली हेर्दा सबै शरीर सडिसकेको हुँदा हड्डी र बिस्तराहरू खन्यानमा लगी सल्लाको पात र मट्टितेल हाली जलाएका हौं। बिस्तरा खन्यानमा फालिदिएका हौं भनी प्रतिवादीहरूले मृतक किरण सुनारको नियोजित रूपमा हत्या गरेको तथ्यमा साबिती रही भारतमा गई बसी उक्त अपराध लुकाउन एक वर्षपछाडि नेपाल (घर) मा आई छोरीको अस्थिपञ्जरहरू जलाई प्रमाणहरू नष्ट गरेकोमा साबिती रहेको देखियो।

त्यसैगरी मृतक किरण सुनारका मामा प्रतिवादीहरूमध्येका लक्ष्मण सुनारले आरोपित कसुरमा साबिती रही अदालतमा बयान गर्दा “मलाई दिदीले किरणलाई मार्न साथ देउ, अरू कुरा पछि भनौँला भन्नुभयो । हामी तिनैजना तलामा गयौं । कुसुमले किरणको मुखमा रूमालले बाँधी दिई र अर्को कोठामा लगी पहिले नै बाँधेको साडीको पासोमा झुण्डायौँ। भान्जी किरण छटपटाइरहेको देखी मलाई अप्ठारो महसुस भई म घरतिर गएँ। दिदी र भान्जी कुसुमले के गरे मलाई भनेनन्। भान्जीलाई दिदी अंगुरी र भान्जी कुसुम मिली मारेका हुन्। मैले सहयोगसम्म गरेको हुँ” भनी कसुरमा साबिती रही गरेको बयानबाट निजको उक्त वारदातमा संलग्नाता रहेको नै देखियो। अर्का प्रतिवादी मृतककी दिदी कुसुम सुनारले “मामा र मम्मीको के कुरा भयो मलाई थाहा भएन । म, मामा लक्ष्मण र मम्मी तुल्सीदेवी भई बहिनीलाई मैले रूमालले मुख छोपी दिएँ, आमाले घाँटी थिची दिनुभयो, मामा लक्ष्मणले खुट्टा छोप्नु भयो, पहिलेदेखि झुण्ड्याई राखेको साडीले घाँटीमा बेरेका हौं । झुण्ड्याउन नमिलेपछि घाँटी थिची मारेका हौं। मामा लक्ष्मण एकछिन खुट्टा समाई बहिनीको आधा प्राण गएपछि केही नभनी रूँदैरूँदै जानु भएको हो। मम्मी पनि बहिनीको प्राण गइसकेपछि मलाई आज किन यस्तो गर्नु पर्‍यो भनी कोठामा जानु भयो। म पनि रूँदैरूँदै त्यहीँ बहिनीसँग राति ११.०० बजेसम्म बसी भुइँको कोठामा गई मम्मीसँग सुतेकी हुँ। अर्को दिन बाहिरको कोठामा

२ वटा ताल्चा लगाई म, मम्मी, भाइ कुवेर, मामाहरू लक्ष्मण र कमल भई भारतको भोपाल गएका हौं" भनी प्रतिवादी आमा तुल्सीदेवी सुनार र मामा लक्ष्मण सुनारको बयानलाई समर्थन हुने गरी मृतककी दिदी कुसुम सुनारसमेतले एकै मिलानको बयानसमेतबाट यी तीनैजना प्रतिवादीहरूको मिलेमतोमा पूर्वतयारी र योजनाका साथ निजहरूको कर्तव्यबाट मृतक किरण सुनारको मृत्यु भएको पुष्टि हुन आयो।

यसरी यी प्रतिवादीहरूउपर परेको किटानी जाहेरीलाई समर्थन गर्दै जाहेरवाली फुर्सी सुनारले अदालतमा आई गरेको बकपत्र, यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको साबिती बयानलाई पुष्टि गर्दै अदालतमा एक अर्काको बयानलाई समर्थित हुने गरी प्रतिवादी लक्ष्मण सुनारले मृतक किरण सुनारको खुट्टा समाती मार्नलाई सहयोग पुऱ्याएको हो भनी गरेको बयानसमेतबाट यी प्रतिवादीहरूको एकआपसको मत सल्लाहबाट उक्त कसुर गरेकोमा मुख मिल्न आउनुका साथै मिसिल संलग्न अन्य प्रमाणहरूबाट समेत निजहरूकै कर्तव्यबाट मृतक किरण सुनारको मृत्यु भएको पुष्टि भइरहेको अवस्थामा अनुसन्धान अधिकृतले भ्रममा पारी आरोपित कसुरमा प्रहरी र अदालतमा साबित हुन लगाएको र आफूहरू निर्दोष रहेको भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

अत: उल्लिखित आधार र कारणहरूसमेतबाट मिसिल संलग्न किटानी जाहेरी, प्रतिवादीहरूले कसुरमा साबित रही गरेका मौका तथा अदालतमा गरेको बयान, घटनास्थल मुचुल्का, हड्डी, लुगा, रौंसमेत बरामद भएको बरामदी मुचुल्का, हड्डी परीक्षण प्रतिवेदन, कमलसमेतको घटना विवरण कागज र जाहेरवालासमेतका बकपत्रजस्ता आधार प्रमाणबाट प्रतिवादी तुल्सीदेवी, कुसुम र लक्ष्मण सुनारले किरण सुनारलाई कर्तव्य गरी मारेको पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरू अंगुरी भन्ने तुलसीदेवी सुनार र कुसुम सुनारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ. को ४ नं. बमोजिम थप ६ महिना कैद तथा प्रतिवादी लक्ष्मण सुनारलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू प्युठान जिल्ला अदालतको फैसला सदर गरेको मिति २०७२।३।७ को पुनरावेदन अदालत तुलसीपुर दाङको फैसलालाई अन्यथा भन्न मिलेन।

प्रस्तुत वारदातको जरिया मृतक छोरी किरण सुनार पढाई छोडी देवी बन्छु, गुफामा जान्छु भनी वादविवाद भई सम्झाई बुझाई गर्दासमेत नमान्दा (अर्को छोरी) प्रतिवादी कुसुम सुनार र (भाइ) प्रतिवादी लक्ष्मण सुनारको साथ सहयोगमा मृतक किरण सुनारको कर्तव्य गरी मारेको देखिएको, निज मृतक किरण सुनारलाई मार्नुपर्नेसम्मको आपराधिक कारण नभएको र भारतबाट नेपालमा आई अनुसन्धान तथा न्यायिक प्रक्रियालाई सहज बनाइदिएको, मारेपछिको आमाको छोरीप्रतिको मायाको संवेदनासमेत बयानमा व्यक्त भएको, अभियुक्तहरू आफ्नै मामा, दिदी र आमा रहेको, प्रतिवादी मामा लक्ष्मण सुनार अपाङ्ग रहेको, दिदीको उमेर र भविष्यसमेतलाई विचार गर्दा प्रतिवादी आमा अंगुरी भन्ने तुलसीदेवी सुनार र दिदी कुसुम सुनारलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ. को ४ नं. बमोजिम थप ६ महिना कैद तथा प्रतिवादी मामा लक्ष्मण सुनारलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं.१८८ नं. बमोजिम निज प्रतिवादीहरूलाई कम सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने नै देखिँदा निज प्रतिवादीहरू अंगुरी भन्ने तुलसीदेवी सुनार, कुसुम सुनार र लक्ष्मण सुनारलाई १०(दश) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ ११ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७५-WH-०२००, बन्दीप्रत्यक्षीकरण, *छविलाल श्रेष्ठ वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

सीता लामासमेतका पीडितहरूले अप्सरा श्रेष्ठ कार्कीसँग घरायसी कामका लागि रकम सापटी लिएको र सो सापटी लिएको रकम तिरिसकेको अवस्थामा आफूहरूसँग सही गराई लिएको खाली चेकमा ठूलो मात्रामा रकम लेखी पुनः रकम दिनका लागि डर, धाक तथा धम्की देखाई ठगीसम्बन्धी कसुर गरेकाले निजलाई पक्राउ गरी आवश्यक कारबाही गरिपाउँ भनी यी निवेदकउपर ठगी कसुरमा किटानी जाहेरी दिएको, निजले सञ्चालन गरेको फेन्सी पसलबाट रजिस्ट्रर, नोटबुक, हिसाब किताब भएको कापी, विभिन्न बैंकहरूको खाली चेक, विभिन्न व्यक्तिको नाममा काटिएको चेकहरूसमेत बरामद भएको भन्ने खानतलासी एवम् बरामदी मुचुल्का रहेको र निवेदक अप्सरा श्रेष्ठ कार्कीले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा सीता लामासमेतका जाहेरवालाहरूसँग रकम लिनुदिनु गरी आर्थिक कारोबार भएको तथ्यलाई स्वीकारै गरेको पाइयो । मौकाको सो बयानमा बरामदी मुचुल्कामा उल्लिखित रजिस्ट्रर, नोटबुक, विभिन्न बैंकका चेकहरूलगायतका सामानहरू आफ्नो फेन्सी पसलबाट बरामद भएको कुरालाई समेत निजले अन्यथा भन्न सकेको देखिन नआउने।

ठगीसम्बन्धी कसुर अदालतको साधारण अधिकार क्षेत्रभित्र पर्ने विषय भएकाले प्रचलित कानूनबमोजिम नियमित अदालतको नियमित कार्यक्षेत्रभित्र परेको मुद्दाको औचित्य नै समाप्त हुने गरी अनुसन्धानका लागि न्यायिक हिरासतमा राखिएको व्यक्तिलाई निवेदन मागअनुसार हुने गरी थुनाबाट मुक्त गरिदिनु भनी यस अदालतको असाधारण अधिकार प्रयोग गर्नु सिद्धान्ततः मिल्ने देखिन नआउने।

कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने संविधानले प्रत्याभूत गरेको व्यक्तिको मौलिक हक निरपेक्ष होइन भन्ने नेपालको संविधानको धारा १७ (१) मा भएको कानूनबमोजिम बाहेक भन्ने शब्दावलीले स्पष्ट गर्दछ । प्रचलित कानूनको कानूनसम्मत कार्यान्वयन संविधानको उक्त व्यवस्थाबाट विचलित नगरिनु सर्वमान्य कानूनी सिद्धान्त हो । अर्थात् रिट क्षेत्राधिकारको प्रयोगले निवेदक पक्ष कानूनतः बेदाग भएको अपेक्षा गर्छ। यो समन्यायको उपचार हो। तर माथि उल्लेख भएअनुसार त्यस्तो नभई रिट निवेदककी पत्नी बन्दी अप्सरा श्रेष्ठ कार्की प्रचलित कानूनबमोजिम ठगीको उजुरीअन्तर्गत अदालतबाट म्याद थप भई अनुसन्धानको क्रममा रहेको व्यक्ति देखिन आएकी छन्। निवेदकले विपक्षीहरूबाट निवेदकउपर भए गरेका कारबाही यो यस कारण गैरकानूनी वा बदनियतपूर्ण वा पूर्वाग्रही छ भनी यकिनसाथ सप्रमाण भन्न सकेको पाइएन । यसबाट विपक्षीहरूबाट भए गरिएका काम कारबाही कानूनसम्मत रहेको मान्नुपर्ने हुन आयो । यसरी प्रचलित कानूनबमोजिम अदालतबाट म्याद थप भई अनुसन्धानको सन्दर्भमा हिरासतमा रहेको अवस्थामा हस्तक्षेप हुने गरी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने नदेखिने।

अतः माथि उल्लिखित आधार, कारण र प्रमाणसमेतबाट निवेदककी पत्नी बन्दी अप्सरा श्रेष्ठ कार्कीलाई गैरकानूनीरूपमा थुनामा राखिएको अवस्था नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

इति संवत् २०७६ साल जेठ २७ गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-११४५, साधारण चोरी, *रामबहादुर कार्की वि. नेपाल सरकार*

सुरक्षाकर्मीको कर्तव्य भनेको बैंक र ग्राहक दुवैको सुरक्षा गर्ने हो । निजले सफा हातले बेबारिसे रकम संरक्षण गर्ने हेतुले राखेको भए बैंक प्रबन्धक वा आफ्नो तत्कालीन हाकिमलाई जानकारी गराउनु पर्नेमा सो गराएको देखिँदैन । त्यसो नगरे पनि जाहेरवालाले रकम हराएको भनी कुरा चलाउँदा आफूले राखी दिएको छु भनी सम्बन्धित व्यक्तिको पहिचान गरी रकम दिनु पर्ने हो । त्यसका अलावा प्रहरीसमेत आई सोधपुछ गर्दासमेत उक्त हराएको रकम आफूले राखेको भनी तत्काल भनेकोसमेत नपाइने ।

पुनरावेदक प्रतिवादीले आफ्नो पदीय जिम्मेवारीसमेत पूरा गरेको नदेखिँदा निजले सफा मनले रकम राखेको नभई बेइमानीको नियतले बैंक रहेको घरको छतमा फोहोरले समेत छोपी लुकाएको देखिँदा प्रस्तुत वारदातलाई चोरी नै मान्नु पर्ने देखिने ।

पुनरावेदक प्रतिवादी रामबहादुर कार्कीले चोरीको रकम बिगो दाखिल गरेको नभई निजलाई अनुसन्धान अधिकृतले गिरफ्तार गरी सोधपुछ गरेपश्चात् अनुसन्धान तहकिकातको क्रममा प्रतिवादीको रोहबरमा रकम बरामद गरेको देखिन्छ । सो सम्बन्धमा यी पुनरावेदक प्रतिवादी साबिती नै रहेको देखिन्छ । यस अवस्थामा यी पुनरावेदक प्रतिवादीले सुरक्षाको लागि रकम राखेको भनी अदालतमा बयान गरेको कुरालाई आधार लिई प्रतिवादीले चोरीको बिगो दाखिल गरिसकेको भन्ने अर्थ गरी चोरीको १५ नं. बमोजिम बिगोको दशौंद बराबर रू.२०,०००।- जरिवाना हुने ठहऱ्याएको सुरू अदालतबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई चोरीको महलको १२ नं. बमोजिम निज प्रतिवादी रामबहादुर कार्कीलाई बिगोबमोजिम रू.२,००,०००।- जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट भएको फैसला मनासिब रहेको देखिन आउने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादी रामबहादुर कार्कीलाई चोरीको महलको १२ नं. बमोजिम बिगोबमोजिम रू.२,००,०००।- जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट मिति २०७२।४।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१७०४, हातहतियार खरखजाना, *दिपक ठाकुर वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी दिपक ठाकुरले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीमा बयान गर्दा आफूबाट कट्टुवा पेस्तोल १ र गोली २ राउण्ड बरामद भएको छैन भनी आफ्नो बेहोरा लेखाएको भए तापनि उक्त बरामदी मुचुल्कामा भएको सहिछाप मेरै हो भनी स्वीकार गरी सहिछापलाई मान्यता दिएको देखिन्छ । निज प्रतिवादीले बरामदी भएको हातहतियार खरखजाना आफूबाट बरामद भएको होइन भनी बयानमा जिकिर लिएको भए तापनि सो कुराको तथ्यगत आधार प्रमाण प्रस्तुत गर्न सकेको नदेखिने ।

सबुद प्रमाण बिनाको इन्कारीलाई सफाइको आधार मान्न मिल्दैन । बरामदी मुचुल्कामा भएको सहिछापलाई स्वीकार गरी मान्यता दिइसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादीबाट उल्लिखित

कट्टुवा पेस्तोल १ र गोली राउन्ड २ बरामद भएको होइन भनी अनुमान गर्न मिल्दैन । निज पुनरावेदक प्रतिवादीउपर विना कारण हातहतियार खरखजाना मुद्दा चलाउनु पर्ने अन्य कुनै कारण रहेको सम्बन्धमा निज प्रतिवादीले उल्लेख गर्नसमेत सकेको अवस्था छैन । यी पुनरावेदक प्रतिवादी कसुरमा इन्कार रहे तापनि मिसिल संलग्न रहेका कागज प्रमाणहरूबाट निज प्रतिवादीबाट उक्त हातहतियार खरखजाना बरामद भएको तथ्य पुष्टि हुन आउने ।

सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरीले प्रतिवादीलाई कसुरदार ठहर गरी फैसला गर्दा अभियोग मागदाबीबमोजिम कुन कसुरमा कुन कानूनअन्तर्गत कति सजाय हुने हो भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेमा सो नगरी एकमुष्ट कसुर सजाय उल्लेख गरेको देखिएको अवस्थामा सुरू फैसला केही उल्टी भई यी पुनरावेदक प्रतिवादी दीपक ठाकुरलाई हातहतियार खरखजाना ऐन, २०१९ (संशोधनसहित) को दफा २०(२) बमोजिम ३ वर्ष कैद सजाय र दफा २०(३) बमोजिम पचास हजार रूपैयाँ जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मनासिब रहेको देखिँदा अन्यथा मान्न मिल्ने नदेखिने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल मङ्सिर ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-१०१९, लागु औषध (ब्राउन सुगर), *सिजाली मगर वि. नेपाल सरकार*

प्रतिवादीहरूबाट लागु औषध ब्राउनसुगर बरामद हुनु, आफूहरूले सेवन तथा बिक्री गर्ने उद्देश्यले खरिद गरेको भनी मौकामा अनुसन्धानको क्रममा भएको बयान भनाइलाई अन्य स्वतन्त्र प्रमाणहरूले खण्डन गर्न नसक्नु, प्रतिवादीहरूले नेपालको सुर्खेतबाट नेपालगन्ज हुँदै भारतको रूपैडिया गई लागु औषध खरिद गर्नु, लागु औषध खरिद गरी लिएर आइरहेको अर्थात् ओसारपसार गरेको अवस्थामा पक्राउ परेको अवस्था देखिने ।

बरामद भएको लागु औषधको मात्रा ४ ग्राम रहेकोसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी युवराज सिजाली मगरसमेतले बरामद लागु औषध सेवनका लागि मात्र ल्याएको मान्न मिल्ने नदेखिने । पुनरावेदक प्रतिवादी युवराज सिजाली मगरसमेतले आरोपित कसुर गरेको ठहऱ्याई निज प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम जनही ५(पाँच) वर्ष कैद र पाँच हजार रूपैयाँसमेत जरिवाना हुने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट उच्च अदालत, तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।३।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ मङ्सिर १० गते रोज २ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०१८९ र ०७२-CR-

१२४९, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. नागेश्वर मण्डल र नागेश्वर मण्डल वि. नेपाल सरकार*

निकासा भएबमोजिमको रकम शौचालय निर्माणको काममा खर्च नभएको भनी जिल्ला शिक्षा कार्यालय, सप्तरीका विद्यालय निरीक्षक खगेन्द्र श्रेष्ठ र इन्जिनियर किसुनदेव साहले छुट्टाछुट्टै दिएको स्थलगत निरीक्षण प्रतिवेदनबाट खुल्न आएको छ । उल्लिखित प्रतिवेदनको बेहोरामा सहमति नदेखाए तापनि निकासाबमोजिम खर्च नभएको अवस्था रहेको भए आर्थिक कार्यविधि ऐन, २०५५ तथा सोको नियमावलीबमोजिम सरकारी बाँकीसरह असुल गर्न सकिन्छ भन्ने प्रतिवादीको भनाइले यी प्रतिवादीले विद्यालयको नाममा प्राप्त विभिन्न आ.व. हरूमा विभिन्न शीर्षकहरूमा निकासा अनुदान रकममध्ये आ.व.०६६/०६७ मा शौचालय र कक्षा कोठा निर्माणबापत रू.१,५०,०००।–, आ.व.०६७।०६८ मा शौचालय निर्माणमा रू.२,००,०००।– समेत जम्मा रू.३,५०,०००।– को कार्य सम्पन्न भएको देखिँदैन । सोको सम्पन्न परीक्षण प्रतिवेदन पेस गर्न सकेको पनि पाइएन। निकासा भएको रकमसमेत बाँकी रहेको नदेखिएको अवस्थामा शौचालय निर्माणसम्बन्धी उल्लिखित निकासा रकमबमोजिमको कार्य सम्पन्न नगरी रकम हिनामिना गरेको भन्ने देखिन आयो । रकम निकासा भएको तथ्यमा विवाद नभएपछि सो निकासाबमोजिमको रकम काहाँ खर्च भयो वा बाँकी छ भने कहाँ छ, प्रतिवादीले सोको प्रमाणसहित पुष्टि गरेको पाइएन। निकासा भएको रकम खर्च भएको पनि नदेखिएको र बाँकी पनि नदेखिएको अवस्थामा निजले आरोपबमोजिम निकासा भएको रकम हिनामिना गरेकै रहेछ भनी मान्नु पर्ने देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ को ३(१)(घ) बमोजिम सजाय र जरिवाना गरेको विशेष अदालतको फैसला न्याय र कानूनङ्गत नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ विवेचित तथ्य एवम् प्रमाणहरूबाट यी प्रतिवादी नागेश्वर मण्डलले आ.व.०६६।०६७ मा निकासा भएको शौचालय र कक्षा कोठा निर्माणबापतको रकम रू.१,५०,०००।– को निर्माण कार्य र आ.व.०६७।०६८ मा शौचालय निर्माणबापत निकासा भएको रकम रू.२,००,०००।– समेत जम्मा रू.३,५०,०००।– (तीन लाख पचास हजार) को निर्माण कार्य नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि भएकाले निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (घ) बमोजिम ६ महिना कैद र बिगोबमोजिम रू.३,५०,०००।– (तीन लाख पचास हजार) जरिवाना हुने र सोही कायम भएको बिगो रू.३,५०,०००।– (तीन लाख पचास हजार) निजबाट विद्यालयले भराइ पाउने ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंको मिति २०७१।८।१९ को फैसला मनासिब भई मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७४ साल माघ १० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-WO-०४६५, परमादेश, प्रतिषेध, उत्प्रेषण, *बालजी पाण्डेयसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

लामो समयदेखि विदेशी शिक्षकहरूले नेपालको शिक्षामा खेलेको उल्लेखनीय भूमिकालाई कदर गर्दै संवत् २०४७ साल वैशाख १ गतेभन्दा अघि शिक्षक पदमा नियुक्ति पाई यो नियम प्रारम्भ हुँदाका बखतसम्म निरन्तर रूपमा काम गरिरहेको गैर नेपाली नागरिकलाई अध्यापन अनुमतिपत्रको लागि लिने पहिलो परीक्षामा उम्मेदवार हुन सक्ने भनी शिक्षक सेवा आयोग नियमावली, २०५७ को तेस्रो संशोधन, २०६० द्वारा व्यवस्था गरेको पाइन्छ । त्यसैगरी

गैरनेपाली नागरिकका लागि विशेष रूपले उपलब्ध गराइएको अवसरमा पनि विविध कारणले अध्यापन अनुमतिपत्र प्राप्त गर्न नसक्नेहरूका लागि पुन: विशेष व्यवस्था गरी शिक्षक सेवा आयोग नियमावलीको नवौं संशोधन, २०७१ ले नियमावलीको उपनियम ६ घ(२)(क) मा पुन: संशोधन गरी संवत् २०५७ साल कार्तिक चौबीस गतेभन्दा अघि शिक्षक पदमा नियुक्ति पाई यो खण्ड प्रारम्भ हुनुअघि कम्तीमा चौध वर्ष अध्यापन गरेका गैरनेपाली नागरिकहरूलाई अन्तिम पटक शिक्षक सेवा आयोगले सञ्चालन गर्ने अध्यापन अनुमति पत्रको परीक्षामा उम्मेदवार हुने अवसर प्रदान गरेको पाइने।

निवेदकहरू नेपालको नवलपरासी जिल्लाअन्तर्गत विभिन्न विद्यालयहरूमा २०४२ सालदेखि विभिन्न विषयको करार शिक्षक पदमा गैरनेपाली नागरिकको हैसियतले नेपालको शिक्षा क्षेत्रमा योगदान पुर्‍याएको निवेदकहरूको रिट निवेदन, निजहरूले पेस गरेका नियुक्तिपत्रलगायतको कागजातबाट देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाबमोजिम रिट निवेदकहरूले शिक्षक सेवा आयोग नियमावलीबमोजिम सञ्चालन गर्ने अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्ने नै देखियो। विविध कारणले अध्यापन अनुमति प्राप्त नगरेका त्यस्ता गैरनेपाली नागरिकहरूका लागि अध्यापन अनुमतिपत्रका लागि पटकपटक राज्यबाट अवसर दिँदासमेत रिट निवेदकहरूले त्यस्तो अवसरको बेवास्ता गरी उक्त प्रक्रियामा सहभागी भएको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिने।

निवेदकहरू विभिन्न विद्यालयमा नियुक्त भई सेवारत रहेको भन्ने निवेदन जिकिर भएपनि निवेदकहरू कार्यरत रहेका विद्यालयहरूले निजहरूलाई शिक्षक पदमा नियुक्ति गर्दा शिक्षा नियमावली, २०२८ को नियम १४ख(न) बमोजिम नेपाल सरकारको पूर्व स्वीकृति लिएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। शिक्षा नियमावली, २०५९ मा विदेशी शिक्षक नियुक्त गर्न सकिने र त्यसरी नियुक्त भएका विदेशी शिक्षकहरूलाई निरन्तरता दिने कानूनी व्यवस्था रहेको पनि पाइँदैन । रिट निवेदकहरू विभिन्न विद्यालयमा विभिन्न मितिमा करारमा नियुक्ति भएको कुरामा विवाद देखिँदैन। करारमा नियुक्त भएका गैरनेपाली नागरिक यी रिट निवेदकहरूको तत् तत् विद्यालयबाट म्याद थप गरिएको पत्रसमेत मिसिल संलग्न कागजातबाट नदेखिने।

८ डिसेम्बर १९९८ मा परराष्ट्र मन्त्रालयले भारतीय दूतावासलाई लेखेको पत्र शिक्षा मन्त्रालयको च.नं.२२ मिति २०५५।४।८ को पत्रमा उल्लेख भई आएअनुसार नेपालमा अध्यापन कार्यमा रहेका भारतीय शिक्षकहरूको सम्बन्धमा निजहरूलाई भारतीय नागरिक भएकै कारण शिक्षा पेसाबाट नहटाउने र त्यस्ता शिक्षकले स्वेच्छिक रूपमा वा अन्य कुनै कारणबाट अवकाश पाएमा नोकरी अवधिको आधारमा मन्त्रालयले निर्धारण गरेको एकमुष्ट रकम सुविधाको रूपमा प्रदान गर्ने भन्ने देखिन्छ। जुलाई २४, २००३ को पत्र पनि अनुदान प्राप्त सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा ०४६।४७ सम्म एक शैक्षिक सत्र पूरा गरी अस्थायी रूपमा सेवा गरी सेवाबाट अवकाश भएका र हुने गैरनेपाली नागरिक शिक्षकहरूलाई एकमुष्ट रकम प्रदान गर्ने भन्नेबारे मिति २०५९।२।२० मा मन्त्रिपरिषद्बाट भएको निर्णय भारतीय राजदूतावासलाई जानकारी गराइएको हो। त्यसैगरी ३१ जुन १९५० को नेपाल भारतबिच सम्पन्न शान्ति र मैत्री सन्धिको दफा ६ र ७ को व्यवस्थाले सरकारी सेवामा नियुक्ति, अवकाश र सेवा सुविधासम्बन्धी व्यवस्था सम्बन्धित देशको कानूनले निर्धारण गरेबमोजिम हुने भन्ने व्यवस्था रहेको पाइन्छ। जुन १०, १९९० को नेपाल भारतका प्रधानमन्त्रीहरूद्वारा जारी संयुक्त विज्ञप्तिको अनुसूची-२ को बुँदा नं.५ र ६ को व्यवस्थाले भारतीय नागरिकलाई नेपालको सरकारी शिक्षा सेवामा स्वत: नियुक्ति दिने

भन्ने व्यवस्था गरेको नभई जे जस्तो अवस्थामा रहेका भारतीय शिक्षकले सोही अवस्थामा रहेको नेपाली शिक्षकसरह सुविधा पाउने भन्ने व्यवस्था रहेको कुरा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको लिखित जवाफबाट देखिने।

रिट निवेदकहरू उल्लिखित पत्र, शान्ति र मैत्री तथा नेपाल भारतका प्रधानमन्त्रीहरूद्वारा जारी संयुक्त विज्ञप्तिबमोजिम पाउने सेवा सुविधा पाउने अवस्थाको शिक्षक भए त्यस्तो सेवा सुविधा नपाउने भन्ने अवस्था रहँदैन।

प्रचलित कानूनअनुसार स्थायी अध्यापन अनुमतिपत्र लिएका शिक्षकको हकमा साठी वर्षको उमेरसम्म सेवामा रहिरहने प्रावधान आकर्षित हुने देखिन्छ । करारमा शिक्षक पदमा नियुक्ति पाएका शिक्षकले उसको उमेर हद साठी वर्षले कुनै छेकबार लगाएको देखिँदैन। नियुक्ति दिने सम्बन्धित निकायले उसको शारीरिक, मानसिक अवस्थाले भ्याएसम्म करार शिक्षक पदमा जागिर खान सक्ने देखिने।

निवेदकहरू गैरनेपाली नागरिक (भारतीय) हुन् । नवलपरासी जिल्लाको विभिन्न विद्यालयमा विभिन्न विषयका शिक्षक पदमा करारमा नियुक्ति गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिएको देखिँदैन । प्रचलित शिक्षा ऐन, नियमावलीबमोजिम अध्यापन अनुमतिपत्रसमेत लिएको पनि देखिँदैन । रिट निवेदकहरू करार सेवामा नियुक्त भई हालसम्म लगातार शिक्षण पेशामा रहेको भन्ने जिकिर लिँदैमा स्थायी शिक्षकसरह ६० वर्षको उमेरसम्म सेवामा कार्यरत रहन पाउनु पर्छ भन्ने निवेदन जिकिर मनासिब नदेखिने।

शिक्षा विभागको विद्यालय शिक्षक व्यवस्थापन शाखा, सानो ठिमी, भक्तपुरको च.नं. २०७ मिति २०७२।०३।२९ को प्राप्त निर्देशनबमोजिम अध्यापन अनुमतिपत्र नभएका र अस्थायी अध्यापन अनुमतिपत्र लिई त्यसको म्याद समाप्त भएका सामुदायिक विद्यालयमा कार्यरत सबै तहका शिक्षकहरूलाई २०७२ साल असार मसान्तसम्मको तलब भत्ता भुक्तानी गरी मिति २०७२।०४।०१ देखि लागू गरी यी रिट निवेदकहरूसमेतलाई विद्यालय शिक्षण कार्यबाट हटाउने गरी अवकाश पत्र पठाउने भनी जिल्ला शिक्षा कार्यालय, नवलपरासीबाट मिति २०७२।०४।१० मा निर्णय गरी सोही मिति २०७२।०४।१० मा नै सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ। जिल्ला शिक्षा कार्यालयबाट च.नं. ८१५ मिति २०७२।८।२ को पत्र तथा च.नं. ६४० मिति २०७२।६।१० को पत्रअनुसार रिट निवेदकहरू कार्यरत विद्यालय तथा रिट निवेदकहरूलाई समेत जानकारी गराइएको पाइन्छ । निवेदकहरूले सोबमोजिम जानकारी प्राप्त गरी जिल्ला शिक्षा कार्यालयमा अध्यापन अनुमति पत्र नभएका नामावलीबाट भारतीय शिक्षकहरूको नाम हटाउने सम्बन्धमा मिति २०७२।४।१७ मा निवेदन दिएकोसमेत देखिएबाट रिट निवेदकहरूले सो सम्बन्धमा जानकारी प्राप्त गरेनन् भन्ने अवस्था देखिएन । आदर्श उ.मा.वि. सेमरी जमुनिया नवलपरासी, जन जागृति उ.मा.वि. गुठी परसौनीसमेत विद्यालयहरूको शिक्षक तथा कर्मचारीको तलब भत्ता भरपाइ फारामबाट २०७२ साल असार मसान्तसम्मको तलब भत्ता प्राप्त गरिसकेको देखिन्छ। शिक्षा कार्यालय, नवलपरासीको मिति २०७२।४।१० गतेको निर्णयबमोजिम अध्यापन अनुमतिपत्र नभएको तथा अध्यापन अनुमतिपत्रको म्याद समाप्त भएका शिक्षकहरूलाई हटाई उक्त स्थानमा शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका सफल उम्मेदवारहरूलाई मिति २०७२।९।१४ देखि स्थायी नियुक्ति दिई कामकाजमा लगाइसकेको भन्ने जिल्ला शिक्षा कार्यालय, नवलपरासीको लिखित जवाफसमेतबाट देखिएको छ। शिक्षकको रूपमा रही पेसा गर्ने गैरनेपाली नागरिकको रोजगारीको हक निरपेक्ष नभएको र कानूनबमोजिम अध्यापन अनुमतिपत्र

लिएको अवस्थामा मात्र पूर्ण हुने हो। यी निवेदकहरूले निवेदनमा आफ्नो मौलिक हक विपक्षीहरूको काम कारबाहीबाट हनन् भएको भनी उल्लेख गरे तापनि कानूनले तोकेको योग्यता प्राप्त गरेको छु भनी देखाउन नसकेको अवस्थामा निवेदकहरूको हक अधिकारमा आघात परेको हो भनी मान्न मिल्ने अवस्था नदेखिने।

अत: विवेचित आधार प्रमाणबाट रिट निवेदकहरूले शिक्षक पदमा नियुक्त हुनुपूर्व नेपाल सरकारको पूर्वस्वीकृति लिएको नदेखिएको, अस्थायी करार सेवामा नियुक्ति भएको, स्थायी नियुक्ति नभएको, शिक्षा ऐन, २०२८ को दफा ११ड को कानूनी व्यवस्थाअनुसार स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गर्न सकेको पाइएन। कानूनले तोकेको योग्यता नै नलिई कार्यविधि नै नपुर्‍याई गैरनेपाली नागरिक अस्थायी शिक्षकलाई निरन्तर लामो समयसम्म शिक्षक पदमा कायम राखी राख्न कानूनी व्यवस्थाले मिल्ने नदेखिँदा निवेदन मागबमोजिम परमादेशसमेतको आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ / डल्लुराम चौधरी
कम्प्युटर: विजय खड्का
इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-RB-०१९१, कम्पनीको सम्पत्ति हानि नोक्सानी गरी खाई मासेको, *नजमुलहोदा अन्सारी वि. कमरूलहोदा अन्सारिसमेत*

निवेदक र विपक्षीहरूबिच दाबीको कम्पनीको सम्बन्धमा लामो समयसम्म विवाद रहेको पाइन्छ । निवेदक नजमुलहोदा अन्सारीसमेतका ५ जना सेयरधनीले रू.७०,००,०००।- मा आफ्नो सेयर विपक्षीमध्येका जाकिर हुसेनसमेतलाई बिक्री गरी कम्पनीको सेयर हक छाडेको देखिन्छ । विपक्षी समसुद्दिन अन्सारी र जाकिर हुसेनले सो कम्पनीको सम्पूर्ण सेयरको मूल्याङ्कन रू.१,४०,००,०००।- मा खरिद गरी लिएको देखिन्छ। उक्त विशेष साधारण सभाको निर्णयउपर कुनै विवाद भई मुद्दा चलेको तथ्य मिसिल संलग्न कागजातबाट देखिन आएको पाइँदैन। सो निर्णयबाट निवेदकले दाबीको कम्पनीको आफ्नो सेयर बिक्री गरी हक छाडिसकेको देखिन आउने।

मिति २०६२।०२।०३ मा भएको मिलापत्रउपर काठमाडौं जिल्ला अदालतमा सो मिलापत्र बदरको दाबी लिई परेको मुद्दामा दाबी नपुग्ने गरी भएको सुरू फैसला पुनरावेदन अदालतबाट समेत सदर भई अन्तिम रूपमा रहेको भन्ने प्रमाणको रूपमा पेस भएको ०६९-DP-०५११ को मिलापत्र बदर मुद्दाको मिति २०७१।१२।३० को फैसलाको प्रतिलिपिबाट देखिँदा मिलापत्रबाट सिर्जित हकलाई अन्यथा भन्नुपर्ने देखिँदैन। मुद्दाका पक्षहरूबिच भएको मिलापत्र अन्यथा नभई कायम रहेको भन्नेसमेत देखिँदा माथि उल्लिखित आधार, कारण र प्रमाणसमेतले उच्च अदालत पाटन, हेटौंडा इजलासबाट वादीदाबी पुग्न नसक्ने ठहर्‍याई भएको इन्साफ मनासिब देखिने।

अतः मिति २०५५।१०।१७ मा कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वरका रजिस्ट्रारको अध्यक्षतामा सम्पन्न भएको विशेष साधारण सभाको निर्णयबाट निवेदक नजमुलहोदा अन्सारीले आफ्नो हक छाडिसकेको देखिन आएकाले निवेदन खारेज हुने ठहर गरी मिति २०७३।१०।०५ मा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर सम्र्यू लिम्बू
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-RB-०१९२, कम्पनीको हानि नोक्सानीसमेत, *नजमुलहोदा अन्सारी वि. जाकिरहुसेन अन्सारी*
- ०७३-RB-०१९३, कम्पनीको सम्पत्ति खाई

मासेकोसमेत, *नजमुलहोदा अन्सारी वि. जाकिर हुसेन अन्सारी*

- ०७३-RB-०१९४, कम्पनीको लेखा स्रेस्ता लुकाई दबाई नोक्सान गरेकोसमेत, *नजमुलहोदा अन्सारी वि. बदरूलहोदा अन्सारी*
- ०७३-RB-०१९५, कम्पनीको हिसाब किताब आर्थिक विवरण उपलब्ध गराई पाऊँ, *नजमुलहोदा अन्सारी वि. बदरूलहोदा अन्सारी*

## एकल इजलास

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७५-WO-०६०४, उत्प्रेषण / परमादेश, *दीपक सिंह वि. दिनेश सिंहसमेत*

निवेदक दिपक सिंह र विपक्षी दिनेश सिंहबिच चलेको अंश चलन मुद्दामा भएको फैसलाबमोजिम बन्डा छुट्टयाई पाउँ भनी दिनेश सिंहले रूपन्देही जिल्ला अदालतको तहसिल शाखामा दिएको दरखास्तबमोजिम कारबाही चलिरहेको अवस्थामा रिट निवेदक दीपक सिंहकी श्रीमती निरू सिंहले यी रिट निवेदकसमेतलाई विपक्षी बनाई काठमाडौं जिल्ला अदालतमा उक्त अंश चलन मुद्दामा भएको फैसला बदर मुद्दा दायर गरेको देखियो। सो फैसला बदर मुद्दा अन्तिम किनारा नलागेसम्म बन्डा छुट्याउने बिगो नं. ७५१ को निवेदन मुल्तबी राखी पाउँ भन्ने निवेदकको माग रहेको पाइयो । रिट निवेदक र विपक्षी दिनेश सिंहबिच चलेको अंश चलन मुद्दा अन्तिम भई बसेको देखिन्छ। यसरी अन्तिम भएको फैसला कार्यान्वयनको क्रममा उठाइएका कानूनी प्रश्न सम्बन्धमा तहतह अदालतबाट सुनुवाई भई नियमित प्रक्रियाबाट विवादको टुङ्गो लागि सकेको देखिने।

नियमित न्यायिक प्रक्रियाबाट निरूपण भइसकेको सामान्य न्यायिक प्रक्रियाको विषयमा सामान्यतया: रिट क्षेत्राधिकारको माध्यमबाट पुन: परीक्षण गर्नु मनासिब देखिँदैन। नियमित अदालतबाट कानूनबमोजिम क्षेत्राधिकार ग्रहण गरी तह-तह अदालतबाट आदेश भएको कुरालाई लिएर अब पुनः रिट क्षेत्राधिकारअन्तर्गत पुनरावेदन सुनेको जस्तो गरी हेर्नु मनासिब नहुने।

गम्भीर अन्यायको स्थिति नरहेको तथा कानूनप्रतिकूल कुनै काम कारबाही भएको नदेखिएको अवस्थामा नियमित न्यायिक प्रक्रियाबाट निरूपण भइसकेको कुरालाई रिट निवेदनको माध्यमबाट सुनुवाई गर्नु रिटसम्बन्धी विधिशास्त्रीय अवधारणा प्रतिकूल हुन जाने।

मूल अंशियारबिच चलेको अंश मुद्दा किनारा लागिसकेपछि दोस्रो, तेस्रो तहका अंशियारले दाबी गरेको भन्ने आधारमा फैसला कार्यान्वयन कार्य रोकियो भने फैसलाबमोजिम प्राप्त गरेको न्यायिक उपचारको उपभोग गर्ने कुरा दुरूह र दुष्कर बन्दै जान्छ। यस्ता कुरालाई प्रश्रय दिनु उचित हुँदैन । मुल्तबी राख्ने विषय न्यायिक प्रक्रियामा यदाकदा अपनाइने सामान्य प्रक्रियागत कुरा हो। अमुक मुद्दा वा न्यायिक प्रक्रियामा पूरा गर्नुपर्ने कार्य नगरी रोक्ने गरी मुद्दा मुल्तबी राख्ने कुरा विवादका पक्षको अधिकारको कुरा पनि होइन। मुद्दा मुल्तबीमा नराखिएको कारणबाट यी रिट निवेदक दीपक सिंहको कुनै किसिमको हक अधिकारमा आघात पर्ने अवस्था पनि देखिएन। तसर्थ विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको गरे बिराएको देखिने अवस्था (Prima Facie case) नदेखिने।

अत: सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम ४६(१) बमोजिम कारण देखाउ आदेश जारी हुनेसम्मको पूर्वावस्था विद्यमान रहेको नदेखिँदा विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गरी रहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

शाखा अधिकृत: धनबहादुर कार्की

इति संवत् २०७५ साल पुस २४ गते रोज ३ शुभम्।